# सत्य निरुपण तथा मेलमिलाप आयोग, नेपालले

# नेपाल सरकार समक्ष पेश गरेको

# अन्तरिम प्रतिबेदन

२४ माघ, २०७२

# आयोगका पदाधिकारी

| | |
|---|---|
| सूर्य किरण गुरुङ्ग | अध्यक्ष |
| लीला उदासी खनाल | सदस्य |
| श्रीकृष्ण सुवेदी | सदस्य |
| डा. माधवी भट्ट (पराजुली) | सदस्य |
| मञ्चला कुमारी झा | सदस्य |

सचिव

डा. नरेन्द्रमान श्रेष्ठ

# कार्यकारी सारांश

विस्तृत शान्ति सम्झौतामा उल्लेख भए बमोजिम सत्य निरुपण तथा मेलमिलाप आयोग मिति २०७१ साल माघ २७ गते गठन भई एक बर्षे कार्यकाल पुरा गर्ने अवस्थामा पुगेको छ । यस अन्तरिम प्रतिवेदनले आयोगबाट अहिले सम्म भए गरेका काम कारवाही बारे उल्लेख गर्नुका साथै नेपाल सरकारले शान्ति तथा पुनर्निर्माण मन्त्रालय मार्फत बितरण गर्दै आएको अन्तरिम राहतबारे समेत समिक्षा गरेको छ । विभिन्न जिल्लाको स्थलगत भ्रमण गरी समिक्षा गर्ने क्रममा राहत वितरणमा देखिएका कमी कमजोरी र त्यस्ता कमी कमजोरीलाई तत्कालै संवोधन गर्नु पर्ने र आयोगको लागि आवश्यक पर्ने कानून निर्माण एवं आयोगले भावी दिनमा प्रभावकारी ढंगले कार्य संपादन गर्ने महसुश गरी यो अन्तरिम प्रतिबेदन पेश गर्ने निर्णय गरेको हो । अन्तरिम प्रतिवेदनको बुदा नं १ ले पृष्ठभूमि, बुंदा नं २ ले संक्रमणकालीन न्यायको अपरिहार्यता, बुंदा न ३ ले अन्तर्राष्ट्रिय अभ्यास, बुंदा न ४ ले नेपालको सन्दर्भ, बुंदा न ५ ले आयोगको काम कर्तव्य र अधिकार, बुँदा न ६ ले आयोगबाट भएका मुख्य कार्यहरु, बुँदा न ७ ले आयोगका चुनौतिहरु, बुँदा न ८ ले भावी कार्य योजना, बुँदा न ९ ले आयोगको सिफारिश र बुँदा न १० ले आयोगको निष्कर्ष बारे चर्चा गरेको छ ।

# बिषय- सूची


पृष्ठ

१. पृष्ठभूमि ........................................................................................ १

२. संक्रमणकालीन न्यायको अपरिहार्यता ........................................................ १

३. अन्तर्राष्ट्रिय अभ्यास ........................................................................ २

४. नेपालको सन्दर्भ........................................................................ ४

५. आयोगको  काम कर्तब्य र अधिकार ............................................................ ४

६. आयोगले हाल सम्म गरेका मुख्य कार्यहरु ...................................................... ५

७. आयोगलाई हाल सम्म प्राप्त केहि महत्वपूर्ण सुझावहरु.............................................. ८

८. आयोगका चुनौतिहरु ........................................................................ ९

९. भावी कार्ययोजना........................................................................ १०

१०. नेपाल सरकार समक्ष आयोगको सिफारिश ..................................................... ११

निष्कर्ष ........................................................................ १४

अनुसूचीहरु:

१.सत्य निरुपण तथा मेलमिलाप आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि,२०७१ ........... १७

२.सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२ ..........................................२०

३.सत्य निरुपण तथा मेलमिलाप आयोगको संगठनात्मक ढाँचा ...............................................३१

४.संवाद, परामर्श तथा सञ्चार नीति .........................................................................५४

५.सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि ........................................................................ ८६

६.बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र संशोधन.......... १०३

७. आयोगले हाल सम्म भ्रमण गरेका जिल्लाहरु ........................................................ १०५

# १.पृष्ठभूमि

कुनै राजनीतिक व्यवस्था वा शासन पद्धति जनविद्रोह, सशस्त्र द्वन्द्व र जनआन्दोलन मार्फत परिवर्तन भई नयाँ व्यवस्था वा शासन पद्धति नबन्दासम्मको तरल अवस्था संक्रमणकाल हो । यस्तो अवस्थामा पुरानो शासन ब्यवस्थाको अन्त भईसकेको हुन्छ तर नयाँ शासन व्यवस्थाको जग बसिसकेको हुँदैन वा नयाँ संविधान, कानुन वा पद्धति शुरु भएको हुँदैन । यसरी हेर्दा नेपालमा २०५२ सालदेखि चलेको १० वर्षे सशस्त्र द्वन्द्व र २०६२/०६३ सालको जनआन्दोलन पछि राजतन्त्रको अन्त्य भई गणतन्त्र स्थापना भैसकेको छ । तर नयाँ संविधानले व्यवस्था गरे अनुरुपको राजनीतिक व्यवस्था संस्थागत नभएकाले संक्रमणकालको अन्त्य हुन सकेको छैन ।

राजनीतिक व्यवस्था परिवर्तनका लागि हुने अधिकांस द्वन्द्वमा द्वन्द्वरत पक्षबाट मानव अधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानून विपरितका कार्य हुने गरेका छन । भविष्यमा द्वन्द्व पुनरावृत्ती नहुने अवस्था सिर्जना गर्न, स्थिर शासन व्यवस्था र लोकतान्त्रिक सुनिश्चितता कायम गर्न, विगतमा भएको शक्तिको दुरुपयोग तथा संरचनागत हिंसा, मानवअधिकार र मानवीय कानुन हनन्का श्रृंखलाहरुको सामना वा प्रतिवाद गर्न संक्रमणकालीन न्याय पद्धति अबलम्बन गरिन्छ, जसको ध्येय (१) कानुनी राज्यको स्थापना (२) पीडकलाई कार्वाही (३) पीडितलाई न्याय, क्षतिपूर्ति, राहत तथा परिपूरण (४) बिगतका घटनाको सत्य तथ्य सहितको विवरण सुरक्षित गर्नु र (५) द्वन्द्वको पुनरावृत्ति हुन नदिनका लागि उपायहरु सुझाव गर्नु नै हो । नेपालमा चलेको सशस्त्र द्वन्द्वमा पनि राज्य र विद्रोही दुवै पक्षवाट मानव अधिकारको गम्भिर उल्लङ्घन र मानवीय कानून विपरितका कार्यहरु भएका छन । यस्ता कार्यको सम्बोधन गर्ने संयन्त्रका रुपमा उच्च स्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भैसकेको छ । यो आयोगले गर्ने सत्य अन्वेषण तथा कानूनी कारवाही लगायतका कार्यहरु नेपालको शान्ति प्रक्रियाको महत्वपूर्ण पक्ष बनेको छ ।

## २. संक्रमणकालीन न्यायको अपरिहार्यता

संक्रमणकालीन न्यायको अवधारणाको शुरुवात युद्धको समयमा भएका सबै घटनाहरुको नियमित अदालतहरुबाट संवोधन नगरी छुट्टै अदालत वा ट्राइबुनलबाट गर्ने प्रचलनको शुरुवात दोश्रो विश्व युद्धको समाप्ति पश्चात् विजयी राष्ट्रहरुले युद्धको समयमा गम्भीर मानव अधिकारका उलंघनका घटनाहरुको छानविन तथा पीडकलाई कारवाही गर्नका निमित्त न्युरेम्बर्ग ट्रायल तथा टोकियो ट्रायल गठन मार्फत कारवाही गरेको पाईन्छ । त्यसबेला पराजित राष्ट्रका पीडकहरुलाई मृत्युदण्ड देखि आजीवन कारावास सम्म तोक्ने कारवाही गरियो तर विजयी राष्ट्रका तर्फबाट गरिएका युद्ध अपराधका काम कारवाहीलाई

उन्मुक्ति दिने काम भयो । यसै प्रकार उक्त न्याय प्रणाली अपराध शास्त्रमा आधारित दण्ड दिने वा प्रतिषोधको भावनाले प्रेरित रहेको थियो । यसर्थ दण्डित गरिए पश्चात् यस्ता घटनाहरुमा कमि आउने विजयी राष्ट्रहरुको धारणा थियो । यद्यपी सोही अनुपातका विनासकारी युद्धका घटना नभएता पनि विश्वका विभिन्न भागमा युद्ध वा द्वन्द्व चली नै रहेका छन् । यस्ता घटनाहरुले विश्व समुदायहरुलाई संवेदनशील बनाएको छ र विश्वबाट युद्ध वा द्वन्द्वको न्यूनिकरण कसरी गर्ने र दिगो शान्तिको स्थापना गर्ने भन्ने प्रयास स्वरुप संक्रमणकालीन न्यायको अभ्यास प्रारम्भ गरिएको पाइन्छ ।

समाजमा दिगो शान्ति पुनर्स्थापना गर्नका लागि देहाय बमोजिमको व्यवस्था गर्न संक्रमणकालीन न्याय अपरिहार्य हुन्छ :

१. मानव अधिकारको गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लङ्घनका घटनाहरुको सत्य अन्वेषण गरी दण्डहिनताको संस्कृतिको अन्त्य गरी न्यायपूर्ण समाजको पुनर्स्थापना गर्न,

२. पीडितलाई परिपूरणको व्यवस्था गर्न,

३. पीडकलाई कारवाहीको सिफारिस गर्न,

४. सशस्त्र द्वन्द्वका अन्तरनिहित कारण (Root causes) पहिचान गरी त्यसको आधारमा कानूनी, नीतिगत, संस्थागत, न्यायिक, सुरक्षा र प्रशासनिक सुधार गरी लोकतान्त्रिक पद्धतिलाई सुदृढिकरण गर्न, र

६. विगतको जस्तो हिंसात्मक द्वन्द्व नदोहोरिने परिस्थितिको निर्माण गर्न ।

## ३. अन्तर्राष्ट्रिय अभ्यास

सत्य निरुपण, मेलमिलाप र संक्रमणकालीन न्यायसँग सम्वन्धित् आयोगहरुको अन्तर्राष्ट्रिय अभ्यासमा एकरुपता पाईदैन । युगान्डा देखि शुरु भएको यस्तो प्रकारको आयोगको अभ्यास भर्खरै नेपालमा बनेको आयोगसम्म आईपुग्दा आयोगको पृष्ठभूमि, प्रकृति, प्रवृत्ति, क्षेत्राधिकार, वनौट, आयोगका सिफारिस र कार्यान्वयनहरुमा एकरुपता पाईदैन । संक्रमणकालीन न्याय सम्बन्धी हालसम्म बनेका विभिन्न आयोगहरुको कार्यक्षेत्र र नाम समेतमा पनि एकरुपता पाईदैन । सबै भन्दा दुखद् पक्ष प्रायः सबै जसो आयोगहरु सफल नहुनु हो । संसारमा सबैभन्दा चर्चा पाएको दक्षिण अफ्रिकाको आयोगले १८ भागको विस्तृत प्रतिवेदन सार्वजनिक गरेतापनि आयोग समक्ष बयान दिने धेरै जसो दोषीहरुलाई आम माफी दिने सिफारिस गऱ्यो र धेरैले माफी समेत पाए । विश्वका केही मुलुकहरु जस्तो इष्ट टिमोर, हाइटी, कम्बोडिया जस्ता देशहरुमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था (संयुक्त राष्ट्र संघ समेत) का प्रतिनिधिहरु सम्मिलित आयोगहरु निर्माण भएको पाईन्छ । त्यस्ता मिश्रित रुपमा बनेका आयोगहरु समेत पूर्ण सफल भएको पाईदैन । यसै प्रकार आयोगका प्रतिवेदनहरुको कार्यान्वयन पक्ष समेत सुखद छैन । गठन भएका धेरै आयोगहरु मध्ये थोरै देशका आयोगहरु मात्र आशिंक सफल भएका छन । आयोगहरुको

सफलताका सर्वस्वीकृत मापदण्ड स्थापित भई नसकेको भएता पनि असफलताका निम्नलिखित कारणहरु देखिन्छन ।

- सरकारबाट आवश्यक सहयोग नहुनु ।
- द्वन्द्वमा संलग्न पक्षहरुको सहयोग र सदभाव नहुनु ।
- पीडितहरुको विश्वास र सहयोग नहुनु ।
- पीडकहरु द्वारा पदाधिकारी र कर्मचारीहरुलाई धम्की एवं भौतिक आक्रमण गरी काम गर्न नसक्ने वातावरण सिर्जना भई आयुक्तहरु पलायन हुनु ।
- आवश्यक नीति नियम र कानूनहरु निर्माणमा सहयोग नहुनु ।
- आयोगको प्रतिवेदन र सिफारिसहरु कार्यान्वयन नहुनु ।

नेपालसंग मिल्ने गरी शान्ति सम्झौता मार्फत निर्माण गरिएको आयोग सियरालियोनको हो । सन् १९९९ मा भएको शान्ति सम्झौता अनुसार सन् २००० मा संसदले कानून बनाई गठन भएको उक्त आयोगले दोषीलाई कारवाही गर्ने सहितको विस्तृत प्रतिवेदन बुझाए तापनि सरकार र विद्रोही बीच सन् १९९९ मा भएको सम्झौताले दोषीलाई माफी दिने व्यवस्था गरेको थियो । तर पुनः शान्ति सम्झौता भंग भएकाले दोषीलाई माफी नदिने गरी एकपक्षिय रुपमा अदालत गठन गरी कारवाही अगाडी बढाइएको छ ।

चिलीमा भने दोषीलाई कारवाहीको प्रयत्न गरेको पाईन्छ । तर त्यो पनि विवाद रहित भने हुन सकेन । तत्कालीन पिनोसे सरकारका सैनिक प्रमुखहरुलाई कारवाही नगर्न सेना संगठनबाट दवाव आयो । तर सरकार भने कारवाही गर्ने प्रकृयामा दृढ भयो । अर्को तर्फ जनरल पिनोसेको हकमा अन्तर्राष्ट्रिय फौजदारी अदातलले क्षेत्राधिकार ग्रहण गरी कारवाही चलिरहेको छ ।

विश्वका धेरैजसो आयोगहरु शक्तिशाली रुपमा गठन भएतापनि कार्य गर्न सक्षम भएनन् । खासगरी धेरै चर्चामा रहेका दक्षिण अफ्रिका, कम्बोडिया, पेरु, मोजाम्बिक, सियरालियोन, इष्ट टिमोर, चिली र नाइजेरियाका आयोगहरु केहि शक्तिशाली थिए । तर अन्य मुलुकका आयोगहरुको क्षेत्राधिकार हेर्दा त्यति शक्तिशाली बनाएको देखिदैन ।

विश्वका विभिन्न भागमा भएका द्वन्द्वको प्रकृति अध्ययन गर्ने हो भने ती द्वन्द्वहरु जातीय, धार्मिक, प्राकृतिक स्रोत र साधन कब्जाका खातिर वा छुट्टै भू-भागको माग राखी भएका हुन् भने नेपालको सशस्त्र द्वन्द्वको प्रकृति नितान्त फरक छ । यसर्थ, नेपालको सशस्त्र द्वन्द्वको पृष्ठभूमि, प्रकृति र परिवेश समेतका आधारमा नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगलाई विश्वका कुनै पनि यस्ता आयोगहरु सँग तुलना गर्न मिल्दैन । भिन्न परिवेश र पृष्ठभूमिमा गठन भएकाले यस आयोगले पनि भिन्न चरित्र स्थापना गरी नौलो पद्दती अनुसार कार्य गर्नु अपरिहार्य छ ।

## ४. नेपालको सन्दर्भ

सम्वत् २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गरी वास्तविक सत्य तथ्य जन समक्ष ल्याउन, समाजमा मेलमिलाप गराउन, पीडितलाई उचित परिपूरणको ब्यवस्था लगायत गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्नका लागि नेपालको अन्तरिम संविधान, २०६३ र बिस्तृत शान्ति संझौताको मर्म र भावनालाई आत्मसात गरी मिति २०७१।०१।२८ मा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको छ ।

उक्त ऐन बमोजिम सशस्त्र द्वन्दको क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन गरी वास्तविक तथ्य जन समक्ष ल्याउने तथा उक्त घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीका लागि सिफारिस गर्ने समेतको प्रयोजनका लागि उक्त ऐनको दफा ३ बमोजिम गठित सिफारिस समितिको सिफारिसमा नेपाल सरकारले मिति २०७१।१०।२७ मा स्वतन्त्र निष्पक्ष, जवाफदेही र उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरेको छ ।

## ५. आयोगको काम कर्तब्य र अधिकार

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगको काम, कर्तब्य र अधिकार देहाय बमोजिम रहेको छः

(क) मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,

(ख) पीडित तथा पीडकको यकीन गर्ने,

(ग) पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,

(घ) पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनु पर्ने परिपूरणको सम्बन्धमा सिफारिस गर्ने,

(ङ) मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारबाहीको लागि सिफारिस गर्ने

(च) पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने ।

मानव अधिकारको गंम्भीर उल्लङ्घन भित्र सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र ब्यक्ति वा जनसमुदाय बिरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको देहाय बमोजिमको कार्य पर्दछः

(१) हत्या,

(२) अपहरण तथा शरीर बन्धक,

(३) बेपत्ता पार्ने कार्य,

(४) अङ्गभङ्ग वा अपाङ्ग बनाउने,

(५) शारीरिक वा मानसिक यातना,

(६) बलात्कार तथा यौनजन्य हिंसा,

(७) व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी,

(८) घरजग्गाबाट जबरजस्ती निकाला वा अन्य कुनै किसिमबाट विस्थापन, वा

(९) अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानून विपरीत गरिएका जुनसुकै किसिमका अमानवीय कार्य वा मानवता विरुद्धको अन्य अपराध ।

## ६. आयोगले हाल सम्म गरेका मुख्य कार्यहरु

आयोगले ऐनले दिएको जिम्मेवारी प्रभावकारी ढङ्गले सम्पन्न गर्न र शान्ति प्रकृयालाई  सफल निष्कर्षमा पुऱ्याउने कार्यलाई केन्द्रविन्दुमा राखी आफ्नो कार्य देहाय बमोजिम प्रारम्भ गऱ्यो:

(१) आयोगको बैठक सम्बन्धी काम कारवाहीलाई ब्यवस्थित गर्नका लागि आयोगका सदस्य श्री लीला उदासी खनालको संयोजकत्वमा आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि मस्यौदा उपसमिति गठन गरेको र सो उपसमितिले मस्यौदा गरी पेश गरेको आयोगको “बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७१” आयोगबाट स्वीकृत भई लागू भै सकेको छ । बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७१ को पूर्ण पाठ अनुसूचि- १ मा संलग्न छ ।

(२) आयोगको काम कारवाही स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढंगबाट सम्पादन गरी आयोगको जवाफदेहितालाई सुनिश्चित गर्नका लागि आयोग, आयोगका पदाधिकारी, विशेषज्ञ र कर्मचारीहरुले पालना गर्नु पर्ने आचरणलाई ब्यवस्थित गर्नका लागि आयोगका सदस्य श्री श्रीकृष्ण सुवेदीको संयोजकत्वमा आचार संहिता मस्यौदा उपसमिति गठन भई उपसमितिले मस्यौदा गरी पेश गरेको “सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२” आयोगबाट स्वीकृत भई लागू भै सकेको छ । सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२ को पूर्ण पाठ अनुसूचि - २ मा संलग्न छ ।

(३) आयोगले आफ्नो कार्य प्रारम्भ गर्नको लागि आयोगको नियमावलीको आवश्यकता महशुस गऱ्यो । आयोगका सदस्य श्री लीला उदासी खनालको संयोजकत्वमा आयोगको नियमावली मस्यौदा उपसमिति गठन गरेको र उक्त मस्यौदा उपर सरोकारवालाहरुको  राय, सुझाव र प्रतिक्रिया लिई आयोगले पारित गरी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पठाई सकेको छ ।

(४) आयोगको काम, कर्तब्य र अधिकार अनुसारको संरचना तयार पार्नका लागि आयोगका सदस्य श्री श्रीकृष्ण सुवेदीको संयोजकत्वमा संरचना निर्माण कार्यटोली गठन भई कार्यटोलीले मस्यौदा गरी पेश गरेको "सत्य निरुपण तथा मेलमिलाप आयोगको संरचना बमोजिम संगठन र ब्यवस्थापन सर्वेक्षण ( O&M) प्रतिबेदन" तयार भई नेपाल सरकारबाट स्वीकृत भैसकेको छ । आयोगले तयार पारेको संगठन तथा ब्यवस्थापनको ढाँचा अनुसूचि -३ मा संलग्न छ ।

(५) आयोगको काम, कर्तब्य र अधिकारका विषयमा सरोकारवालाहरु बीच प्रचार, प्रसार जनजागरण गर्नका लागि प्रचारात्मक कार्यक्रम तय गर्न तथा विभिन्न पर्चा, पम्प्लेट, पोष्टर, रेडियो तथा टेलिभिजन संवाद, अडियो, भिडियो सामाग्रीहरुको उत्पादन गर्ने लगायतका कार्यक्रम तय गर्नका लागि आयोगका सदस्य डा. माधवी भट्टको संयोजकत्वमा गठित संबाद, परामर्श तथा संचार उप समितिले तयार गरको "आयोगको संबाद, परामर्श तथा संचार नीति, २०७२" आयोगबाट स्वीकृत भै सकेको छ । आयोगको संबाद, परामर्श तथा संचार नीति, २०७२ को पूर्ण पाठ अनुसूचि- ४ मा संलग्न छ ।

(६) सत्य निरुपण तथा मेलमिलाप आयोगको काम कारवाहीलाई पीडित, बालवालिका, बृद्ध, अपाङ्ग र महिला मैत्री बनाउनका लागि संरचना तयार गरी प्रतिबेदन पेश गर्न आयोगका सदस्य श्री मञ्चला कुमारी झाको संयोजकत्वमा गठित उपसमितिले पेश गरको "पीडित, बालवालिका, बृद्ध, अपाङ्ग र महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि २०७२" आयोगबाट स्वीकृत भै सकेको छ । पीडित, बालवालिका, बृद्ध, अपाङ्ग र महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि, २०७२ को पूर्ण पाठ अनुसूचि -५ मा संलग्न छ ।

(७) सत्य निरुपण तथा मेलमिलाप आयोगको काम कारवाहीलाई सरल र सहज रुपमा संचालन गर्न आयोगमा पेश गर्ने निवेदन लगायतका बिभिन्न कागजातहरुको ढाँचा तयार गरी पेश गर्न आयोगका सचिव डा. नरेन्द्रमान श्रेष्ठको संयोजकत्वमा गठित उप समितिले त्यस्ता कागजातहरुको ढाँचाका मस्यौदा तयार गरी आयोग समक्ष पेश गरकोमा आयोगबाट स्वीकृत भैसकेको छ ।

(८) आयोगको प्रचार प्रसार सामाग्री उत्पादनका लागि आयोगका सदस्य डा. माधवी भट्टको संयोजकत्वमा उप-समिति गठन भई तयार गरेको प्रचार प्रसार सामाग्री आयोगबाट स्वीकृत भैसकेको छ। प्रचार सामाग्रीहरु अनुसूचि -६ मा संलग्न छ ।

(९) आयोगका पदाधिकारीहरुले तत्कालिन सम्माननीय राष्ट्रपति डा.रामबरण यादव, हालका सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारी, तत्कालिन सम्माननीय उपराष्ट्रपति श्री परमानन्द झा, हालका सम्माननीय उपराष्ट्रपति श्री नन्द बहादुर पुन, तत्कालिन सम्माननीय प्रधानमन्त्री श्री सुशिल कोइराला, तत्कालिन सम्माननीय प्रधानन्यायाधिश श्री रामकुमार प्रसाद साह तथा तत्कालिन संविधानसभाका सम्माननीय अध्यक्ष श्री सुभाषचन्द्र नेम्वाङ्ग, हाल व्यवस्थापिका संसदका सम्माननीय सभामुख श्रीमती ओनसरी घर्तीमगर, तत्कालिन माननिय उप-प्रधानमन्त्री तथा गृहमन्त्री श्री वामदेव

गौतम, तत्कालिन माननिय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री नरहरी आचार्य, हालका माननीय शान्ति तथा पुनर्निर्माण मन्त्री श्री एकराज ढकाल, तत्कालिन माननिय परराष्ट्र मन्त्री श्री महेन्द्र बहादुर पाण्डे, राष्ट्रिय मानव अधिकार आयोगका पदाधिकारीहरु, विभिन्न राजनीतिक दलका प्रमुखहरुसँग र सरकारका सुरक्षा अंगका प्रमुखहरुसँग शिष्टाचार भेटघाट गरीसकेको छ । त्यस्तो भेटघाटमा वहाँहरुबाट आयोगको हरेक काम कारवाहीमा पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त भएको छ ।

(१०) यस आयोगका पदाधिकारीहरुले व्यवस्थापिका-संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिको मिति २०७१।१२।१० गतेको बैठकमा यस आयोगले गरिरहेको काम कारवाही तथा भावी कार्य योजनाका सम्बन्धमा जानकारी गराएको र व्यवस्थापिका-संसदको सो समितिको तर्फबाट यस आयोगको हरेक काम कारवाहीमा सहयोग रहने प्रतिबद्धता व्यक्त भएको ।

(११) छानविन र अनुसन्धानको कार्य गर्नु अगाडि द्वन्द्व प्रभावित जिल्लाका सरोकारवालाहरुको सुझाव संकलन गरी प्राप्त सुझावहरु समेत समेटी आयोगका आगामी काम कारवाही प्रभावकारी ढङ्गले अगाडि बढाउने सिलसिलामा आयोगका पदाधिकारीहरुले देशका ५२ जिल्लाका जिल्ला सदरमुकामहरुमा सरकारी कार्यालयका प्रमुख, नागरिक समाज तथा पत्रकारहरु र द्वन्द्व पीडितहरुसँग छुट्टाछुट्टै अन्तर्क्रिया कार्यक्रम गरिसकेको छ । आयोगले अन्तर्क्रिया सम्पन्न गरिसकेको जिल्लाहरुको नाम अनुसूचि - ७ मा संलग्न छ । जिल्लाहरुबाट प्राप्त सुझावहरुको सारांश यस पछिका शीर्षकहरुमा समेटिएको छ । यसै क्रममा आयोगले वि.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा द्वन्द्व पीडितहरुका लागि सञ्चालित उपचार केन्द्रको स्थलगत अवलोकन गरी जानकारी लिने कार्य गरिसकेको छ ।

(१२) आयोगले www.trc.gov.np वेबसाइट र फोन नं ०१४२४६७०२ मा १६६००१०००२० नं को TOLL - Free ( पैसा नलाग्ने) नं सञ्चालनमा ल्याइसकेको छ । साथै आयोग सम्बन्धी संक्षिप्त जानकारी नामक पुस्तिका पनि (Note Book) प्रकाशन गरको छ ।

(१३) आयोगले आफ्नो कार्य सम्पादनको सन्दर्भमा आवश्यक सूचना तथा तथ्याङ्क संकलन गर्नका लागि नेपाल सरकार, नेपाल सरकारका सुरक्षा अङ्गहरु, तत्कालिन बिद्रोही पक्ष तथा व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुसँग पत्राचार गरीरहेको छ ।

(१४) आयोगले द्वन्द्व पीडित संघ संस्थाहरु, मानव अधिकार क्षेत्रमा कार्यरत संघ संस्थाहरु र अन्य सरोकारवालाहरुसँग आयोगबाट भए गरेका काम कारवाही तथा आयोगको भावी कार्य योजना र ती संघ संस्थाहरुसँग गर्न सकिने सहयोग र समन्वय बारे अन्तर्क्रिया तथा छलफल गरीरहेको छ ।

(१५) आयोगले राष्ट्रिय मानवअधिकार आयोग, बेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोग तथा महान्यायाधिवक्ताको कार्यालयसँग आगामी दिनमा गर्न सकिने सहयोग र समन्वय बारे समेत छलफल गरिरहेको छ ।

## ७. आयोगलाई हाल सम्म प्राप्त केहि महत्वपूर्ण सुझावहरु

(क) द्वन्द्व पीडितका ३ वटा सन्तानहरुको लागि १८ वर्षको उमेरसम्म मात्र छात्रवृत्ति प्राप्त हुँदै आएकोमा सो छात्रवृत्तिलाई ३ वटा सन्तानमा सिमित नगरी उमेरको हद पनि नतोकी उच्च शिक्षासम्म प्रदान गर्ने व्यवस्था गर्नु पर्ने ।

(ख) नीजि क्षेत्रबाट सञ्चालित शैक्षिक संस्थाहरुमा नेपाल सरकारलाई प्राप्त हुने सीट (Quota) हरुमा द्वन्द्व पीडित र तीनका सन्तानहरुलाई समेत समावेश गरीनु पर्ने ।

(ग) द्वन्द्व पीडितका सन्तानले प्राप्त गरिरहेको छात्रवृत्तिको रकम कुनै तहमा अनुत्तिर्ण भएमा रोक्का नहुने व्यवस्था हुनु पर्ने । साथै शैक्षिक सामाग्री तथा पोशाकको खर्च उपलब्ध गराउनु पर्ने ।

(घ) घाइते द्वन्द्व पीडितहरुको अवस्था निर्धारण गर्ने मापदण्ड न्यायोचित नभएको तथा मापदण्ड बमोजिम जिल्लाबाट प्राप्त प्रतिशत, केन्द्रबाट अप्राविधिक व्यक्तिबाट थपघट हुने गरेकोले वास्तविक घाइतेहरु उपचारबाट बञ्चित हुनु परेको । एक पटक निर्धारण भएको मापदण्डको प्रतिशत अध्यावधिक मूल्याङ्कनको प्रावधान नभएकोले घाइतेहरु थप पीडित भएका ।

(ङ) द्वन्द्वको क्रममा घाइते भएका व्यक्तिहरुले सीमावर्ती क्षेत्र (भारत) को अस्पतालहरुमा उपचार गराएको तर नेपाल सरकारले अवलम्वन गरेको नीति अनुरुप त्यस्ता पीडितहरुले उपचारको सोधभर्ना नपाउने गरेको

(च) जिल्लामा अवस्थित स्वास्थ्य कार्यालयहरुमा द्वन्द्व पीडितहरुको निमित्त छुटै रकम विनियोजिन हुने नगरेको साथै सम्बन्धित् कार्यालयका प्राविधीकहरुसँग मनोसामाजिक परामर्श सम्बन्धी ज्ञान र अनुभव नभएकाले पीडितहरुको पूर्ण उपचार हुन नसकेको ।

(छ) नेपाल सरकारको तर्फबाट द्वन्द्व पीडितहरुलाई दिने भनेको रु १० लाख राहत किस्ताबन्दीमा दिईदै आएकोमा बाँकी राहत रकम एकमुष्ट रुपमा उपलब्ध गराउनु पर्ने ।

(ज) मृतक परिवारका व्यक्तिले एउटा जिल्लाबाट राहत रकम प्राप्त गरिरहेकामा बसाई सराईका कारण अन्य जिल्लामा गएको अवस्थामा बसाई सरि गएको जिल्लाबाट प्राप्त गर्न सक्ने व्यवस्था गर्नु पर्ने ।

(झ) विधवा भत्ता वितरणमा विभेद भएको, यसै प्रकार पीडित विधवाले अर्को विवाह गरेको खण्डमा राहत रकम रोक्का हुने गरेको ।

(ञ) राहत वितरणको क्रममा कतिपय अवस्थामा वास्तविक पीडितहरु राहतबाट वञ्चित रहेको तर नक्कली पीडितहरुले राहत प्राप्त गरीरहेको । तसर्थ त्यस्ता नक्कली पीडितहरुको पहिचान गरी कारवाहीको माग गरीएको ।

(ट) सीप मूलक तालिमहरु प्रभावकारी र उपलब्धिमूलक हुन नसकेकोले व्यवहारिक बनाइनु पर्ने । साथै सीपमूलक कार्यक्रमहरु द्वन्द्व पीडितलाई लक्षित गरी सञ्चालन नगरिएको ।

(ठ) द्वन्द्व पीडित परिवारका लागि रोजगारीको व्यवस्था हुनु पर्ने ।

(ड) द्वन्द्व पीडितले गर्न चाहेको व्यापार व्यवसाय संचालनका लागि सहुलियत पूर्ण ऋण उपलब्ध हुनु पर्ने ।

(ढ) टुहुरा वालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणको व्यवस्था नभएको र उनीहरुले प्राप्त गर्नु पर्ने राहत पनि न्यायोचित ढङ्गले वितरण नभएको ।

(ण) शान्ति तथा पूनर्निर्माण मन्त्रालयबाट गठित पाचौं कार्यदलको प्रतिवेदन कार्यान्वयन नभएकोले पीडितहरु राहत प्राप्त गर्नबाट वञ्चित भएको ।

(त) द्वन्द्व पीडितहरुले प्राप्त गर्ने राहत तथा अन्य सुविधाहरु लिनका लागि एउटै प्रमाण तथा कागजात फरक-फरक निकायहरुमा पटक-पटक पेश गर्नु पर्ने हुँदा झन्झटीलो भएको । कार्यालयहरुबाट राहत वितरण गर्ने सिलसिलामा सम्मानजनक व्यवहार नभएको ।

(थ) द्वन्द्व कालमा तत्कालीन विद्रोहि पक्षबाट रजिष्ट्रेशन पास गरिएका र गराइएका अचल सम्पत्तिका पीडितहरुको पीडा विस्तृत शान्ति सम्झौता भए पश्चात् सम्बोधन नभएकोले समस्या उत्पन्न भएको ।

(द) सम्पत्ति कब्जा, नष्ट र विस्थापित पीडितहरु अधिकांशले कुनै पनि प्रकारको क्षति पूर्ति तथा राहत प्राप्त गर्न नसकेको ।

(ध) बलात्कार र यौन जन्य हिंसामा परेका पीडितहरुले हाल सम्म राहत प्राप्त नगरेको ।

(न) गैर न्यायिक हिरासत र यातना पीडितहरुले हाल सम्म कुनै राहत प्राप्त गर्न नसकेको ।

(प) जिल्लास्थित शान्ति समिति र शान्ति समितिका कर्मचारीहरुको पदावधी थप गरी शान्ति

समितिको पुनर्संरचना गरी आयोग मातहत राखिनु पर्ने ।

## ८. आयोगका चुनौतिहरु

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिमको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्न आयोगलाई निम्न बमोजिका चुनौतिहरु रहेका छन् :

(क) बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगलाई प्राप्त क्षेत्राधिकार अनुसार ऐन कानुन निर्माण नहुनु,

(ख) ऐनको कतिपय दफामा उल्लेख भएका शब्दहरुको परिभाषा नहुनु र संशोधन गरीनु पर्ने कतिपय प्रावधानहरु संशोधन नहुनु,

(ग) द्वन्द्वकालमा घटेका विभिन्न प्रकृतीका घटनाहरुको यकिन तथ्याङ्कको अभाव,

(घ) विस्तृत शान्ति सम्झौतामा उल्लेख भएको समयावधि भित्र आयोग गठन हुन नसक्नुले आयोग प्रति शंकाको वातावरण सिर्जना हुनु,

(ङ) विभिन्न सरकारी निकाय तथा सरोकारवाला पक्षहरुले आयोगको क्षेत्राधिकार गाम्भिर्यता र संवेदनशिलतालाई बुझ्न नसकेको,

(च) स्थानीय निकायको अभावमा आयोगलाई आफ्नो कार्य अगाडी बढाउन विश्वासिलो र तटस्थ संरचनाको अभाव रहेको,

(छ) आयोगलाई प्रभावकारी ढङ्गले आफ्नो कार्य सम्पन्न गर्नको निमित्त आवश्यक रकम विनियोजन नहुनु तथा स्वायत्त आयोगले आफ्नै नाममा खर्च गर्ने अख्तियारी प्राप्त नहुनु,

(ज) आयोगको काम कारवाहीलाई प्रभावकारी बनाउन ऐनले आयोगलाई दिएको अधिकार बमोजिम आयोगका निर्णयहरु अर्थ मन्त्रालय लगायत अन्य निकायबाट कार्यान्वयन नहुनु,

(झ) आयोगको कार्यावधि दुई बर्ष रहेकोमा हाल प्रचलनमा रहेको सार्वजनिक खरिद ऐनलाई नै आयोगले पनि अनुसरण गरी सार्वजनिक खरिद लगायतका कार्यहरु गर्नु पर्ने हुँदा यसबाट समयमै साधन सम्पन्न गर्न कठिनाई उत्पन्न भएको ।

## ९. भावी कार्ययोजना

१.सरोकारवालाहरु सँग अन्तर्क्रिया, राय सुझाव संकलनका लागि जिल्ला भ्रमणलाई निरन्तरता ।

२.तथ्याङ्क संकलन गर्नका लागि Soft ware लाई संचालनमा ल्याउने ।

३.आयोगका काम कारवाही बारे प्रचार प्रसार कार्यक्रमलाई निरन्तरता दिने ।

४.स्थानीय स्तरमा आयोगका काम कारवाहीहरुलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नका लागि आवश्यक संरचना निर्माण गर्ने ।

५.आयोगका गतिविधिहरु सञ्चालनका लागि आवश्यक पर्ने निर्देशिका र कार्यविधि निर्माण गर्ने ।

६.आयोगमा कार्यरत कर्मचारीहरुलाई आयोगको उद्देश्य अनुरुपको कार्य सम्पन्न गर्नको लागि आवश्यक तालिम तथा प्रशिक्षण संचालन गर्ने गराउने ।

७.पीडितहरुको सुविधाको लागि पीडितमैत्री संयन्त्र खडा गर्ने ।

८.क्षेत्रीय तथा केन्द्रिय स्तरमा सरोकारवालाहरुसँग अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्ने ।

९.पीडितहरुबाट उजूरी आह्वान गर्ने ।

१०.उजूरी उपर छानविनको आधारमा आयोगलाई ऐन द्धारा प्रदत्त अधिकार प्रयोग गरी सोही बमोजिम सिफारिस गर्ने ।

## १०. नेपाल सरकार समक्ष आयोगको सिफारिश

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ बमोजिम आयोगलाई प्राप्त क्षेत्राधिकार प्रभावकारी ढङ्गले सम्पन्न गर्न नेपाल सरकार समक्ष देहाय बमोजिमको सिफारिश गर्दछ ।

(क) वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ मा गर्नु पर्ने आवश्यक संशोधन र आवश्यक ऐन कानून निर्माणका लागि आयोगले निर्णय गरी नेपाल सरकार र व्यवस्थापकिा संसदको सामाजिक न्याय तथा मानव अधिकार समितिमा पठाई सकेकोले उक्त निर्णय तत्कालै कार्यान्वयन हुनु पर्ने, उक्त निर्णयको पूर्ण पाठ अनूसुची - ७ मा संलग्न छ ।

(ख) यस आयोगको काम कारवाहीलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि अन्य सरकारी निकायहरुलाइ आवश्यक सहयोग तथा समन्वय लागि नेपाल सरकारबाट आवश्यक निर्देशन दिइनु पर्ने ।

(ग) आयोगको स्वायत्तता कायम गर्न आयोगलाई खर्चको अख्तियारी दिने र आवश्यक पर्ने बजेट उपलव्ध गराउने सम्बन्धमा मन्त्रिपरिषद्‌बाट निर्णय गरिनु पर्ने ।

(घ) पूर्वाञ्चलको धरान स्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा शान्ति तथा पुनर्निर्माण मन्त्रालयको पहलमा पूर्वाञ्चलका १६ जिल्लाका द्वन्द्व पीडित घाइतेहरुको उपचारका लागि निर्माण भएको उपचार केन्द्रको यस आयोगबाट स्थलगत निरीक्षण र अवलोकन भएको । अवलोकनका क्रममा सो प्रतिष्ठानबाट नेपाल सरकारले अस्पताल सञ्चालनार्थ साथै नेपाल भरी घाइतेहरुलाई आउने जाने खर्च तथा कुरुवा खर्चको समेत ब्यवस्थाको लागि बार्षिक रुपमा रु. १५ करोड थप आर्थिक सहयोग गरेमा नेपाल भरीका द्वन्द्व पीडित घाइतेहरुलाई सहज र सरल रुपमा उपचार प्राप्त गर्न सकिने हुँदा नेपाल सरकारबाट थप बजेट ब्यवस्था गरी सो उपचार केन्द्रलाई मुलुक भरीका द्वन्द्व पीडित घाइतेहरुको उपचारको ब्यवस्था गर्नु पर्ने ।

(ङ) द्वन्द्व पीडितका ३ वटा सन्तानहरुको लागि १८ वर्षको उमेरसम्म मात्र छात्रवृत्ति प्राप्त हुँदै आएकोमा सो छात्रवृत्तिलाई ३ वटा सन्तानमा सिमित नगरी उमेरको हद पनि नतोकी

उच्च शिक्षा (स्नातकोत्तर) सम्म प्रदान गर्ने । द्वन्द्व पीडितका सन्तानले प्राप्त गरिरहेको छात्रवृत्तिको रकम कुनै तहमा अनुत्तिर्ण भएमा रोक्का नहुने व्यवस्था हुनु पर्ने । साथै शैक्षिक सामाग्री तथा पोशाकको खर्च उपलब्ध गराउनु पर्ने ।

(च) घाइते द्वन्द्व पीडितहरुको अवस्था निर्धारण गर्ने मापदण्ड न्यायोचित बनाइनु पर्ने र वास्तविक घाइतेहरुको एक पटक निर्धारण भएको मापदण्डको प्रतिशत अध्यावधिक मूल्याङ्कन गरि सोही अनुसारको राहत तथा उपचार गर्नु पर्ने ।

(छ) जिल्लामा अवस्थित स्वास्थ्य कार्यालयहरुमा कार्यरत प्राविधिकहरुलाइ मनोसामाजिक परामर्श सम्बन्धी तालिम, प्रशिक्षण तत्कालै प्रदान गर्नु पर्ने ।

(ज) नेपाल सरकारको तर्फबाट द्वन्द्व पीडितहरुलाई दिने भनेको रु १० लाख राहत किस्ताबन्दीमा दिईदै आएकोमा बाँकी राहत रकम एकमुष्ट रुपमा उपलब्ध गराउनु पर्ने । राहत रकम प्राप्त गरिरहेको पीडित बसाई सराईका कारण अन्य जिल्लामा गएको अवस्थामा बसाई सरि गएको जिल्लाबाट प्राप्त गर्न सक्ने व्यवस्था गर्नु पर्ने ।

(झ) राहत वितरणको क्रममा कतिपय अवस्थामा वास्तविक पीडितहरु राहतबाट वञ्चित रहेको तर नक्कली पीडितहरुले राहत प्राप्त गरीरहेको सन्दर्भमा नक्कली पीडितहरु तथा त्यस्ता नक्कली पीडितहरुलाई सिफारिश गर्ने व्यक्तिहरुलाई कारवाही गर्नु पर्ने ।

(ञ) सीप मूलक तालिमहरुलाई प्रभावकारी र उपलव्धिमूलक बनाइपर्ने सोको निमित्त प्रत्येक जिल्ला विकास समितिको पार्श्व चित्र अध्ययन गरी सो पार्श्व चित्रले पहिचान गरेको सम्भाव्य क्षेत्रहरुको अध्ययन गरी सीपमूलक तालिमहरु संचालन गरिनु पर्ने ।

(ट) टुहुरा बालबालिकाको शिक्षा, स्वास्थ्य, संरक्षणको व्यवस्था गरीनु पर्ने र राहत न्यायोचित ढङ्गले वितरण गर्ने ।

(ठ) शान्ति तथा पूनर्निर्माण मन्त्रालयबाट गठित पाचौं कार्यदलको प्रतिवेदन कार्यान्वयन गरिनु पर्ने ।

(ड) द्वन्द्व पीडितहरुले प्राप्त गर्ने राहत तथा अन्य सुविधाहरु लिनका लागि एकद्धार प्रणाली लागू गर्ने ।

(ढ) द्वन्द्व कालमा विद्रोहि पक्षबाट रजिष्ट्रेशन पास गरिएका र गराइएका अचल सम्पत्तिका पीडितहरुको समस्या समधान गर्न तत्काल उचित कदम चाल्नु पर्ने ।

(ण) सम्पत्ति कब्जा, नष्ट र विस्थापित वास्तविक पीडितहरुलाई राहत उपलव्ध गराउने ।

(त) गैर न्यायिक हिरासत र यातना पीडितहरुलाई राहत उपलव्ध गराउने ।

(थ) आयोगलाई आवश्यक पर्ने जनशक्ति र त्यस्तो जनशक्तिको मनोवल उच्च राख्न आयोगले सिफारिस गरे बमोजिमको सुविधा उपलब्ध गराउनु पर्ने ।

# निष्कर्ष

संक्रमणकालीन न्याय, युद्ध वा द्वन्द्व व्यवस्थापनका लागि बिश्व समुदायबाट थालनी गरीएको एक नयाँ अभ्यास हो । अर्थात  युद्ध वा द्वन्द्व बिहिन बिश्वको निर्माण गर्ने प्रयास स्वरुप नै यसको अभ्यास प्रारम्भ गरिएको हो । तर बिश्वका बिभिन्न भागमा घटेका युद्ध वा द्वन्द्वको प्रकृति अध्ययन गर्दा त्यस्ता घटनाहरुको प्रकृतिहरु एकआपसमा मेल खाने प्रकारका देखिदैनन् र द्वन्द्व ब्यवस्थापनका लागि गठित अधिकाशं आयोगहरु असफल भएको पाइन्छ । तसर्थ संक्रमणकालिन न्यायलाई ब्यवस्थापन गर्नका लागि सर्व स्विकार्य निश्चित मापदण्ड तय भई सकेको अवस्था छैन ।

नेपालको सन्दर्भमा विस्तृत शान्ति सम्झौता सम्पन्न भए पश्चात देशमा चलिरहेको द्वन्द्वको विधिवतरुपमा अन्त्य भई सोही सम्झौता अनुरुप सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएको हो । विस्तृत शान्ति सम्झौता बमोजिम सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भिर उलंघन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिबृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटना सँग सम्बन्धित गम्भिर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्नका लागि मिति २०७१ माघ २७ गते सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरियो ।

आयोगले नेपालको द्वन्द्वको प्रकृति अध्ययन गर्ने क्रममा विश्वका अन्य देशहरुमा घटेका द्वन्द्वका घटनाहरु भन्दा भिन्न र आफ्नै मौलिकता बोकेको देखियो । साथै आयोगले विस्तृत शान्ति सम्झौताको उपज भएकोले शान्ति प्रकृयालाई सफलतापूर्वक निश्चित टुङ्गोमा पुऱ्याउने, पीडितलाई वहाँहरुले चाहे बमोजिम क्षतिपूर्ति, राहत, परिुरण तथा उपचारको लागि सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष भएका  मानव अधिकार र मानविय कानूनहरुलाई कार्यान्वयन गराउने नीति अवलम्बन गरी आफ्नो कार्य प्रारम्भ गर्ने सोच निर्माण गर्यो ।

आयोग गठन हुनु पूर्व नेपाल सरकारले शान्ति तथा पुन निर्माण मन्त्रालय गठन गरी सो मन्त्रालयबाट गठित सर्वदलिय शान्ति समितिहरु मार्फत अन्तरिम राहत प्रदान गर्ने कार्यको थालनी गरिसकेको थियो । त्यसै कारण आयोगले आफूलाई आवश्यक पर्ने नीति तथा कार्यविधि निर्माण गरे पश्चात द्वन्द्व प्रभावित जिल्लाहरुको वस्तुस्थिति बुझ्न जिल्ला भ्रमण गर्ने निर्णय गर्यो । जिल्ला भ्रमणका क्रममा प्रत्येक जिल्लामा आयोगले प्रथम चरणमा राहत कार्यमा संलग्न जिल्लाका कार्यालयका प्रमुखहरु, दोश्रो चरणमा नागरिक समाज, पत्रकार, बुद्धिजिवी र मानव अधिकारकर्मीहरु तथा तेश्रो चरणमा द्वन्द्व पीडितहरु सँग अन्तरक्रिया गरी राय सुझाव संकलन गर्ने कार्य सम्पन्न गर्यो ।

नेपाल सरकारले पनि आयोगलाई प्राथमिकता राख्दै आ. ब. २०७२।०७३ को नीति तथा कार्यक्रममा आयोगलाई कार्य संपादन गर्न आवश्यक सबै सहयोग पुऱ्याईन्छ भनि छुट्टै संवोधन गऱ्यो । यसै प्रकार

बजेट वक्तब्यमा समेत शान्ति प्रकृया सँग जोडिएका आयोगहरुलाई रकम बिनीयोजन गरिएको कुरा उल्लेख गरियो । नेपालको संविधान जारी भई सरकार गठनपूर्व सरकारमा सामेल हुने दुई ठूला प्रमुख दलले गरेको १४ बुँदे सहमतिमा "संक्रमणकालीन न्यायसँग सम्बन्धित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानबिन आयोगका काम कार्यवाहीहरु विस्तृत शान्ति सम्झौताको मूल मर्म र भावना अनुसार सम्पन्न गर्न प्रतिबद्ध रहने र त्यस अनुसार वातावरण निर्माण गरी कार्यान्वयनमा लैजाने" उल्लेख भएकोले सरकार र दलहरु आयोग प्रति संवेदनशिल देखिए ।

आयोगबाट भएका गरेका क्रियाकलाप प्रति पीडित समुदाय, सरोकारवाला पक्षहरु तथा अन्तराष्ट्रिय समुदायले गम्भिर तथा सुक्ष्म ढंगले नियालीरहेका छन । तसर्थ, आयोग प्रति सरकार एवं सबै सरोकारवाला पक्षहरु जिम्मेवार तथा संवेदनशिल बन्न आयोगले अपेक्षा समेत राखेको छ । विस्तृत शान्ति सम्झौतामा उल्लेख भएको समयावधी भित्र आयोग गठन नहुनाले आयोग प्रति शंकाको वातावरण श्रृजना भएको आयोगले महशुस गरेको छ । केहि महिना अघि जेनेभामा नेपालको मानवअधिकार सम्बन्धी आवधिक प्रतिवेदन (UPR) बुझाउने सिलसिलामा अन्तर्राष्ट्रिय समुदायले नेपाल सरकारलाई आयोगको काम कारवाहीमा पूर्ण समर्थन गर्नु पर्ने र आयोगले अन्तराष्ट्रिय स्तरको प्रतिवेदन प्रस्तुत गर्नु पर्ने धारणा ब्यक्त गरेका थिए र छिमेकी राष्ट्र भारतले पहिलो पटक नेपालको मानव अधिकार को बिषयमा बोल्दै नेपाल सरकारले आयोगलाई पूर्ण सहयोग गरोस र द्वन्द्वकालीन घटनामा पीडक भनेर पहिचान भएका ब्यक्तिलाई कानूनी कारवाही गरोस भन्ने बिचार ब्यक्त गरेको थियो । बिश्व समुदायबाट ब्यक्त यस प्रकारका अभिब्यक्तिहरु प्रति आयोगको गम्भीर ध्यान आकर्षण भएको छ त्यो किन पनि भने मानव अधिकार भन्ने बिषय कुनै एक राष्ट्रको सिमा क्षेत्र भित्र सिमित नरही यसको क्षेत्राधिकार विश्वव्यापी (Universal Jurisdiction) भई सकेको छ । श्रीलंकामा यस्तै प्रकारको आयोग गठन हुने प्रकृयाको पृष्ठभूमिमा संयुक्त राष्ट्र संघ र अन्तराष्ट्रिय समूदायले व्यक्त गरेको धारणा प्रति सबै सरोकारवाला पक्षहरु गम्भिर तथा संवेदनशिल हुन जरुरी छ ।

नेपालको सन्दर्भमा गठित आयोगहरुमा नेपाली नागरिकहरु मात्र सम्मिलित भएको बिषयलाई लिएर अन्य कुनै पनि राष्ट्रले आपत्ति जनाएको अवस्था नरहेको र यस आयोगले नेपालको द्वन्द्व ब्यवस्थापन यहाको मौलिकता र वास्तविकतालाई मधयनजर गरी आफ्नो कार्य अघि बढाउने र सोही अनुरुप सिफारिस गर्ने कुरामा कुनै दुई मत छैन । तर, यस आयोगलाई सरोकारवाला पक्षहरुबाट आयोगले अपेक्षा गरे अनुरुप सहयोग प्राप्त नभएको खण्डमा आयोगले चाहे अनुसार सफलतापुर्वक आफ्नो कार्य संपादन गर्न नसक्ने अवस्था श्रजना हुने निश्चित छ । त्यस्तो परिस्थिति श्रृजना भएमा मुलुकमा गम्भीर संकट आउने संकेतहरु देखा पर्न थालिसकेका छन ।

उपरोक्त पृष्ठभूमिमा आयोग नेपाल सरकार र सम्बद्ध सरोकारवाला पक्षहरुलाई आयोगको काम कारवाही प्रति गम्भीर र संवेदनशिल हुन आग्रह गर्न चाहन्छ र आयोगले अन्तरिम प्रतिवेदन मार्फत सिफारिश गरेका बिषयहरुलाई तत्काल कार्यान्वयन गर्न अनुरोध गर्दछ । यसै प्रकार आयोग भावी दिनमा आफ्नो

क्रियाकलापहरुमा सम्बद्ध सबै सरोकारवाला पक्षहरुबाट पूर्ण सहयोगको अपेक्षा गर्दै पीडित समुदायको न्यायको हक प्रति सचेत, गम्भीर र संवेदनशिल एवं जवाफदेहि रहेको प्रतिबद्धता व्यक्त गर्दछ ।

धन्यवाद ।

## अनुसूचि -१

# सत्य निरुपण तथा मेलमिलाप आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७१

सत्य निरुपण तथा मेलमिलाप आयोगको वैठक सम्बन्धी काम कारबाहीलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ९ को उपदफा (८) ले दिएको अधिकार प्रयोग गरी आयोगले बैठक सञ्चालन सम्बन्धमा देहायको कार्यविधि बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "सत्य निरुपण तथा मेलमिलाप आयोगको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७१" रहेको छ ।

(२) यो कार्यविधि आयोगले स्वीकृत गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अध्यक्ष" भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले सत्य निरुपण तथा मेलमिलाप आयोग संझनु पर्छ ।

(ग) "सदस्य" भन्नाले आयोगको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँछ ।

(घ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनु पर्छ ।

(ङ) "बैठक" भन्नाले आयोगको बैठक सम्झनु पर्छ ।

३. **आयोगको बैठक :** आयोगको बैठक वस्ने मिति, समय र स्थानको जानकारीका साथै बैठकको कार्यसूची सचिवले सबै सदस्यहरुलाई यथासम्भव छिटो दिनु पर्नेछ ।

४. **बैठकको कार्यसूची निर्धारण :** (१) सचिवले अध्यक्षसँग परामर्श गरी आगामी बैठकको कार्यसूची निर्धारण गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैठकमा कुनै खास विषयमा छलफल गर्नु पर्ने अवस्था आई परेमा पूर्व निर्धारित कार्यसूची विना पनि बैठकमा छलफल गर्न सकिनेछ ।

तर त्यस्तो विषयको छलफल बैठकको पूर्वनिर्धारित कार्यसूचीमा छलफल समाप्त भए पश्चात मात्र गरिनेछ ।

५. **बैठकमा उपस्थिति :** (१) सदस्यहरु बैठकको निर्धारित समयमा नै उपस्थित हुनु पर्नेछ ।

(२) कुनै पनि सदस्य बैठकमा पूर्व जानकारी विना अनुपस्थित रहनु हुँदैंन । कुनै विशेष कारण परी बैठकमा अनुपस्थित हुनु पर्ने भएमा त्यस्तो सदस्यले बैठक वस्नु अघि अध्यक्ष वा बैठकको अध्यक्षता गर्ने आयोगको वरिष्ठ सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

(३) बैठकको निर्णय पुस्तिकामा नियुक्ति हुँदाको क्रम अनुसार सदस्यहरुको नाम उल्लेख गरिनेछ ।

६. **बैठक स्थगित हुने :** वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ९ को उपदफा (३) बमोजिम बैठकको गणपुरक संख्या नपुगेमा उपस्थित सदस्यहरुको अभिलेख राखी कारण सहित अध्यक्षले बैठक स्थगित गरी अर्को बैठक वस्ने मिति, समय र स्थान तोक्न सक्नेछ र सो को जानकारी सबै सदस्यहरुलाई दिईनेछ ।

७. **पूरा समय बैठकमा भाग लिनु पर्ने :** विशेष कारण परी अध्यक्ष वा बैठकको अध्यक्षता गर्ने आयोगको वरिष्ठ सदस्यलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपछि अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थित रहनु पर्नेछ ।

८. **आयोगको निर्णयको अभिलेख :** आयोगमा भएको छलफल, निर्णय तथा अन्य कामकारवाहीसंग सम्बन्धित अभिलेख सचिवले व्यवस्थित गरि राख्नेछ । त्यस्तो अभिलेख र सो अभिलेखमा रहेको सूचना आयोगको अनुमति विना कसैलाई दिइने छैन ।

९. **निर्णयमा सहभागी हुन नहुने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सदस्य आफ्नो सरोकार वा स्वार्थ समावेश भएको वा आफ्नो नजिकको नातेदारसँग सम्बन्धित वा कुनै मुद्दाको सन्दर्भमा कानून व्यवसायी र पक्ष वा विपक्षको रुपमा सम्बन्ध कायम भएको व्यक्तिसँग सम्बन्धित विषयमा आयोगको बैठकमा हुने छलफल र निर्णयमा सहभागी हुनु हुँदैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि "नजिकको नातेदार" भन्नाले मुलुकी ऐनको अदालती बन्दोवस्त महलको ३० नं. मा उल्लिखित नाता सम्बन्धको व्यक्ति सम्झनु पर्छ ।

(२) उपदफा (१) बमोजिमको अवस्था सिर्जना भएमा सदस्यले बैठक वस्नु पूर्व आयोगलाई जानकारी गराउनु पर्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि बैठकमा उपस्थित हुनुपूर्व उपदफा (१) मा उल्लिखित अवस्था कायम भएको जानकारी नभएको तर बैठकको छलफलको क्रममा आफूलाई जानकारी हुन आएमा सदस्यले सोही व्यहोरा बैठकमा जानकारी गराई बैठकको छलफल र निर्णय प्रकृयाबाट अलग हुनु पर्नेछ ।

१०. **बैठकको गोपनीयता** : (१) आयोगको बैठकको सम्पूर्ण काम कारवाहीहरु गोप्य रहनेछन् । अध्यक्षले अनुमति दिएमा बाहेक आयोगको बैठकमा सञ्चारकर्मीहरुलाई प्रवेश दिईने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोगबाट सम्पादन भएका सार्वजनिक महत्वका काम कारवाहीहरुको जानकारी सञ्चार माध्यमलाई दिन सकिनेछ ।

११. **कार्यविधिको पालना :** यस कार्यविधिको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

# अनुसूचि -२

## सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२

**<u>प्रस्तावनाः</u>** सत्य निरुपण तथा मेलमिलाप आयोगको काम कारवाही स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढंगबाट सम्पादन गरी आयोगको जवाफदेहीता सुनिश्चित गर्नको लागि आयोग, आयोगका पदाधिकारी, विशेषज्ञ र कर्मचारीहरुले पालना गर्नु पर्ने आचरणलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

सत्य निरुपण तथा मेलमिलाप आयोगले देहाय बमोजिमको आचार संहिता बनाएको छ ।

### परिच्छेद १

### <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

१.१ यस आचार संहिताको नाम "सत्य निरुपण तथा मेलमिलाप आयोगको आचार संहिता, २०७२" रहेको छ ।

१.२ यो आचार संहिता तुरून्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषा</u>**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचार संहितामा,–

(क) "ऐन" भन्नाले वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले ऐनको दफा ३ बमोजिम गठन भएको सत्य निरुपण तथा मेलमिलाप आयोग सम्झनु पर्छ ।

(ग) "कर्मचारी" भन्नाले आयोगको सचिव एवं आयोगमा कार्यरत कर्मचारी सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले आयोगको अध्यक्ष तथा सदस्य सम्झनु पर्छ ।

(ङ) “परिवारको सदस्य” भन्नाले पदाधिकारीसँग बस्ने तथा निज आफैले पालन पोषण गर्नु पर्ने पति, पत्नी, छोरा, अविवाहिता छोरी, धर्मपुत्र, अविवाहिता धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले निजको बाजे, बज्यै तथा सासु, ससुरालाई समेत जनाउँछ ।

(च) “विशेषज्ञ” भन्नाले आयोगले आफ्नो कार्यसम्पादनको क्रममा अल्पकालिन वा पूर्णकालिन रुपमा सहयोग वा सेवा लिएका सल्लाहकार, विज्ञ वा विशेषज्ञ सम्झनुपर्छ ।

३. **आचार संहिता पालना गर्नु पर्ने** :

यस आचार संहिताको पालना गर्नु आयोग, पदाधिकारी, विशेषज्ञ र कर्मचारीको कर्तव्य हुनेछ ।

## परिच्छेद -२

## आयोगले पालना गर्नु पर्ने आचार संहिता

४. **आयोगको आचार संहिताः** आयोगले देहायबमोजिमको आचारसंहिता पालन गर्नेछ :-

४.१. आयोगले विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित नेपाल कानून, सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशहरु, नेपाल पक्ष रहेका अन्तराष्ट्रिय महासन्धिमा भएका प्रावधानहरु र त्यसमा अन्तरनिहित मानव अधिकार तथा अन्तराष्ट्रिय मानवीय कानूनका सिद्धान्त तथा मुल्य मान्यताप्रति पूर्ण प्रतिबद्ध रही आफ्नो कार्यसम्पादन गर्नेछ ।

४.२ आयोगले सदैव स्वतन्त्र, निष्पक्ष र विश्वसनीय ढंगबाट कार्यसम्पादन गरी आयोगप्रतिको जनआस्था अभिबृद्धि गर्न प्रयत्नशिल रहनेछ । आयोगको निष्पक्षता, स्वतन्त्रता र विश्वसनियतामा प्रश्न उठ्ने पर्याप्त आधार भएका विशेषज्ञ वा कर्मचारीलाई आयोगले आयोगको कार्यमा संलग्न गराउने छैन ।

४.३ मानव अधिकारको गम्भिर उल्लंघन एवं अन्तराष्ट्रिय मानवीय कानूनको उल्लंघनका घटना र महिला हिंसासंग सम्बन्धीत घटनालाई आयोगले सदैव संवेदनशिल रुपमा ग्रहण गर्नेछ ।

४.५ आयोग सदैव पीडितमैत्री एवं **मानव अधिकार मैत्री** हुनेछ । आयोगले पीडितलाई जात, जाती, धर्म, वर्ण, लिंग, क्षेत्र, उत्पती वा राजनीतिक आस्था जस्ता कुनै पनि आधारमा फरक वा भेदभावपूर्ण व्यवहार गर्नेछैन । आयोगले आयोगसंगको कामकारवाहीमा सम्बन्धित पीडितलाई स्वच्छ, छिटो, छरितो, कम खर्चिलो र पहुँचयोग्य रुपमा सेवाप्राप्त गर्ने वातावरण मिलाउनेछ ।

४.६ कार्यसम्पादनको सिलसिलामा आयोगको आदेश वा अनुरोधमा आयोगमा उपस्थित सबै व्यक्तिहरुप्रति आयोगले मर्यादित र शिष्ट व्यवहार गर्नेछ ।

४.७ आयोगले राज्यका सबै निकायहरु र राजनीतिक दलहरुप्रति समानताको व्यवहार गर्नेछ । कुनै कार्य वा घटनाको सम्बन्धमा आयोगले कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत राखी काम गर्ने छैन ।

४.८ आयोगले आफ्नो कार्य सम्पादन गर्दा आन्तरिक वा बाह्य, प्रत्यक्ष वा अप्रत्यक्ष कुनै पनि रुपमा आउन सक्ने प्रभाव, दबाब, भनसुन, धम्की वा आग्रहबाट प्रेरित वा प्रभावित नभई अविचलित रुपमा स्वतन्त्रतापूर्वक गर्नेछ ।

४.९ आयोगले आफ्नो कार्य सम्पादनको क्रममा सदैव मानव अधिकार एवं कानून र न्यायका सर्वमान्य सिद्धान्तको प्रयोग र पालना गर्नेछ ।

४.१० आयोगले विदेशी मित्र राष्ट्रहरु, अन्तर्राष्ट्रिय संघ संस्थाहरु र मानवअधिकार सम्बन्धी संस्थाहरुसंग सम्बन्ध र सम्पर्क राख्दा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, नेपालको बैदेशीक नीति तथा नेपालले आत्मसात गरेको कुटनीतिक आचारसंहितालाई सम्मान र पालना गर्नेछ ।

४.११ आयोगका सम्पूर्ण काम कारवाही र प्रयत्नहरु नेपालमा दिगो शान्ति तथा समाजमा न्याय, सद्भाव र मेलमिलाप कायम गर्ने राष्ट्रिय उद्धेश्यबाट निर्देशित हुनेछन । संस्थागत रुपमा आयोग उक्त राष्ट्रिय उद्धेश्यप्रति समर्पित रहनेछ ।

४.१२ आयोगले सम्पादन गरेका हरेक काम कारवाहीको अद्यावधिक अभिलेख राख्नेछ । ऐन, नियम बमोजिम अनुसन्धान वा सुनुवाईको क्रममा सार्वजनिक जानकारीमा ल्याउनु पर्ने वा पीडितलाई दिनु पर्ने वा नागरिकलाई उपलब्ध गराउनु पर्ने जानकारी र सक्षम अदालतबाट माग भई उपलब्ध गराउनु पर्ने अभिलेख बाहेक अन्य सबै अभिलेखको आयोगले गोपनियता कायम गर्नेछ ।

## परिच्छेद -३

## पदाधिकारीले पालना गर्नु पर्ने आचार संहिता

५. **पदाधिकारीको आचार संहिताः** पदाधिकारीले आयोगलाई सुम्पेको जिम्मेवारी सामूहिक भावनाले पूरा गर्न तथा आफ्नो काम कारवाहीमा सार्वजनिक विश्वास कायम गर्न देहायबमोजिमको आचारसंहिता पालन गर्नुपर्नेछ :-

५.१ पदाधिकारीले आयोगको मर्यादालाई उच्चस्थानमा राखी आफ्नो कर्तव्य निस्वार्थ रुपमा कुनै लोभ, लालच वा पक्षपात नगरी बाह्य दवाव वा प्रभावबाट मुक्त रही आफूलाई सुम्पिएको जिम्मेवारी इमान्दारीपूर्वक तथा वस्तुनिष्ठ भई उत्तरदायीपूर्ण रुपमा पालन गर्नुपर्नेछ ।

५.२ पदाधिकारीले आयोगको बैठकमा नियमित रुपमा उपस्थित भई निर्णय प्रक्रियामा सक्रियतापूर्वक भाग लिने र आयोगले दिएको जुनसुकै जिम्मेवारी तदारुखतासाथ पूरा गर्नुपर्नेछ ।

५.३ पदाधिकारीले आफ्नो पद र ओहोदा अनुसारको मर्यादा कायम राखी सदैव अनुशासनमा बस्नु पर्नेछ र समाजमा विद्यमान सार्वजनिक नैतिकता र आचरण अनुकुलको व्यवहार गर्नुपर्नेछ ।

५.४ आयोगसमक्ष विचाराधीन रहेको कुनै विषयमा आफ्नो व्यक्तिगत वा निजी स्वार्थ गाँसिएको भएमा वा त्यस्तो विषयमा संलग्न व्यक्ति आफ्नो नातेदार भएमा वा त्यस्तो विषयमा कुनै कारोवारको सिलसिलामा निजसँग प्रत्यक्षरुपमा सम्बन्धित भएमा पदाधिकारीले सो कुराको स्पष्ट रुपमा बुझिने गरी स्वेच्छाले आयोगलाई जानकारी गराई सो विषयमा हुने छलफल र निर्णयबाट आफु अलग रहनु पर्नेछ ।

५.५ आयोगसंग सम्बन्धित हरेक काम कारवाहीमा पदाधिकारीले सार्वजनिक उद्देश्यलाई महत्व दिने तथा निजी स्वार्थ र सार्वजनिक स्वार्थका वीच द्वन्द उत्पन्न हुने स्थिति भएमा स्पष्ट रुपमा सार्वजनिक स्वार्थका पक्षमा उभिनु पर्नेछ ।

५.६ पदाधिकारीले आयोगको काम कारवाहीमा व्यक्तिगत लाभ, आर्थिक फाइदा वा शुल्क, कुनै प्रकारको पारितोषिक लिई बोल्ने, निर्णयको लागि दवाव दिने वा त्यस्तो उद्धेश्यले आयोगको कुनै पनि काममा प्रभाव पार्न हुदैन ।

५.७ पदाधिकारीको हैसियतमा प्राप्त भएका सूचना एवं जानकारी आयोगको संस्थागत उद्देश्यका लागि मात्र प्रयोग गर्नुपर्नेछ र त्यस्तो सूचना वा जानकारी आर्थिक फाइदाका लागि कुनै अन्य व्यक्ति वा संस्थासँग लेनदेनको विषय बनाउन हुदैन ।

५.८ पदाधिकारीले आयोगको काम कारबाहीमा बाधा पुग्ने वा आयोगको गोपनीयता भङ्ग हुने किसिमले आयोगको निर्णय विना कसैलाई पनि कुनै कुराको जानकारी दिन वा तत्सम्बन्धी अन्य कुनै कुरा उपलब्ध गराउन हुदैन ।

५.९ पदाधिकारी आफैंले वा आफ्नो परिवारको सदस्य मार्फत आयोगको कामसँग सम्बन्धित व्यक्तिहरूसँग दान, उपहार, चन्दा स्वीकार गर्न, सापटी वा आर्थिक लेनदेन गर्न वा कुनै प्रकारको आर्थिक प्रलोभनमा पर्न वा कमिसन वा गैरकानुनी रूपमा रकम प्राप्त गर्न हुँदैन ।

५.१० पदाधिकारीले आफ्नो व्यक्तिगत स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न हुँदैन र ओहदाको मर्यादा विपरीत हुने गरी कुनै संस्था वा व्यक्तिसँग अवाञ्छित सम्पर्क राख्न हुँदैन ।

५.११ पदाधिकारीले आयोगको जिम्मेवारी पूरा गर्ने सिलसिलामा प्राप्त भएको जानकारी वा कुनै गोप्य वा कानुनद्वारा निषेधित विषय वा आफूले लेखेको वा सङ्कलन गरेको कुनै कागजपत्र वा समाचार आफू पदमा रहदा वा नरहदा जुनसुकै अवस्थामा पनि कुनै सञ्चार माध्यम वा अरू कसैलाई दिनु वा बताउनु हुँदैन ।

५.१२ पदाधिकारीले काल्पनिक वा वास्तविक नामबाट नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने, देशको शान्ति सुरक्षा, वैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादामा खलल पर्ने, अदालतको अवहेलना हुने, तथा नेपालको शान्ति प्रक्रियामा प्रतिकूल प्रभाव पर्ने गरी कुनै पनि सञ्चार माध्यमबाट लेख, वक्तव्य, भाषण वा विचार प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

तर प्राज्ञिक वा अनुसन्धानात्मक प्रकृतिको लेख रचना, भाषण वा विचार प्रकाशन गर्न यो आचार संहिताले कुनै वाधा पुऱ्याएको मानिने छैन ।

५.१३. पदाधिकारीले नेपालको विभिन्न जात, जाति, धर्म, वर्ग, क्षेत्र र सम्प्रदायका मानिसहरू बीच वैमनस्यता उत्पन्न गराउने वा सामाजिक सद्भाव खलबलिने वा उनीहरुको आत्मसम्मानमा ठेस लाग्ने कुनै काम गर्नु हुँदैन ।

५.१४ पदाधिकारीले आयोगको जिम्मेवारीमा रहुञ्जेल कुनै कम्पनीको सञ्चालक हुन, प्रचलित कानुनबमोजिम दर्ता गराउनु पर्ने कुनै व्यापार वा व्यवसाय गर्न र अन्यत्र कुनै प्रकारको नोकरी स्वीकार गर्न हुदैन । आयोगको पदाधिकारीमा नियुक्ति हुनुपूर्व त्यस्तो कुनै संस्था वा व्यवसाय वा नोकरीमा संलग्न रहेको भए स्वेच्छाले उक्त कुराको आयोगलाई जानकारी गराई पदाधिकारीमा

कार्यरत रहुञ्जेल त्यस्तो अरु कुनै पनि संस्था वा व्यवसाय वा नोकरीको जिम्मेवारीबाट पूर्णतः अलग रहनु पर्नेछ ।

५.१५ पदाधिकारीले आयोगसमक्ष विचारधीन विषयलाई असर पर्ने गरी वा न्यायिक प्रक्रियामा अपनाउनु पर्ने स्वच्छतामा नै स्पष्टतः आँच आउने गरी वा कुनै व्यक्ति वा विषयको स्वच्छ अनुसन्धानमा असर पर्ने गरी जानाजान आयोगको आफ्नै प्रक्रियाको वा कुनै पदाधिकारीको आचरणको बारेमा सार्वजनिक आलोचना वा टिप्पणी वा अन्य कुनै अभिव्यक्ति दिनु हुँदैन ।

५.१६ पदाधिकारीले प्रचलित कानुन र आयोगको उद्धेश्य विपरीत हुने गरी आफ्नो पेशागत, व्यावसायिक र सामाजिक संस्था बाहेक अन्य कुनै पनि संस्थाको सदस्य बन्नु हुँदैन ।

५.१७. पदाधिकारीले आफ्नो र आफ्नो परिवारको नाममा रहेको चल तथा अचल सम्पत्तिको विवरण प्रत्येक वर्ष प्रचलित कानुनबमोजिम निर्धारित समयावधिभित्र तोकिएको ढाँचामा आयोग मार्फत तोकिएको निकायमा पेश गर्नु पर्नेछ ।

५.१८ पदाधिकारीले आफूले प्रयोग गरिआएको निवासमा आयोगमा विचाराधीन विषयसंग सम्बन्धीत पीडित, पीडक वा निजहरुसंग सम्बन्धित अन्य कुनै पनि पक्षहरुसंग भेटघाट गर्न हुँदैन ।

तर आयोगको उद्धेश्य पूर्तिको लागि असल नियतले कसैलाई भेटघाट गर्न यो आचार संहिताले कुनै बाधा पुऱ्याएको मानिने छैन ।

५.१९ पदाधिकारीले अध्यक्षको पूर्वस्वीकृति नलिई आयोगको अधिकारक्षेत्र र कामकारवाहीसँग सम्बन्धीत बिषयमा कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाका पदाधिकारीसँग भेटघाट गर्न हुदैन ।

तर अध्यक्षले त्यस्तो भेटघाट गर्नु परेमा आयोगको बैठकमा बिषय प्रस्तुत गरी आयोगबाट भएको निर्णयबमोजिम गर्नुपर्नेछ ।

५.२० पदाधिकारीले आयोगको काम कारवाहीको सिलसिलामा कसैलाई यातना हुने वा अन्य क्रुर, अमानवीय वा अपमानजनक ब्यवहार वा सजाय गर्न, सोको दुरुत्साहन गर्न वा त्यस्तो कार्यमा सहनशिल बन्न हुदैन । पदाधिकारीले युद्ध, युद्धको धम्की, राष्ट्रिय सुरक्षामा खतरा वा सार्वजनिक संकटकाल जस्ता कुनै पनि अपवादजनक परिस्थितिलाई त्यस्ता कार्यको औचित्यता पुष्टि गर्ने आधारको रुपमा लिन हुदैन ।

५.२१ पदाधिकारीले आयोगको कामकारवाहीको सिलसिलामा मानवीय मर्यादा एंव सबै व्यक्तिको मानव अधिकारको सम्मान र संरक्षण गर्नेछन ।

५.२२ आयोगको निर्णय बमोजिम सार्वजनिक रुपमा संप्रेषण गर्नु पर्ने सूचनाको जानकारी आयोगका प्रवक्ताले दिनेछन् ।

५.२३ पदाधिकारीले कुनै पनि राजनीतिक दलको पक्ष वा बिपक्षमा अभिमत प्रकट गर्न हुदैन ।

५.२४ पदाधिकारीले आयोगले संस्थागत रुपमा पालना गर्नुपर्ने आचार संहिताको उच्चसम्मान गर्दै आयोगमा कार्यरत अन्य पदाधिकारी, विशेषज्ञ, कर्मचारी र उपस्थित सबै व्यक्तिहरुप्रति मर्यादित र शिष्ट व्यवहार गर्नुपर्नेछ ।

## परिच्छेद -४

## विशेषज्ञ र कर्मचारीले पालना गर्नु पर्ने आचार संहिता

६. **विशेषज्ञ र कर्मचारीको आचार संहिताः** विशेषज्ञ र कर्मचारीले देहाय बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछः-

६.१ विशेषज्ञ र कर्मचारीले आयोगको विशेष जिम्मेवारी, संवेदनशीलता, निश्चित कार्यावधि, स्वच्छता, स्वतन्त्रता र निष्पक्षताप्रति विशेष सजग रही आयोगको मर्यादा कायम राख्न सदैव प्रतिबद्ध रहनु पर्नेछ ।

६.२ विशेषज्ञ र कर्मचारी जुनसुकै सेवा वा निकाय वा पेशासंग सम्बद्ध भएपनि निज आयोगमा कार्यरत रहँदा पूर्ण रुपमा आयोगप्रति उत्तरदायी भई कार्यसम्पादन गर्नुपर्नेछ।

६.३ विशेषज्ञ र कर्मचारीले आयोग र पदाधिकारीप्रतिको मर्यादा, स्वच्छता र निष्पक्षतामा सार्वजनिक विश्वास कायम गर्न आयोगमा उपस्थित सबै व्यक्तिहरुप्रति मर्यादित र शिष्ट व्यवहार गर्नुपर्नेछ।

६.४ विशेषज्ञ र कर्मचारीले कसै प्रति झुकाव, मोलाहिजा वा वदनियत नराखी, कुनै लोभ, लालच वा पक्षपात नगरी बाह्य दवाव वा प्रभावबाट मुक्त रही आयोगले कुनै पनि समयमा आफूलाई सुम्पिएको जुनसुकै जिम्मेवारी इमान्दारीपूर्वक पूरा गर्न तत्पर रहनुपर्नेछ।

६.५ विगतमा महिला विरुद्धको हिंसा, मानव अधिकारको गम्भिर उल्लंघन वा अन्तर्राष्ट्रिय मानवीय कानूनको उल्लंघनमा संलग्न रहेको भनी प्रश्न उठाइएको विशेषज्ञ वा कमचारी आयोगको काम कारवाहीमा संलग्न हुनु हुदैन । आयोगको कार्यमा संलग्न कुनै विशेषज्ञ वा कर्मचारीको हकमा आयोगसमक्ष त्यस्तो उजुरी परेमा त्यस्तो विशेषज्ञ वा कर्मचारीलाई आयोगले जिम्मेवारीबाट तुरुन्तै अलग गर्नुपर्नेछ।

तर त्यसरी जिम्मेवारीबाट अलग गर्नु अघि सम्बन्धित विशेषज्ञ वा कर्मचारीलाई आफ्नो भनाई राख्ने अवसर प्रदान गरिनेछ।

६.६ आयोगमा कार्यरत रहँदा कुनै पनि कर्मचारीले आयोगको जिम्मेवारीसंग सम्बन्धीत विषयमा कुनै पनि रुपमा संगठित हुन, ट्रेड युनियन अधिकारको माग गर्न वा आयोगसंग सामूहिक सौदावाजीको अधिकार दावी गर्न सक्ने छैन। आयोगमा कार्यरत हुनु अघि प्रचलित कानून बमोजिमको कुनै ट्रेड युनियनमा पदाधिकारी वा सदस्य रहेको कर्मचारीले स्वच्छाले उक्त कुराको जानकारी आयोगलाई गराई आयोगमा कार्यरत रहुन्जेल आफ्नो त्यस्तो ट्रेड युनियन अधिकारलाई स्थगन गर्नुपर्नेछ।

६.७ कुनै पनि विशेषज्ञ वा कर्मचारीले आयोग वा पदाधिकारीद्वारा स्वीकृति नलिई आफूले पदीय कर्तव्य पालन गर्दा जानकारीमा आएको कुनै गोप्य वा कानूनद्धारा निषेधित विषय, आफूले लेखेको वा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत व्यक्ति वा सञ्चार माध्यमलाई दिनु वा बताउनु हुंदैन ।

६.८ कुनै पनि विशेषज्ञ वा कर्मचारीले आयोगमा कार्यरत रहँदा जानकारीमा आएको सूचना वा जानकारीलाई आफ्नो काल्पनिक वा वास्तविक नामबाट वा वेनामी कुनै लेख प्रकाशित गर्न, सञ्चार माध्यमलाई कुनै खबर दिन, रेडियो वा टेलिभिजनबाट भाषण प्रसारित गर्न, कुनै सार्वजनिक भाषण दिन वा कुनै बक्तव्य प्रकाशित गर्न हुंदैन ।

६.९ विशेषज्ञ र कर्मचारीले प्रचलित कानून बमोजिमको आफ्नो पेशा वा व्यवसायसंग सम्बन्धित आचार संहिताको आयोगमा कार्यरत रहदा समेत पूर्ण पालना गर्नुपर्नेछ ।

## परिच्छेद -५

## विविध

७. **आचार संहिताको व्याख्या** :

यस आचार संहिताको कार्यन्वयन गर्दा कुनै द्धिविधा वा विवाद उत्पन्न भएमा आयोगले व्याख्या गरी स्पष्ट गर्नेछ । आयोगको त्यस्तो व्याख्या अन्तिम हुनेछ ।

८. **अनुगमन सम्बन्धी व्यवस्थाः**

८.१ यस आचार संहिताको पालना भए नभएको सम्बन्धमा आयोग आफैले वा कुनै समिति मार्फत अनुगमन गर्न वा गराउन सक्नेछ ।

८.२ उपदफा ८.१ बमोजिम गरेको अनुगमन सम्बन्धी विवरण आयोगले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

८.३ उपदफा ८.२ बमोजिम प्रकाशित विवरणबाट कुनै पदाधिकारी वा कर्मचारीले यस आचार संहिताको उल्लंघन गरेको देखिएमा आयोगले प्रचलित कानूनबमोजिम अधिकारप्राप्त निकाय वा अख्तियारवालासमक्ष त्यस्तो पदाधिकारी वा कर्मचारी उपर खराव आचरणमा लागेको आधारमा कारवाही प्रारम्भ गर्न लेखि पठाउनेछ ।

९ **सहयोगी तथा पुरकको रुपमा रहने:**

९.१ यो आचार संहिता सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१, नियमावली तथा कार्यविधिको सहयोगी तथा पूरकको रुपमा रहने छ ।

९.२ यस आचार संहितामा व्यवस्था गरिएका कुराहरुलाई न्यून गर्ने गरी कुनै संशोधन गरिने छैन ।

१०. **आचार संहिताको प्रकाशन:**

आयोगबाट स्वीकृत भएपछि यो आचार संहिता सार्वसाधारण एवं सरोकारवालाहरुको जानकारीका लागि प्रकाशन गर्नुको साथै आयोगको वेव साइटमा समेत राखिने छ ।

# अनुसूचि-३

# सत्य निरुपण तथा मेलमिलाप आयोगको संगठनात्मक ढाँचा

## सत्य निरुपण तथा मेलमिलाप आयोग

आषाढ, २०७२
काठमाडौं

**विषय-सूची** **पृष्ठ**


| | |
|---|---|
| पृष्ठभूमि | १ |
| आयोगको क्षेत्राधिकार | २ |
| आयोगको प्रशासनिक तथा सचिवालय संरचना | ५ |
| आयोगका कर्मचारी/जनशक्ति | १४ |
| आयोगको भौगोलिक संरचना | १८ |
| चुनौति | २० |
| विधि | २२ |
| अनुसूची-१ संगठनात्मक ढाँचा | २६ |
| अनुसूची-२ आवश्यक कर्मचारी/जनशक्तिहरुको विवरण | २७ |
| अनुसूची-३ सरोकारवालाहरुसँग गरिएको छलफलको विवरण | २९ |

# १. पृष्ठभूमि

नेपाल सरकार र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी)को बिचमा मंसिर ५, २०६३ मा भएको विस्तृत शान्ति सम्झौताको दफा ५.२.५ मा दुवै पक्ष सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घनगर्ने तथा मानवता विरूद्धको अपराधमा संलग्नहरूका बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न आपसी सहमतीबाट उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोगको गठन गर्न सहमत छन् भन्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३ मा सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने तथा मानवता विरुद्धको अपराधमा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण गर्न र समाजमा मेलमिलापको वातावरण निर्माण गर्न उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने कुरा उल्लेख  छ ।

नेपालको अन्तरिम संविधान, २०६३, विस्तृत शान्ति सम्झौता र पीडितहरुको मागलाई सम्वोधन गर्दै नेपालमा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उद्देश्यले वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ जारी भएको छ । सो ऐन बमोजिमको कार्य गर्नको लागि नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७१।१०।२७ को निर्णयानुसार सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको छ । यस आयोगमा प्रमुख आयुक्त समेत पाँच आयुक्तहरु रहने व्यवस्था छ ।

ऐनको प्रस्तावनाले नेपालको अन्तरिम संविधान, २०६३ र विस्तृत शान्ति सम्झौताको मर्म र भावनालाई आत्मसात गरी सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन तथा मानवता विरुद्धको अपराध सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरुको बारेमा सत्य अन्वेषण तथा छानविन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउन, समाजमा मेलमिलाप गराई पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिबृद्धि गर्दै दिगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न, सो घटनाबाट पीडित व्यक्तिलाई परिपूरणको व्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिस गर्न यो आयोग बनेको कुरा उल्लेख गरेको छ ।

यसरी पाँच सदस्यीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन भएकोमा आयोगको समग्र स्वरुप कस्तो हुने र यसको प्रभावकारीताका लागि कस्तो प्रकारको कार्यगत एवं संगठनात्मक ढाँचा

आवश्यक हुने भन्ने सम्बन्धमा आवश्यक अध्ययन र सरोकारवालाहरुसँग छलफल गरी यो प्रतिवेदन तयार गरिएको छ ।

## २. आयोगको क्षेत्राधिकार

सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार के कस्तो छ भन्ने बारेमा वेपत्ता पारिएका व्यक्तिको छानवीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को प्रस्तावना तथा सोही ऐनको दफा १३ महत्वपूर्ण छन् । जस अनुसार ऐनको दफा १३ साथै अन्य दफाहरु बमोजिम आयोगको काम, कर्तव्य र अधिकार मुलत देहाय बमोजिम रहेको छः-

- मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी घटनाको छानविन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने,
- पीडित तथा पीडकको यकीन गर्ने,
- पीडक र पीडित बीच मेलमिलाप गराउन पहल गर्ने तथा मेलमिलाप गराउने,
- पीडित वा निजको परिवारका सदस्यलाई उपलब्ध गराउनुपर्ने परिपूरणको सम्बन्धमा सिफारिश गर्ने,
- मेलमिलाप नभएका तथा क्षमादानमा नपरेका पीडकलाई कारवाइको लागि सिफारिश गर्ने,
- पीडितलाई तोकिए बमोजिमको परिचयपत्र तथा छानविन पछिको जानकारी उपलब्ध गराउने,
- ऐनमा उल्लिखित अन्य कार्य गर्ने र गराउने,

ऐनको दफा १३ मा भएका व्यवस्था तथा ऐनको दफा १४, १५, १६, १७, १८, २१, २२, २३, २४, २५ तथा २६ मा भएका व्यवस्थाहरुले आयोगको काम, कर्तव्य र अधिकारको बारेमा स्पष्ट पारेका छन् । जस अनुसार आयोगले आवश्यकता अनुसार छानविन गर्ने, अवहेलनामा कारबाही गर्ने, साक्षी तथा अन्य व्यक्तिको संरक्षण गर्ने, सार्वजनिक सुनुवाई गर्ने, उजूरी तामेलेलीमा राख्ने, मेलेलमिलाप गराउन सक्ने, परिपूरणको लागि सिफारिस गर्ने, सम्पत्ति फिर्ताको लागि सिफारिस गर्ने, कारबाहीको लागि सिफारिस गर्ने तथा क्षमादान सम्बन्धी व्यवस्थाहरु उल्लेख्य छन् ।

ऐनको समग्र व्यवस्था र सत्य निरुपणतथा मेलमिलाम आयोग सम्बन्धी अर्न्तराष्ट्रिय अनुभवहरुको आधारमा आयोगले पाँच मुख्य कार्यहरु सम्पादन गर्नुपर्ने देखिन्छः

- अनुसन्धान तथा सत्य अन्वेषण
- परिपूरण सिफारिस
- मेलमिलाप
- अभियोजन सिफारिस र
- क्षमादान सिफारिस

## २.१ अनुसन्धान तथा सत्य अन्वेषण

कुनै पनि मानवअधिकार उल्लङ्घनको घटना सम्बन्धमा पीडितले घटनाको बारे सत्य तथा तथ्य जान्न पाउने कुरालाई धेरै महत्वका साथ हेरिन्छ । यस अर्थमा सत्य निरुपण तथा मेलमिलाम आयोगको एक महत्वपूर्ण कार्य बिगतका घटनाको बारेमा अनुसन्धान गरी सत्य अन्वेषण गरी सबैको जानकारीमा ल्याउनु हो । यसका लागि कस्तो परिस्थितिमा उक्त घटना घटेको थियो, सो घटना घटाउने कार्यमा को को संलग्न थिए, घटना किन घटाइएको थियो, घटना कहाँ, कहिले र कुन समयमा घटाइएको थियो, घटनाको अनुसन्धान भएको छ, वा छैन, पीडितको अवस्था कस्तो छ, पीडकहरु के गरीरहेका छन् भन्ने जस्ता विषयहरुमा आयोगले खोज अनुसन्धान गरी सत्य अन्वेषण गर्नुपर्ने हुनजान्छ ।

सत्य जान्न पाउने अधिकार वैयक्तिक र सामूहिक (group) दुवै प्रकारको अधिकार हो । जसले समाजको सूचनामा पहुँचको सुनिश्चिता अपेक्षा गर्दछ । यसले पीडित तथा परिवारजनको लागि क्षतिपुर्ति तथा दाविको अधिकारको आधार सृजना गर्दछ ।

## २.२ परिपूरण सिफारिस

परिपूरणलाई कतिपय अवस्थामा क्षतिपुर्तिको रुपमा पनि बुझ्ने गरिन्छ । तथापी, परिपूरण र क्षतिपूर्तिलाई एउटै अर्थमा बुझ्न भने सकिँदैन । क्षतिपुर्तिले बढी आर्थिक बिषयलाई समेट्छ । परिपूरणले आर्थिक, मानसिक, भावनात्मक तथा सामाजिक, स्वास्थ्यसँग पनि सरोकार राख्दछ । परिपूरणले पीडितले व्यहोर्नु परेको हानी, नोक्सानी, मानसिक तथा शारीरिक क्षती बापत पाउने सहायता, सुविधा, उपचार आदिलाई बुझाउँछ । परिपूरणले प्रतिस्थापन, क्षतिपुर्ति, पुनर्स्थापना, सन्तुष्टि तथा नदोहोरिने प्रतिबद्धता समेतलाई समेट्दछ । यस अर्थमा परिपूरण विस्तृत अर्थात् उद्देश्य र दायरामा प्रयोग हुने अवधारणा हो ।

परिपूरण आर्थिक र कानुनी बिषय मात्र नभएर सामाजिक तथा राजनैतिक बिषयपनि हो । पीडितलाई समाजमा स्थापित गर्ने र उनीहरुलाई सामजिक रुपमा सन्तुष्ट बनाउने अभिष्ट पनि यसमा रहेको हुन्छ ।

## २.३ मेलमिलाप

सङ्क्रमणकालिन न्यायमा मेलमिलापलाई एक महत्वपूर्ण पक्षको रुपमा हेर्ने गरिन्छ । सत्य स्थापित भएको अवस्थामा बिगतको अवस्थालाई मात्र हेरेर अगाडी बढ्न सकिदैन । कुनै आधारमा पीडित सन्तुष्ट हुन सकेमा पक्षहरुको बिचमा मेलमिलाप हुन सक्दछ भन्ने मेलमिलापको अवधारणा हो । मेलमिलाप द्वन्द्व समाधानको एक महत्वपूर्ण विधि हो । तर यो एक लामो प्रकृया हो । मेलमिलापले यस अर्थमा आकांक्षा, भावना, बुझाइ तथा विश्वासमै परिवर्तन ल्याउन मद्दत गर्दछ । त्यो बातावरण बनेमा मात्र वास्तविक मेलमिलाप संभव छ ।

मेलमिलाप हतारमा टुङ्ग्याउने वा पात्रहरु माथी जबरजस्ती लाद्ने विषय भने होइन । पीडित र पीडक दुबैको चाहना आत्मसात गरेको अवस्थामा यो प्रकृयाले उद्देश्य प्राप्त गर्न सक्दछ । मेलमिलाप कतिपय अवस्थामा दुई व्यक्ति बिचको मात्र बिषय नभएर, दुई समाज, समुह, आस्था तथा बिचारको पनि विषय हुन सक्दछ ।

## २.४ अभियोजन सिफारिस

सङ्क्रमणकालिन न्यायमा सबै घटनाहरुको अभियोजन आवश्यक र सम्भव नभए पनि बिगतमा भएका गम्भीर प्रकृतिका अपराध तथा मानवअधिकार उल्लङ्घनका घटनाहरुलाई कानुनको दायरामा ल्याउनु पर्दछ भन्ने अपेक्षा राखिएको हुन्छ । मान्य सिद्धान्तहरुलाई उल्लङ्घन गरी घटाइएका कठोर ज्यादतीहरुलाई कानुनको कठघरामा ल्याउनु पर्दछ भन्ने स्थापित मान्यता हो । सङ्क्रमणकालिन न्यायको सिद्धान्त अनुसार सामान्य प्रकृतिको अपराधमा अनुसन्धान तथ सत्य अन्वेषण पश्चात क्षमादान तथा माफी मिनाह दिन सकिए पनि हत्या, अपहरण, शरीर बन्धक, व्यक्ति बेपत्ता पार्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, शारीरिक वा मानसिक यातना, तथा बलात्कार तथा यौनजन्य हिंसा जस्ता गम्भीर प्रकृतीका घटनामा अभियोजन तथा कारवाहीको लागि सिफारिस नै गर्नुपर्ने हुन्छ ।

गम्भीर अपराध तथा मानवअधिकारको उल्लङ्घनमा अभियोजन तथा कारवाहीको सफिरिसले यस्ता कार्य कुनै पनि अवस्था वा कारणले गरेमा पनि म कानुनको दायराबाट उम्कीन सक्दीन भन्ने चेतना तथा भय सृजना गर्दछ ।

### २.५ क्षमादान सिफारिस

द्वन्द्व समाधान र दीगो शान्तिको लागि क्षमादानलाई एक महत्वपुर्ण औजार तथा विधिको रुपमा लिइएको हुन्छ । तर यसो भन्दैमा द्वन्द्वका क्रममा भएका सबै घटनाहरुलाई क्षमादान दिन सकिन्छ भन्ने होइन । धेरै देशमा व्यवस्था गरिएका सत्य निरुपणतथा मेलमिलाप आयोगले समेत क्षमादानलाई प्रयोगमा ल्याएका थिए । तर प्रयोग र प्रभावकारित भने भिन्न भिन्न रहेको अनुभव छ ।

ऐनले नेपालमा सशस्त्र द्वन्द्वको क्रममा आफूबाट मानव अधिकारको गम्भीर उल्लङ्घन भएको कुरा स्वीकार गरी त्यस्तो कार्यबाट आफूलाई पश्चाताप भएको भनी पीडितसँग चित्त बुझ्दो ढङ्गले क्षमायाचना गर्न मञ्जुर गरेमा र भविष्यमा त्यस्तो किसिमको कुनै कार्य नगर्ने प्रतिज्ञा गरेको अवस्थामा र पीडितले माफी दिन सहमत भएमा क्षमादान गर्न सक्ने व्यवस्था गरेको छ । तर, क्षमादानको लागि कुनै निवेदन पर्न आएमा आयोगले त्यस्तो पीडकलाई क्षमादान गर्ने सम्बन्धमा पीडितको सहमति, असहमति र घटनाको गम्भीरता समेत विचार गरी क्षमादानको सिफारिस गर्ने निर्णय गर्नु पर्दछ ।

## ३. आयोगको प्रशासनिक तथा सचिवालय संरचना

**सत्य निरुपणतथा मेलमिलाप आयोगले ऐन** अनुसार पुरा गर्नु पर्ने जिम्मेवारीको आधारमा आयोगको प्रशासनिक तथा सचिवालय संरचनाको सिफारिस गरिएको छ ।

- आयोगको प्रशासनिक प्रमुखको रुपमा नेपाल न्याय सेवाको बिशिष्ट श्रेणीको अधिकृत सचिव रहने ब्यवस्था एनले गरको छ । आयोगका अन्य सम्पुर्ण कर्मचारीहरु सचिवको मातहतमा रहने छन् ।
- आयोगको कार्यलाई प्रभावकारी बनाउन आयोगमा ४ वटा विषयगत र एउटा प्रशासनिक महाशाखा रहने गरी सिफारिस गरिएको छ । आयोगको मुख्य जिम्मेवारीलाई ध्यानमा राखी बिषयगत महाशाखाहरु सिफारिस गरिएको हो । जसमा अनुसन्धान तथा सत्य अन्वेषण महाशाखा, परिपूरण महाशाखा, मेलमिलाप महाशाखा, कानुन तथा अभियोजन सिफारिस महाशाखा र प्रशासन तथा व्यवस्थापन महाशाखा रहेका छन् ।
- अनुसन्धान तथा सत्य अन्वेषण महाशाखाको मातहतमा निवेदन तथा उजुरी शाखा, सत्य अन्वेशष तथा अनुसन्धान शाखा र मुद्धा तथा तामेली शाखा रहने छन् । अनुसन्धान

शाखामा प्राप्त उजुरी तथा निवेदनको संख्याको आधारमा आवश्यक उपशाखाहरु तय गर्न सकिने छ ।

- परिपूरण महाशाखाको मातहतमा राहात क्षतिपूर्ति, प्रतिस्थापन तथा  पुर्नस्थापन शाखा, संवाद परामर्श तथा मनोसामाजिक परामर्श शाखा र पचिरय पत्र शाखा रहने छन् । यस महाशाखा अन्तर्गत आवश्यकता परेमा  उपशाखाहरु पनि राख्न सकिने छ ।
- मेलमिलाप महाशाखाको मातहतमा मेलमिलाप तथा मेलमिलाप अवस्था सुधार शाखा, क्षमादान सिफारिस शाखा र पीडित तथा लैङ्गिक मैत्रि शाखा रहने छन् । यस महाशाखा अन्तर्गत आवश्यकता परेमा  उपशाखाहरु पनि राख्न सकिने छ ।
- कानुन तथा अभियोजन सिफरिस महाशाखा अर्न्तगत कानुन तथा आदेश कार्यान्वयन शाखा, संरचना सुधार सिफारिस शाखा र अभियोजन सिफरिस शाखा रहने छन् । यस महाशाखा अन्तर्गत आवश्यकता परेमा  उपशाखाहरु पनि राख्न सकिने छ ।
- प्रशासन तथा व्यवस्थापन महाशाखा अर्न्तगत कर्मचारी प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, तालिम शाखा  जिन्सी शाखा , सूचना प्रविधि शाखा, संचार तथा समन्वय शाखा रहने छन् । प्रशासन तथा व्यवस्थापन महाशाखामा पदाधिकारीहरुको सचिवालय तथा सुरक्षा इकाइ शाखा समेत रहने छ ।
- सबै महाशाखा तथा शाखाहरुको समन्वयमा कार्य गर्ने गरी अभिलेखिकरण शाखा रहने छ । यसले शाखाले आयोगको सम्पुर्ण कार्यको दस्तावेजीकरण गरी आयोगको समग्र प्रतिवेदन लेखनमा कार्य गर्ने छ ।

यी महाशाखा तथा शाखाहरुको आवश्यकता तथा औचित्य निम्न अनुसार पहिचान गरिएको छ :-

| क्रं. सं. | महाशाखा तथा शाखा | औचित्य | काम, कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | अनुसन्धान, अन्वेषण तथा अभियोजन महाशाखा | • द्वन्द्वका क्रममा भएका घटनाहरुको अनुसन्धान र छानविन गरी सत्य तथ्य स्थापित गर्ने प्रकृयामा आश्वयक कार्य गर्न । | • द्वन्द्वका घटनाको सत्य तथ्य स्थापित गर्नलागि सम्वद्धपक्षबाट आयोगमा प्राप्त हुने निवेदन तथा उजुरीहरु संकलन गर्ने ।<br>• प्राप्त उजुरी तथा निवेदनमा सम्बन्धित घटनाको आवश्यक अनुसन्धान, अन्वेषण, छानविन तथा अन्य आवश्यक कार्य गरी सत्य स्थापित गर्ने ।<br>• सत्य अन्वेषण र अनुसन्धानको प्रकृयामा आवश्यक कागज, बयान, बकपत्र गराउने तथा साक्षीहरु बुझ्ने । छानविनको क्रममा अगाडी बढाउन उपयुक्त नदेखिएका उजुरी तथा निवेदनहरुलाई तामेलीमा राख्न आवश्यक व्यवस्था गर्ने । |
| २. | परिपूरण महाशाखा | • द्वन्द्व पीडितलाई आवश्यक राहत तथा क्षतिपुर्तिको व्यवस्था गर्न, एवं समाज शान्ति तथा मेलमिलापको वातावरण तयार गरी आवश्यक पहल गर्ने । | • द्वन्द्व पीडितका लागि दिइनु पर्ने राहत तथा क्षतिपुर्तिको मापदण्ड तयार गरी तत्काल अन्तरिम तथा पूर्णकालिन राहत तथा क्षतिपुर्तिको लागि सिफारिस गर्ने ।<br>• पीडितको प्रतिस्थापन तथा पुनस्थापनको लागि आवश्यक पर्ने कार्य गर्ने ।<br>• सम्बन्धीत सरोकारवालाहरुको बिचमा आयोगको उद्देश्य प्राप्तीका लागि आवश्यक सम्वाद तथा परामर्शका बिभिन्न गतिविधिहरु संचालन गर्ने ।<br>• पीडितहरुलाई सामाजिक, मनोसामाजिक जस्ता परामर्शहरु उपलब्ध गराई मेलमिलाप तथा सहज जीवन यापनको अवस्था सृजना गर्ने ।<br>• पीडितलाई सम्पूर्ण विवरण खुल्ने गरी परिचय पत्र उपलब्ध गराउने । |
| ३. | मेलमिलाप महाशाखा | • द्वन्द्व पीडित तथा पीडकको बिचमा मेलमिलाप गराई दिगो शान्तिको लागि बातावरण बनाउन आवश्यक कार्य गर्ने । | • मेलमिलाप गर्न चाहनेहरुको निवेदन लिने तथा आवश्यक प्रकृया अगाडि बढाउने ।<br>• मेलमिलाप गर्न चाहने पक्षहरुका बिच मेलमिलाप गराउने तथा मेलमिलापका लागि पिडितलाई प्रोत्साहन गर्नका ऐन तथा नियम बमोजिका कार्यहरु गर्ने ।<br>• पीडितले क्षमादान दिन चाहेका घटना तथा आयोगले सिफरिस गर्न उपयुक्त ठानेका घटनाहरुको क्षमदानको सिफरिसको लागि आवश्यक कार्य गर्ने ।<br>• आयोगमा उपस्थित हुने पीडित, साक्षी तथा सरोकारवालहरुको सहयोगका लागि सहयोगी कक्ष मार्फत पीडित तथा लैङ्गिक मैत्रि सेवा प्रवाह गर्ने । |
| ४. | कानुन महाशाखा | • आयोगको कानुनी प्रतिरक्षा, आयोगलाई आवश्यक दस्तावेज तयार तथा गम्भीर मानवअधिकारको उल्लङ्घनका घटनामा अभियोजनको लागि सिफारिस गर्न आवश्यक कार्य गर्ने । | • आयोगको लागि चाहिने कानुनी सेवा, संरक्षण, दस्तावेजीकरणको लाीग आवश्यक कार्य गर्ने ।<br>• द्वन्द्वको दिगो समाधानका लागि संरचनागत अवस्था सुधारको आवश्यक अनुसन्धान गरी सिफरिस गर्न आयोगलाई सघाउने ।<br>• गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनाहरुको अभियोजनको सिफरिस गर्नकालागि आवश्यक तयारी गर्ने ।<br>• आयोगले गरेका निर्णय तथा आदेशहरु कार्यन्वयनको लागि आवश्यक कार्य गर्ने । |
| ५. | प्रशासन व्यवस्थापन महाशाखा | • आयोगको लागि चाहिने जनशक्ति व्यवस्थापन, आर्थिक प्रशासन र सूचना प्रविधि र संचार को व्यवस्थापन गर्ने । | • आयोगलाई आवश्यक कर्मचारीहरुको व्यवस्थान गर्ने ।<br>• आयोगको आर्थिक प्रशासन संचालन गर्ने ।<br>• आयोगका लागि आवश्यक पर्ने कार्यक्रम तथा योजना निर्माण गर्ने ।<br>• आयोगका पदाधिकारी एवं विज्ञहरु र कार्यरत कर्मचारीहरुलाई क्रमश: अभिमुखिकरण र आवश्यक तालिमको योजना र व्यवस्थापन गर्ने ।<br>• आयोगका गतिविधिहरुको सञ्चार, गतिविधिहरुको आवश्यक समन्वय र प्रचार प्रसार गर्ने ।<br>• आयोग, पदाधिकारीहरु एवं सचिवालयको सुरक्षा व्यवस्था गर्ने ।<br>• आयोगका गतिविधिहरुलाई नागरिकको तहमा पुऱ्याउनका लागि वेभसाइड तथा सामाजिक सञ्जालहरुको डिजाइन तथा संचालन गर्ने ।<br>• आयोगका सूचना तथा कागजहरुको डिजिटलाइज गर्ने ।<br>• आयोगको चल अचल सम्पत्तिको हिफाजत गराउने । |

आयोगको संगठनात्मक ढाँचाको चित्र अनुसूचीमा प्रस्तुत गरिएको छ ।

आयोगमा रहने शाखाहरु र त्यस्ता शाखाहरुको मुख्य कार्यलाई निम्न बमोजिम सिफरिस गरिएको छ :-

## क) अनुसन्धान र सत्य अन्वेषण महाशाखा अर्न्तगत

| क्रं. सं. | शाखाहरु | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | उजुरी तथा निवेदन इकाई | • अनुसन्धान तथा सत्य अन्वेषण कार्यका लागि आयोगको तर्फबाट उजुरी तथा निवेदनहरु संकलन गर्न । | • आयोगमा आएका उजुरी तथा निवेदनको लगत / रेकर्ड राख्ने, निवेदन र उजुरीको प्रकृति हेरी आवश्यक कारवाहीको लागि व्यवस्था मिलाउने ।<br>• जिल्ला तहमा उजुरी तथा निवेदन संकलनको लागि आवश्यक व्यवस्था मिलाउने र समन्वय गर्ने ।<br>• प्राप्त उजुरी तथा निवेदनको अनुसन्धान तथा छानविनका लागि सत्य अन्वेषण तथा अनुसन्धान शाखासँग समन्वय गर्ने । |
| २. | सत्य अन्वेषण तथा अनुसन्धान शाखा | • प्राप्त उजुरी, निवेदन तथा अन्य घटनाहरुको छानविन, अध्ययन, अनुसन्धान, प्रमाण संकलन गरी सत्य तथ्य बाहिर ल्याउन । | • प्राप्त उजुरीका प्रारम्भिक अनुसन्धान गर्ने र तिनको वर्गीकरण गर्ने ।<br>• घटनाको स्थलगत अनुसन्धान गर्ने र सरोकारवालाहरुसँग जानकारी लिने ।<br>• बिज्ञको राय सल्लाह लिने र बैज्ञानिक परीक्षण गर्ने ।<br>• उत्खनन् र अन्य कार्यहरु गर्ने । |
| ३. | अभियोजन तथा तामेली शाखा | • आयोगले गम्भीर प्रकृतिका मानव अधिकारको उल्लङ्घनको घटनाहरुको अभियोजनका लागि सरकारलाई सिफरिस गर्न आवश्यक अध्ययन र | • आयोगले अभियोजनको लागि सिफरिस गर्ने घटना तथा बिषयहरुको बारेमा मापदण्डहरु तय गर्ने ।<br>• अभियोजनको सिफरिसका लागि चाहिने आवश्यक कागजहरु तयार गर्ने ।<br>• सिफारिसको लागि आयोगको कार्यलाई सहयोग गर्ने । |

| | | | |
|---|---|---|---|
| | | कागजहरु तयार गर्न । | • आयोगले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।आयोगमा उपस्थित हुनु पर्ने व्यक्तिहरुलाई उपस्थितिको लागि पत्राचार गर्ने ।<br>• पीडक तथा निवेदकको बयान लिने तथा कागज गराउने ।<br>• साक्षीहरुको बकपत्र गराउने तथा सम्वन्धित सरोकारवालाहरुसँग बुझ्ने ।<br>• आयोगले तामेलीमा राखेका निर्णहरुको अभिलेख व्यवस्थित गर्ने ।<br>• |

## ख) परिपूरण महाशाखा अर्न्तगत

| क्रं. सं. | शाखाहरु | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | परिपूरण शाखा | • सत्य निरुपणतथा मेलमिलापको सन्दर्भमा राहात तथा क्षतिपुर्ति एक महत्वपूर्ण विषय भएकोले सरकारले हाल प्रदान गरिरहेको राहत रकमको बारेमा अध्ययन गरी आगामी दिनमा दिनुपर्ने राहत र क्षतिपुर्तिको आधार र औचित्य तयार गरी सिफरिस गर्न आवश्यक कार्य गर्ने । द्वन्द्व पीडितको प्रतिस्थापन तथा पुनस्थापनका लागि आधार तय गर्ने तथा त्यसका लागि आवश्यक समन्वय तथा कार्य गर्ने । | • सरकारले द्वन्द्व पीडितलाई वितरण गरेको राहतको अभिलेख अध्ययन गर्ने ।<br>• राहत तथा क्षतिपूर्तिको सन्दर्भमा पीडितहरुको अपेक्षा संकलन गर्ने,<br>• सरकारले बितरण गरेको राहत रकम पाउनु पर्ने व्यक्तिले पाएका छन छैनन अध्ययन गर्ने ।<br>• पीडितलाई दिइने राहत तथा क्षतिपुर्तिको लागि आधार तय गर्ने र मापदण्डहरु निर्धारण गर्ने ।<br>• आयोगको तर्फबाट सरकारलाई गर्ने सिफारिसको लागि आवश्यक कार्य गर्ने ।<br>• द्वन्द्वबाट विस्थापितहरुको लगत लिने र प्रतिस्थापन तथा पुनस्थापनाका लागि आवश्यक अध्ययन र अनुसन्धान गर्ने ।<br>• सम्पति कब्जा भएको अवस्थामा त्यसको फिर्ता गर्न तथा उपभोगको बातावरण बनाउने । |
| २. | **परिचय पत्र शाखा** | • आयोगले पीडितलाई परिचयपत्र जारी गर्ने सन्दर्भमा आवश्यक व्यवस्था मिलाउने कार्य गर्न । | • द्वन्द्व पीडितको लगत खडागर्ने ।<br>• आयोगले द्वन्द्व पीडितलाई परिचयपत्र जारी गर्ने सन्दर्भमा आवश्यक तयारी गर्ने ।<br>• द्वन्द्वका पीडित परिचयपत्र जारी गर्ने । |
| ३. | संवाद, परामर्श र मनोसामाजिक परामर्श शाखा | • सत्य स्थापित गर्न आवश्यक परामर्श गर्ने, पीडितहरुले आफ्ना कुरा सहज रुपमा राख्न सक्ने वातावरण बनाउन, जीवन प्रति उत्साह जगाउन र नैरास्यता कम गराउन आवश्यक कार्यहरु गर्न । | • मेलमिलापको अवस्था सृजना गर्न सरोकारवालहरुसँग निरन्तर संवाद तथा परामर्शका कार्यक्रमहरु संचालन गर्ने ।<br>• पीडित, बिज्ञ तथा पीडकलाई एकै स्थानमा ल्याई छलफल गर्ने तथा गर्दा मेलमिलापका आधारहरु खोज्ने ।<br>• पीडितका समस्या, गुनासा तथा आवश्यकताहरुको बारेमा जानकारी लिने ।<br>• पीडितको मनोसामाजिक अवस्था बुझ्ने र आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने ।<br>• पीडितको अवस्था सुधारको लागि आवश्यक मनोसामाजिक परामर्श उपलब्ध गराउने । |

## ग) मेलमिलाप महाशाखा अर्न्तगत

| क्रं. सं. | शाखाहरु | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | मेलमिलाप र अवस्था सुधार शाखा | • मेलमिलापका निमित्त प्राप्तभएका निवेदनहरुको छानविन गरी मेलमिलाप कार्य अघि बढाउन आयोगलाई आवश्यक सहयोग गर्न ।<br>• द्वन्द्व पीडित तथा पीडकहरुको बिचमा मेलमिलापको अवस्था सृजना गर्नका लागि आवश्यक कार्यहरु गर्न । | • मेलमिलापको वातावरण निर्माणका सांगीतिक रचनाहरु संकलन र प्रकाशन गर्ने ।<br>• पीडितको शालिकहरु बनाउन लगाउने तथा पीडितको नाममा स्थानहरुको नामाकरण गर्ने ।<br>• पीडितलाई मेलमिलापमा उत्प्रेरण गराउनका लागि पीडितहरुसँग समन्वय गरी आधारहरु<br>• तय गर्ने । मेलमिलपका लागि प्राप्त निवेदनहरु अनुसार पक्षहरुको बिचमा मेलमिलापका कार्यहरु गराउने ।<br>• मेलमिलाप लिखतहरु तयार पार्ने ।<br>• मेलमिलाप भएका घटनाहरुलाई सर्वसाधारणको जानकारीका सार्वजनिकरण गर्ने ।<br>• मेलमिलाप पछि समारोह तथा कार्यक्रमहरु संचालन गरी द्वन्द्वका अन्य पक्षहरुलाई पनि मेलमिलापको लागि प्रेत्साहन गर्ने ।<br>• ऐन तथा नियमले तोकेका अन्य कार्यहरु गर्ने । |
| २. | पीडित तथा लैङ्गिक मैत्री शाखा | आयोगमा पीडित तथा लैङ्गिक मैत्री वातावरण सुनिश्चित गर्न । | • आयोगमा निबेदन, बकपत्र तथा अन्य कार्यका लागि उपस्थित हुने पीडितहरुलाई सहजिकरण गर्ने ।<br>• पीडितहरुको संघ संगठन, महिलाबादी संघ संस्था र महिला अधिकारबादीहरु संघ समन्वय गर्ने<br>• लैङ्गिकता सम्बन्धी तालिम संचालन गर्ने ।<br>• पीडित तथा साक्षीको संरक्षणको व्यवस्थापन गर्ने । |
| ३. | क्षमादान सिफारिस शाखा | • क्षमादान लिन तथा दिन चाहनेको निवेदन उपर छानविन गरी कानुन बमोजिम क्षमादान दिन मिल्ने घटनामा क्षमादानको लागि सरकारलाई सिफरिस गर्न आयोगलाई आवश्यक सहयोग गर्न । | • द्वन्द्वका पीडितहरुले क्षमादान दिन चाहेका र कानुन बमोजिम क्षमादान दिन मिल्ने बिषयहरुको लगत तयार गर्ने ।<br>• कानुन बमोजिम आयोगले क्षमादान दिन मिल्ने बिषयहरुको लगत खडागरी आवश्यक कागजहरु तयार गर्ने ।<br>• क्षमादान सिफरिसमा आयोगलाई चाहिने आवश्यक सेवा उपलब्ध गराउने । |

## घ) कानुन तथा अभियोजन सिफरिस महाशाखा अर्न्तगत

| क्रं. सं. | शाखाहरु | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | कानुन तथा आदेश कार्यान्वय समन्वय शाखा | • आयोगको तर्फबाट काननी प्रतिरक्षाको लागि तथा आयोगका आदेशको कार्यान्वयनको लागि आवश्यक कार्य गर्न । | • आयोगको कानुनी प्रतिरक्षा गर्ने तथा आयोगको तर्फबाट पेश गर्नुपर्ने कागजहरु तयार पार्ने ।<br>• आयोगलाई चाहिने निर्देशिका तथा आवश्यक कानुनी दस्तावेजहरुको मस्यौदा तयार गर्ने ।<br>• आयोगका अन्य शाखाहरुलाई आवश्यक कानुनी सहायत तथा सहयोग उपलब्ध गराउने ।<br>• आयोगले पीडकबाट क्षतिपुर्ति भराउने आदेश गरेमा आवश्यक समन्वय गरी त्यसको कार्यन्वयनका लागि कार्य गर्ने । |

| | | | |
|---|---|---|---|
| | | | • आयोगले कुनै निकायलाई कुनै आदेश दिएमा त्यो सो आदेश कार्यन्वयन गर्न लगाउन आवश्यक कार्य गर्ने ।<br>• आदेश कार्यन्वयनको लागि अदालत, सरकार र अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने । |
| २. | संरचनाको सूधार सिफरिस | • विगतमा भएमा द्वन्द्वका सबै पक्षहरुको अध्ययन गरी आगामी दिनमा हुन सक्ने द्वन्द्व हुन नदिन के कस्ता संरचनागत सुधारगर्नु पर्दछ भनी आयोगले गर्ने सिफरिसको लागि आवश्यक कार्य गर्न । | • विगतका द्वन्द्वका कारणहरु र भविश्यमा हुन सक्ने द्वन्द्वका कारणहरुको बारेमा अध्ययन अनुसन्धान गर्ने ।<br>• आगमी दिनमा हुन सक्ने सम्भाव्य द्वन्द्वका कारणहरु र विद्यमान राज्य संरचनाको सम्बन्धको बारेमा धारणाहरु तयार गर्ने ।<br>• द्वन्द्व रोक्नका लागि आवश्यक संरचनागत सुधारको लागि सिफरिस गर्न दस्तावेज तयार गर्ने ।<br>• सरकारलाई आयोगले गर्ने सिफरिसको लागि आवश्यक कागजात तथा प्रतिवेदनहरु तयार गर्ने । |
| ३. | अभियोजन सिफरिस शाखा | • आयोगले गम्भीर प्रकृतिका मानवअधिकारको उल्लङ्घनको घटनाहरुको अभियोजनका लागि सरकारलाई सिफरिस गर्न आवश्यक अध्ययन र कागजहरु तयार गर्न । | • आयोगले अभियोजनको लागि सिफरिस गर्ने घटना तथा बिषयहरुको बारेमा मापदण्डहरु तय गर्ने ।<br>• अभियोजनको सिफरिसका लागि चाहिने आवश्यक कागजहरु तयार गर्ने ।<br>• सिफारिसको लागि आयोगको कार्यलाई सहयोग गर्ने ।<br>• आयोगले तोके बमोजिमका अन्य कार्यहरु गर्ने । |

## ङ) प्रशासन तथा व्यवस्थापन महाशाखा अर्न्तगत

| क्रं. सं. | शाखाहरु | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | कर्मचारी प्रशासन शाखा | • आयोगका कर्मचारीहरुको व्यवस्थापन गर्न । | • आयोगका कर्मचारीको व्यवस्थापन गर्ने ।<br>• कर्मचारी करारमा लिनु पर्ने भएमा आयोगको निर्देशन बमोजिम नियुक्ती गर्ने ।<br>• आयोगको सल्लाहमा बिज्ञहरुको खोजी र विज्ञ सूची तयार गर्ने र बिज्ञको सेवा लिनको लागि आवश्यक कार्य गर्ने ।<br>• आयोगका पदाधिकारीहरुको सचिवालय तथा पदाधिकारी तथा कर्मचारीको सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने । |
| २. | आर्थिक प्रशासन शाखा | • आयोगको आर्थिक प्रशासनको व्यवस्थापन गर्न । | • आयोगको आथिक प्रशासन व्यवस्थापन गर्ने ।<br>• बजेट बनाउने, भुक्तानीहरु गर्ने, खर्चहरु व्यवस्थापन गर्ने ।<br>• कर्मचारीको तलब, बिज्ञको सेवा शुल्क तथा आयोगको खर्चको बारेमा व्यवस्था गर्ने । |
| ३. | **तालिम शाखा** | • तालिमको योजना तथा व्यवस्थापन गर्ने । | • आयोगका पदाधिकारी, विज्ञ एवं कर्मचारीहरुलाई क्रमशः अभिमूखिकरण कार्यक्रम र आवश्यक तामिलको व्यवस्थापन गर्ने ।<br>• |
| ४. | सञ्चार तथा समन्वय शाखा | • आयोगको अन्य निकायहरुसँग आवश्यक सञ्चार तथा समन्वय गर्न । | • आयोगका गतिविधिहरुको संचारका माध्यमहरुको प्रयोग गरी प्रचार प्रसार गर्ने ।<br>• आयोगले अन्य निकायहरुसँग गर्नु पर्ने सम्पर्कको लागि आवश्यक कार्य गर्ने ।<br>• आयोग र अन्य निकाय बीचको समन्वयको लागि तयारी गर्ने । |
| ५. | सूचना प्रविधि शाखा | • आयोगका कार्यहरुलाई नागरिकको पहुँचमा पुऱ्याउन तथा आवश्यक रेकर्ड राख्न सूचना प्रविधिको प्रयोग गर्न । | • आयोगको वेभसाइट संचालनमा ल्याउने ।<br>• आयोगका सुचनाहरुको संप्रेषणको लागि समाजिक सञ्जालक प्रयोगमा ल्याउने ।<br>• आयोगमा आउने तथा उत्पादन हुने सूचना, जानकारी तथा कागजहरुलाई डिजिटलाइज गर्ने ।<br>• आयोगका कर्मचारीहरुको लागि आवश्यक कम्पुटरको नेटवर्किक गर्ने ।<br>• आयोगलाई चाहिने आवश्यक इन्टरनेटको व्यवस्थापन र समन्वय गर्ने ।<br>• आयोगको लागि चाहिने तथ्याङ्क संकलन तथा प्रशोधनको लागि सर्भरको व्यवस्था गर्ने । |
| ६. | जिन्सी शाखा | • आयोगका प्राप्त हुने सामाग्रीहरुको संरक्षण र व्यवस्थापन गर्ने । | • खरिद आदेश तथा खरिद पक्रिया अघाडी बढाउने ।<br>• आयोगले खरिद गरेका सामाग्रीहरुको जिन्सी खातामा आम्दानी बाधी भण्डारण गर्ने ।<br>• माग फारमहरु का आधारमा सामाग्री वितरण गर्ने |
| ७. | पदाधिकारी सचिवालय / कार्यालय | • पदाधिकारीहरुलाई कार्यालयमा कार्य सम्पादनमा आवश्यक प्रशासनिक, संयोजनात्मक, संचार तथा अन्य आवश्यक कार्यमा सहयोग गर्न । | • आयोगको पदाधिकारी र सचिवालयको बिचमा हरेक कामको संयोजन र समन्वय गर्ने ।<br>• पदाधिकारीहरुको बाह्र संचार र सम्पर्कमा आवश्यक सहयोग गर्ने ।<br>• पदाधिकारीको भेटघाट तथा वैठकको लागि तयारी र संयोजन गर्ने ।<br>• पदाधिकारीको लागि चाहिने आवश्यक सहयोग गर्ने । |
| ८. | पदाधिकारीका लागि निजी सचिव | • पदाधिकारीहरु सामाजिक रुपमा कार्यलयको कार्यमा मात्र सिमित नरही ऐन उद्देश्य प्राप्तिका लागि निवासबाट समेत जनसम्पर्कमा रहनु पर्ने भएकोले पदाधिकारीलाई कार्य सम्पादनमा आवश्यक संयोजनात्मक र संचार लगायतका आवश्यक कार्यमा सम्वन्धित पदाधिकारीलाई सहयोग गर्न । | • आयोगको पदाधिकारी र सचिवालको बिचमा हरेक कामको संयोजन र समन्वय गर्ने ।<br>• पदाधिकारीहरुको बाह्र संचार र सम्पर्कमा आवश्यक सहयोग गर्ने ।<br>• पदाधिकारीको भेटघाट तथा वैठकको लागि तयारी र संयोजन गर्ने ।<br>• पदाधिकारीको लागि निवासबाट कार्य गर्दाको अवस्थामा चाहिने आवश्यक सहयोग गर्ने । |

## च) अभिलेख इकाइ

| क्र. सं. | इकाइ | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | अभिलेख इकाइ | • आयोगका सबै शाखाहरुसँग समन्वय गरी आयोगको एकिकृत प्रतिवेदन तयार गर्न आवश्यक कार्य गर्न । | • बिभिन्न शाखाहरुसँग समन्वय गरी आयोगका गतिविधिहरुको दस्तावेज तयार पार्ने ।<br>• आयोगका कार्यको आवश्यक डिजिटल बृतचित्रहरु तयार गर्ने ।<br>• त्रैमासिक, अर्धबार्षिक, बार्षिक तथा आयोगको सेवा अवधिका बिषयगत रिपोर्ट हरु तयार पार्ने ।<br>• आयोगको वेभसाइटमा राख्न मिल्ने र आयोगको गतिविधि नागरिकको पहुँचमा पुऱ्याउन आवश्यक संक्षिप्त रिपोर्टहरु तयार गर्ने । |

आयोगलाई आवश्यक कर्मचारीको संख्या तथा पदको बारेमा पनि अनुसूचीमा सामान्य खाका उल्लेख गरिएको छ ।

## ४.आयोगमा कर्मचारी / जनशक्ति

सत्य निरुपण तथा मेलमिलाप आयोगमा नेपाल सरकारले नियुक्त गरेको वा तोकेको नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले आयोगको सचिव भई काम गर्नेछ भन्ने दफा १० को व्यवस्थालाई हेर्दा आयोगमा प्रशासनिक प्रमुखको रुपमा सचिव रहने स्पष्ट छ ।सचिवको नेतृत्वमा आयोगको अन्य जनशक्ति रहने छ ।

आयोगको क्षेत्राधिकार, आयोगको काम, कर्तव्य र अधिकार आदिको अध्ययन गर्दा आयोगमा बिषय बिज्ञहरुको पनि आवश्यकता पर्दछ । ऐनको दफा ११ मा आयोगको लागि आवश्यक पर्ने कर्मचारी मन्त्रालयले उपलब्ध गराउनेछ र त्यसरी कर्मचारी उपलब्ध गराउँदा मन्त्रालयले आयोगसँग परामर्श गर्नु भन्ने व्यवस्था छ । सोही दफामा आयोगले माग गरेको विशेषज्ञ कर्मचारी नेपाल सरकारसँग नभएमा वा आयोगले माग गरे बमोजिमको सङ्ख्यामा मन्त्रालयले कर्मचारी उपलब्ध गराउन नसकेमा आयोगले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ भन्ने व्यवस्था छ । ऐनको दफा ३२ अनुसार आयोगले यस ऐन बमोजिम कुनै काम गर्नको लागि आवश्यकता अनुसार सम्बन्धित विषयका स्वदेशी तथा विदेशी विशेषज्ञ वा विशिष्टिकृत निकायको सेवा लिन सक्ने व्यवस्था छ ।

ऐनको मनसाय र आयोगलाई आवश्यक पर्ने बिषय बिज्ञताको आधारमा आयोगमा कर्मचारीहरु नेपाल सरकारको निजामति सेवा र करारमा बिषय बिज्ञ सहित रहन आवश्यक छ जुन कुरालाई ऐनले आत्मसात गरेको छ ।

**४.१ आयोगको प्रशासनिक तथा सचिवालयमा रहने कर्मचारीहरु मध्ये बाहिरबाट बिषय बिज्ञको रुपमा ल्याउने तथा नेपाल सरकारको मन्त्रालयबाट लिने भन्ने सम्बन्धमा निम्न अनुसार सिफारिस गरिएको छ ।**

| क्र.सं. | कर्मचारी | कसरी | किन |
|---|---|---|---|
| १. | सचिवको मातहतमा रहने विषयगत महाशाखाहरुमा रहने महाशाखा प्रमुख<br><br>**तर** महाशाखा प्रमुखलाई आवश्यक बिषयगत ज्ञान, सीप र सहयोग गर्ने गरी चार वटा विषयगत महाशाखामा सचिवको मातहतमा रहने गरी एक एक विज्ञ समेत रहनु आवश्यक छ । | आयोगको सिफारिसमा सरकारी सेवाबाट<br><br>करार सेवा बाट | यसले बिषयगत रुपमा जानकार तथा आयोगसँग सहज तथा समान बुझाइको हिसाबले कार्य गर्न सक्दछ ।<br><br>बिषयगत रुपमा महाशाखा र प्रमुखलाई आवश्यक सल्लाह तथा सुझाव उपलब्ध गराउन आवश्यक हुने हुनाले । |
| २. | सचिवको मातहतमा रहने प्रशासन महाशाखामा रहने महाशाखा प्रमुख | नेपाल सरकारको निजामती सेवाबाट कर्मचारी लिन उपयुक्त हुन्छ । | यसले समग्र व्यवस्थापन र सरकार तथा कर्मचारी प्रशासनसँग सहकार्य र समन्वय गर्न सहज हुने । |
| ३. | महाशाखाको मातहतमा रहने सबै शाखामा रहने कर्मचारीहरु | बिषयगत बिज्ञता र आवश्यकतालाई ध्यान दिई नेपाल सरकार मार्फत व्यवस्थापन गर्ने तथा नेपाल सरकारले उपलब्ध गराउन नसकेमा करार सेवामा नियुक्त गर्ने । | बिषयको बारेमा जानकार कर्मचारी उपलब्ध भएमा आयोगको उद्देश्य परिपुर्ति गर्न सहयोग पुग्ने हुनाले । |
| ४. | प्राविधिक कर्मचारी र अन्य बिशेष ज्ञान भएका कर्मचारीहरु | बिषयगत बिज्ञता र आवश्यकतालाई ध्यान दिई नेपाल सरकार मार्फत व्यवस्थापन गर्ने तथा नेपाल सरकारले उपलब्ध गराउन नसकेमा सेवा करार सेवामा नियुक्त गर्ने । | बिषयको बारेमा जानकार कर्मचारी उपलब्ध भएमा आयोगको उद्देश्य परिपुर्ति गर्न सहयोग पुग्ने हुनाले । |
| ५. | स्वयंसेवक कर्मचारीहरु | स्वयंसेवक कर्मचारीहरु विद्यार्थी र भर्खर पढाइ सिद्धाएका व्यक्तिहरुबाट लिन उपयुक्त हुन्छ । | आयोगलाई आर्थिक भार कम पर्दछ । परिचालन गर्न सजिलो हुन्छ । |
| ६. | सुरक्षाको लागी कर्मचारी हरु | सरकारको समन्वयमा सुरक्षा निकायबाट लिन उपयुक्त हुने । | व्यवस्थापनमा सजिलो र सुरक्षामा राज्यको उपस्थिति आवश्यक हुने । |
| ७. | पदाधिकारी सचिवालयका कर्मचारी | सम्वन्धित पदाधिकारीको सिफारिसमा सरकारी तथा करारबाट | आयुक्तलाई आयोगसँगको समन्वयमा कार्य गर्न सजिलो हुने तथा आयुक्तले बिश्वास गरेको हुनु पर्ने भएकोले । |

आयोगमा कर्मचारीहरु लिदा आयोगको कार्य, प्रकृति र स्वरुपलाई बिशेष ध्यान दिनु आवश्यक छ । आयोगमा लिने कर्मचारीहरु सबै एकैपटक नलिएर महाशाखा र शाखामा प्रारम्भमा निश्चित कर्मचारीहरु लिने र आवश्यकता अनुसार थप गर्दै जानु उपयुक्त हुन्छ । यसले आयोगको व्ययभार कम हुन्छ भने व्यवस्थापनमा पनि सजिलो हुन्छ ।

आयोगमा रहने कर्मचारीको संख्या तथा कर्मचारीको योग्यताको बारेमा निम्न बमोजिम सिफारिस गरिएको छ ।

सत्य निरोपण तथा मेलमीलाप आयोगको क्षेत्राधिकार तथा यसको उद्देश्यहरुलाई हेर्ने हो भने यस आयोगको कार्य विशेष प्रकृतिको छ । यसकारण यस आयोगमा विभिन्न विज्ञ कर्मचारी चाहिने हुन्छ । ऐनको दफा ११ यस आयोगको लागि चाहिने कर्मचारी नेपाल सरकारले उपलब्ध गराउने भन्ने व्यवस्था गरिएको छ । नेपाल सरकारको हालको कर्मचारी प्रशासन व्यवस्था र त्यसरी उपलब्ध हुने जनशक्तिको आधारमा हेर्दा आयोगले ऐनको दफा ११, ३१ र ३२ अनुसार बिभिन्न बिषय विज्ञ कर्मचारी लिन आवश्यक हुन्छ ।

### ४.२ आयोगका लागि चाहिने विज्ञ

निम्न शाखाहरुमा बिषय विज्ञको आवश्यकता पर्नेसक्ने कुरामा ध्यानमा दिई  आयोगको कार्य प्रारम्भ गर्न निम्न अनुसार विज्ञ नियुक्ति गर्न आयोगलाई सिफरिस गरिएको छ ।

#### ४.२.१ सल्लाहाकार समूह

ऐनले आयोगलाई दिएको कार्यदेश बमोजिम, यस्ता प्रकृतिका आयोगका सन्दर्भमा प्रचलित अन्तराष्ट्रिय मान्यता एवं अनुवभ समेतलाई दृष्टगिट गरी सर्वोच्च अदालतबाट संक्रमणकालिन न्यायका सम्बन्धमा पटक पटक दिएका आदेशहरुको भावना अनुसार  आयोगको कार्यलाई प्रभावकारी गराउनका लागि ब्यक्तिगत रुपमा अध्यक्ष वा सदस्यलाई र सामूहिक रुपमा आयोगलाई आवश्यक सल्लाह दिन सल्लाहकार समूह बनाई कार्य गर्न सिफारिश गरिएको छ ।

#### ४.२.२ आयोगलाई चाहिने विज्ञ समूह र बिशेषज्ञ

ऐनको दफा ३१ बमोजिम विभिन्न उप समिति एवं कार्य टोली गठन गरी अनुसन्धान लगायतका आयोगलाई तोकिएका कार्य गर्न  तथा दफा ३२ बमोजिम राष्ट्रिय तथा अन्तराष्ट्रिय विशेषज्ञ मार्फत सेवा लिन आवश्यक पर्ने भएकोले त्यस्ता विज्ञ तथा विशेषज्ञको लागि तत्काल छुट्टै कार्यादेश (ToR) बनाई आयोगलाई आवश्यक परेका बखत सेवा लिन सक्ने गरी आवश्यक प्रवन्ध मिलाउन सिफारिश गरिएको छ ।

#### ४.२.३ अन्य विज्ञ तथा विशेषज्ञ

माथि उल्लिखित बाहेक यस आयोगको कार्य संचालनका लागि अनुसूचि १ र २ बमोजिको जनशक्तिलाई कार्य सम्पादनमा सहयोग पुर्‍याउन निम्न अनुसारको विज्ञ तथा विशेषज्ञ राखी कार्य गर्न सिफारिश गरिएको छ ।

| क्र. सं. | महाशाखा | औचित्य | काम कर्तव्य र अधिकार |
|---|---|---|---|
| १. | अनुसन्धान तथा सत्य अन्वेषण महाशाखा | अनुसन्धान र सत्य अन्वेषण कार्यलाई संक्रमणकालिन न्यायका मान्य सिद्धान्त, ऐनको प्रावधान अनुसार कार्य सुचारु गर्न,<br>द्रुत गतिमा अनुसन्धानको कार्य गर्न | आयोग तथा सम्वन्धित महाशाखालाई सम्वन्धित विषयमा विषयगत ज्ञान तथा सीप उपलब्ध गराउने ।<br>सम्वन्धित महाशाखाको विषय विज्ञको रुपमा काम गर्ने |
| २. | परिपुरण महाशाखा | परिपूरण का प्रमुख पाँच आधारहरुको जगमा परिपूरण सम्वन्धी विस्तृत कार्य योजना तयार गरि लागू गर्न<br>संक्रमणकालिन न्यायका मान्य सिद्धान्त, ऐनको प्रावधान अनुसार कार्य सुचारु गर्न, | आयोग तथा सम्वन्धित महाशाखालाई सम्वन्धित विषयमा विषयगत ज्ञान तथा सीप उपलब्ध गराउने ।<br>सम्वन्धित महाशाखाको विषय विज्ञको रुपमा काम गर्ने |
| ३. | मेलमिलाप महाशाखा | मेलमिलापको सैधान्तीक मान्यता र विस्तृत शान्ति सम्झौताको भावनाअनुसार मेलमिलापको वातावरण तयार गरि मेलमिलाप गराउन ।<br>संक्रमणकालिन न्यायका मान्य सिद्धान्त, ऐनको प्रावधान अनुसार कार्य सुचारु गर्न, | आयोग तथा सम्वन्धित महाशाखालाई सम्वन्धित विषयमा विषयगत ज्ञान तथा सीप उपलब्ध गराउने ।<br>सम्वन्धित महाशाखाको विषय विज्ञको रुपमा काम गर्ने |
| ४. | कानून तथा अभियोजन सिफरिस महाशाखा | आयोगलाई आवश्यक कानूनी परार्मश दिन ।<br>मानव अधिकारको विश्वब्यापि मान्यता,सर्वोच्च अदालतका आदेशहरु तथा विस्तृत शान्ति सम्झौताको भावना अनुकुल हुनेगरि अभियोजन सिफारीस गर्न<br>संक्रमणकालिन न्यायका मान्य सिद्धान्त, ऐनको प्रावधान अनुसार कार्य सुचारु गर्न, | आयोग तथा सम्वन्धित महाशाखालाई सम्वन्धित विषयमा विषयगत ज्ञान तथा सीप उपलब्ध गराउने ।<br>सम्वन्धित महाशाखाको विषय विज्ञको रुपमा काम गर्ने |
| ५. | अन्य शाखाहरु | सत्य अन्वेषण शाखा, परिपुरण शाखा, संवाद, परामर्श तथा मनोपरामर्श शाखा, मेलमिलाप अवस्था सुधार शाखा, मेलमिलाप शाखा, संरचनागत सुधार सिफरिस शाखा, अभिलेखिकरण इकाइहरुमा | सम्वन्धित शाखालाई सम्वन्धित विषयमा विषयगत ज्ञान तथा सीप उपलब्ध गराउने । सम्वन्धित शाखाको विषय विज्ञको रुपमा काम गर्ने । |

विज्ञहरु करारमा लिँदा बिषयगत ज्ञान र क्षमता भएको व्यक्ति लिन पर्ने हुन्छ । कार्य प्रकृति अनुसार सबै बिषयगत महाशाखाहरु, सत्य अन्वेषण शाखा, परिपुरण शाखा, संवाद, परामर्श तथा मनोपरामर्श शाखा, मेलमिलाप अवस्था सुधार शाखा, मेलमिलाप शाखा, संरचनागत सुधार सिफरिस शाखा, अभिलेखिकरण इकाइहरुमा विषय बिज्ञको आवश्यकता हुने कुरा पुर्व अनुमान गर्न सकिन्छ ।

यसर्थ आयोगमा कर्मचारीहरु लिँदा आवश्यकतामा आधारित सिद्धान्त तथा अवस्थाको आधारमा कर्मचारीहरु लिनु उपयुक्त हुन्छ ।

## ५. आयोगको भौगोलिक संरचना

ऐनको उद्देश्य र भावनाले सत्य निरुपण तथा मेलमिलाप आयोगको केन्द्रिकृत संरचना र संचालनलाई बढि ध्यान दिएको देखिन्छ । आयोग तथा आयुक्तहरुले प्रयोग गर्ने अधिकार तथा प्रत्यायोजन गर्न सक्ने अधिकारहरु अध्ययन गर्दा यो कुरा बुझ्न सकिन्छ । यसै कुरालाई मध्यनजर गरेर बलियो केन्द्रिकृत संरचनामा आधारित आयोगको संरचनालाई जोड दिने गरी सिफारिस गरिएको छ ।

### ५.१ केन्द्रिय संरचनाः

माथि परिच्छेद ३ मा उल्लेख गरिए बमोजिम काठमाडौ उपत्यकामा आयोग, आयोगको सचिवालय र आयोगका **महाशाखा**हरु रहने छन् । आयोगले केन्द्रीय संरचनाकै जगमा देशभरी आवश्यक व्यवस्था गरी कार्यहरु सम्पादन गर्ने छ ।

### ५.२ क्षेत्रीय संरचनाः

सत्य निरुपण तथा मेलमिलाप आयोगको क्षेत्राधिकार, काम, कर्तब्य, अधिकार, आयोगको कार्य प्रकृती तथा बिभिन्न सरोकारवालाहरुसँगको छलफल तथा उनीहरुबाट प्राप्त सुझाव अनुसार आयोगलाई क्षेत्रीय संरचना नचाहिने सिफरिस गरिएको छ । आयोगले काठमाडौबाट कार्य गर्ने र पीडितको उपस्थिति जिल्ला वा स्थानीय स्तरमा हुने र धेरै कार्य आयोगको उपस्थितिमा नै गर्नु पर्ने भएकोले क्षेत्रीय संरचनाको आवश्यकता नदेखिएको हो । साधन स्रोत कुनै खास प्रयोजनको लागि क्षेत्रीय संरचना आवश्यक भएमा राष्ट्रिय मानवअधिकार आयोग सँग समन्वय गरी दुवै आयोगको समझदारीमा राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्रीय संरचना मार्फत कार्य गर्न उपयुक्त हुने छ । तर भविष्यमा कार्य बोझ र आवश्यकताले आफ्नै संरचना बनाउन आवश्यक भएमा आयोगले आफ्नो क्षेत्रीय संरचना खडा गरी कार्य गर्न उपयुक्त हुन्छ ।

### ५.३ जिल्ला तथा स्थानीय संरचनाः

जिल्ला संरचनाको बारेमा २ वटा संभावनाको सिफारिस गरिएको छ ।

**पहिलो :**

मुलुकको ७५ जिल्ला मध्ये ७३ जिल्लाद्वन्दबाट प्रभावित छन र द्वन्द्वका घटनाहरु घटेको अभिलेखमा छन । यसको आधारमा धेरै घटना भएका जिल्लामा निश्चित समयको लागि आयोगले आफ्नै कार्यालयहरु स्थापना गर्न आवश्यक छ । कम प्रभावित जिल्लाहरुको हकमा नजिकको जिल्ला कार्यालयबाट वा केन्द्रबाट टोलीहरु खटाइ आयोगलाई पीडितको पहुँचमा पुऱ्याउन सक्ने देखिन्छ । पीडितहरु स्थानीय स्तरमा रहेको कुरालाई ध्यानमा राख्दै, उनीहरुको सहज पहुँचका लागि आयोगको उपस्थिति जिल्ला तहमा अनिवार्य भएकाले आयोगको आफ्नै कार्यालय राख्नु उपयुक्त हुन्छ । पीडित समक्ष आयोगलाई तथा पीडितलाई पनि आयोगसँग पुग्न यस्ता कार्यालयहरुको उपस्थितिले सहयोग

पुग्ने छ । जिल्लामा आयोगको आफ्नै कार्यालय रहँदा आयोगको स्वतन्त्रता तथा निश्पक्षता कायम राख्न मद्दत पुग्नेछ ।

**दोस्रो :**

आयोगको कार्यावधि र भुकम्प पछिको अवस्था एवम् प्राथमिकतालाई ध्यानमा राख्दा आयोगको जिल्ला स्तरिय  कार्यालय खोल्न असहज हुने देखिएको हुदा निम्न अनुसार स्थानीय संरचनालाई प्रयोग गरी कार्य गर्न उपयुक्त देखिएकोले  सोही अनुसार सिफारिस गरिएको छ ।

जिल्ला स्थित शान्ति समितिलाई आवश्यक अधिकार दिई आयोगको सम्पर्क कार्यालयको रुपमा बिकास गर्ने र आवश्यक सेवाहरु लिने । यस अर्न्तगत उजुरी र निवेदनहरु लिने, आयोगसँगको सम्पर्क माध्यमको रुपमा कार्य गर्ने, स्थानीय स्तरमा जनता वा पीडित माझ आयोगका बिचार तथा कार्यहरुलाई पुऱ्याउने, मेलमिलापको लागि बातावरण बनाउने जस्ता कार्यहरु पर्दछन् । तर स्थानीय शान्ति समितिको हाल कै संरचना एवं कार्य प्रणली आयोगको लागि उपयुक्त नहुने देखिएकोले शान्ति समितिको हालको संरचना एवं कार्यविधिलाई आवश्यक परिमार्जन गरी आयोग सँग कार्य गर्नका लागि छुट्टै कार्यविधि बनाउन सिफारिस गरिन्छ । साथै स्थानीय शान्ति सचिवलाई आयोग प्रति जवाफदेही बनाउन जरुरी छ ।

शान्ति समिति मार्फत कार्य गर्दा आयोगले आवश्यकता अनुसार केन्द्रीय तहबाट घुम्ती टोली खटाइ जिल्ला तथा गाविसमा अस्थाई संरचना खडागरी कार्य गर्न सकिन्छ । यसरी घुम्ती टोली खटाउँदा सो घुम्ती टोलीमा केन्द्रबाट आवश्यक विज्ञ तथा कर्मचारीहरुको खटनपटन गर्नु पर्ने हुन्छ । घुम्ती टोलीहरु खटाउदा कर्मचारीहरु र बिज्ञसँग सँगै स्वयंसेवकहरु पनि परिचालन गर्न सकिन्छ । आवश्यक तालिम दिएर कर्मचारी वा विज्ञको नेतृत्वमा उनीहरुलाई परिचालन गरेमा उनीहरुले पनि अवसर पाउने र अस्थाइ प्रकृतीमा कर्मचारीहरुको कार्य गराउन सकिने हुन्छ ।

## ६. चुनौति

यस आयोगको संगठानात्मक ढाँचा निर्माण गर्ने सन्दर्भमा गरिएका अध्ययन तथा छलफलले आयोगका केहि चुनौतीहरु पनि पहिचान गरिएको छ । कार्य सम्पादनको क्रममा आयोगलाई यस्ता चुनौतीको पूर्व जानकारी भएमा त्यसको सामना गर्न सजिलो हुने विश्वासका साथ पहिचान गरिएका चुनौतीहरुलाई यहाँ उल्लेख गरिएको छ ।

## ६.१ स्रोतको अपर्याप्तता

साधन र स्रोतको कमी नेपालको साझा समस्या हो । राज्यका सबैजसो निकायहरुमा सीमित स्रोतलाई प्राथमिकताको आधारमा परिचालन गर्नु पर्ने अवस्था छ । अहिलेको सन्दर्भमा नेपाल सरकारको प्राथमिकता  बैशाख १२ र २९ मा गएको बिनासकारी भुकम्पका कारण भुकम्प पीडितहरुलाई राहत, पूनःनिर्माण तथा व्यवस्थापन मा केन्द्रित छ । यस सन्दर्भमा एकातिर सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्य तथा त्यसको सिफारिसमा सरकारले गर्ने कार्यको लागि ठूलो स्रोतको आवश्यकता पर्ने तर अर्कोतिर परिस्थिति उल्टो दिशातिर रहेकोले पर्याप्त साधन स्रोतको अभावमा नै आयोगले आफ्ना कार्यहरु सञ्चालन गर्नुपर्ने अवस्था छ ।

## ६.२ आयुक्त तथा कर्मचारीहरुको सुरक्षा अवस्था

बिगतको द्वन्द्वका पीडकहरु अहिले पनि शक्ति तथा पहुँचमा रहेको कुरा सबैमा बिदितै छ । यस सन्दर्भमा अनुसन्धान तथा सत्य निरुपणको लागि गरिने कार्यमा आयुक्त तथा कर्मचारीको सुरक्षा चुनौति आउन वा नआउन पनि सक्छ तर आयुक्त तथा कर्मचारीमा मनोबैज्ञानिक दवाव वा असर रहन सक्दछ । यसर्थ आयोगको संरचना बनाउँदा आयुक्त, कर्मचारी तथा आयोगको सुरक्षालाई ध्यानमा राखेर संरचना निमार्ण गर्नु आवश्यक हुन्छ ।

## ६.३  पीडितको अपेक्षा र त्यसका शीघ्र सम्बोधन

लामो समय देखि पीडितहरु न्यायको अपेक्षा गरेर बसेका छन् । उनीहरुमा आशा छ, रिस छ, आक्रोस पनि छ । आयोग बनिसकेपछि आयोगले पीडितका ती माग वा भावनालाई संवोधन गर्ने गरी छिटो र छरितो तरिकाले  कार्य सम्पादन गर्नु पर्दछ । यी माग  वा भावनालाई संवोधन गर्ने गरी संरचना बनाउने र परिचालन गर्नु पनि आयोगको लागि एक चुनौतीको रुपमा रहेको  छ । आयोग बनी सकेपछि पनि पीडितका आवश्यकता वा मागको संवोधन नभएमा पीडितहरुमा बिद्रोहको भाव समेत आउन सक्दछ ।

### ६.४ ध्रुवीकृत राजनीतिक अवस्थाको प्रभाव

सरकार तथा राजनैतिक दलहरुको सत्य निरुपण तथा मेलमिलाप आयोगसँग ठूलो चासो तथा सरोकार छ । अहिले द्वन्द्वका पक्षहरु नै राजनीतिको मूलधारमा रहेका छन् । यस अवस्थामा राजनीतिक अवस्था, दलहरु र उनीहरुको स्वार्थले समग्र प्रकृयामा प्रभाव पार्न सक्दछ । तसर्थ आयोगले संरचना बनाउँदा तथा कार्य संचालन गर्दा राजनीतिक अवस्थाले आयोगको कार्यमा प्रभाव नपार्ने गरी तय गर्नु र कार्य गर्नु आवश्यक छ जुन आयोगको एक मुख्य चुनौती हो ।

### ६.५ कर्मचारीहरुको बिज्ञता र त्यसले कार्य संचालनमा पार्ने प्रभाव

सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यमा प्राविधिक ज्ञान तथा सीप आवश्यक हुन्छ । तसर्थ यसको सिद्धान्त र मर्मलाई बुझेको व्यक्तिबाट मात्र कार्य सम्पादन हुन सक्दछ । ऐनले आयोगका कर्मचारी नेपाल सरकारले पठाउने भन्ने व्यवस्था गरेकोले यस्ता कर्मचारीको बिषय बिज्ञता आयोगको लागि एक महत्वपूर्ण चुनौती हो । यस कारण आयोगमा आउने वा ल्याइने कर्मचारीहरुको व्यवस्थापन गर्दा यो कुरालाई ध्यानमा राख्नु आवश्यक छ । यस कुरालाई समेत मध्यनजर गरी आयोगको संगठनात्मक ढाँचा निर्माण हुन आवश्यक छ ।

## ७. विधि

सत्य निरुपण तथा मेलमिलाप आयोगको संरचना सिफारिस गर्न यो प्रतिवेदन तयार गर्दा निश्चित विधि र प्रकृयालाई अबलम्बन गरिएको छ । यस्ता विधि र प्रकृयाले यो प्रतिवदेनलाई व्यवहारिक तथा उपयोगी बनाउन ठूलो योगदान दिएका छन् ।

### ७.१ कानूनको अध्ययन र विश्लेषण

नेपालको अन्तरिम संविधान, २०६३, विस्तृत शान्ति सम्झौता, वेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र सम्बद्ध अन्य प्रचलित कानूनहरुको अध्ययन तथा अवलोकनलाई बिशेष रुपमा अध्ययन गरिएको छ ।

### ७.२ बिदेशका प्रयोगको बारेमा अध्ययन

द्वन्द्वलाई सम्बोधन गर्न बिभिन्न देशहरुमा यस्तै प्रकृतिका आयोगहरु गठन भएका छन् । समय, सन्दर्भ र आवश्यकता भिन्न भएको भएता पनि नेपालको सत्य निरुपण तथा मेलमिलाप

आयोगहरुको संरचनालाई बढी व्यावहारिक तथा उपयोगी बनाउनको लागि ती आयोगहरुको अनुभव समेत सन्दर्भ सामग्री बन्न सक्दछ । अतः ती आयोगको क्षेत्राधिकार तथा उनीहरुको संरचना एक सन्दर्भ सामग्रीको रुपमा प्रयोग गरिएको छ । मूलतः दक्षिण अफ्रिका, ग्वाटेमाला, टिमोर जस्ता देशका आयोगहरुको अनुभवलाई प्रस्तुत प्रतिवेदनमा सन्दर्भ बनाइएको छ ।

### ७.३ राष्ट्रिय मानवअधिकार आयोग र अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचनाको अध्ययन

स्वतन्त्र संवैधानिक आयोग र निकायको रुपमा कार्य गरिरहेका राष्ट्रिय मानवअधिकार आयोग र **अख्तियार दुरुपयोग अनुसन्धान आयोगको** संरचनालाई सत्य निरुपण तथा मेलमिलाप आयोगको संगठनात्मक ढाँचाको सिफारिस गर्दा सन्दर्भको रुपमा लिइएको छ । अनुसन्धान तथा अन्य केही कार्यमा समानता भएको अवस्थामा यी निकायको संरचना अध्ययनले यो आयोगको कार्यलाई बढी व्यावहारिक बनाउन उपयोगी हुनेछ । सरकारका निकायसँगको सहकार्य तथा व्यवस्थापनको लागि यी निकायहरुको संरचना र प्रयोग निकै उपयोगी हुने देखिन्छ ।

### ७.४ सरोकारवालहरुसँग छलफल :

सत्य निरुपण तथा मेलमिलाप आयोगको संगठनात्मक ढाँचाको बारेमा सरकारका बिभिन्न निकायहरु, पीडितहरु, संवैधानिक तथा कानूनी निकायहरु, अदालत, महान्यायाधिवक्ताको कार्यालय, राष्ट्रिय मान अधिकार आयोग, तथा संक्रमणकालिन न्यायको क्षेत्रमा कार्य गरिरहेका बिज्ञ तथा अभियन्ताहरुसँग छलफल गरी सुझाव संकलन गरिएको थियो । यसले आयोग बढी व्यवहारिक हुने र प्रभावकारी ढङ्गले सम्बोधन गर्न सक्ने विश्वास लिइएको छ ।

बिभिन्न मितिमा सरोकारवालाहरुसँग गरिएको छलफलको विस्तृत विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ ।

# अनुसूची - १ :
# आवश्यक कर्मचारी/जनशक्तिहरुको विवरण

| सि. नं | पद, नाम | श्रेणी | सेवा | समूह/उपसमूह | मौजुदा दरबन्दी | पदपूर्तिको अवस्था | | परिवर्तन | | प्रस्तावित दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पूर्ति | रिक्त | **थप** | **घट** | |
| १ | सचिव | रा.प.विशिष्ट | नेपाल न्याय | कानून | १ | १ | | | | १ |
| २ | सह सचिव | रा.प. प्रथम | नेपाल न्याय | कानून | | १ | १ | | | २ |
| ३ | सह सचिव | रा.प. प्रथम | नेपाल न्याय | सरकारी वकिल | | | २ | | | २ |
| ४ | सह सचिव | रा.प. प्रथम | प्रशासन | सामान्य प्रशासन | | | १ | | | १ |
| ५ | उप सचिव | रा.प. द्वितिय | प्रशासन | सामान्य प्रशासन | | | ३ | | | ३ |
| ६ | उप सचिव | रा.प. द्वितिय | न्याय | न्याय | | | १ | | | १ |
| ७ | उप सचिव | रा.प. द्वितिय | न्याय | सरकारी वकिल | | १ | ३ | | | ४ |
| ८ | उप सचिव | रा.प. द्वितिय | न्याय | कानून | | २ | २ | | | ४ |
| ९ | उप सचिव | रा.प. द्वितिय | स्वास्थ्य | चिकित्सक साइकियाट्रक | | | १ | | | १ |
| १० | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | सामान्य प्रशासन | | | ११ | | | ११ |
| ११ | शाखा अधिकृत | रा.प.तृतिय | प्रशासन | लेखा समूह | | १ | १ | | | १ |
| १२ | शाखा अधिकृत | रा.प.तृतिय | न्याय | न्याय | | | २ | | | २ |
| १३ | शाखा अधिकृत | रा.प.तृतिय | न्याय | कानुन | | | ५ | | | ५ |
| १४ | शाखा अधिकृत | रा.प.तृतिय | न्याय | सरकारी वकिल | | २ | ५ | | | ७ |
| १५ | शाखा अधिकृत | रा.प.तृतिय | स्वास्थ्य सेवा | चिकित्सक साइकियाट्रक | | १ | | | | १ |
| १६ | इन्जिनियर | रा.प.तृतिय | इन्जिनियरीङ | सिभिल | | १ | | | | १ |
| १७ | शाखा अधिकृत | रा.प.तृतिय | प्राविधिक | सम्बाद अधिकृत | | १ | | | | १ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १८ | शाखा अधिकृत | रा.प.तृतिय | विविध | कम्प्युटर अधिकृत | | १ | | | | १ |
| १९ | ना.सु | प्रशासन | सामान्य प्रशासन | १ | १२ | | | | | १३ |
| २० | ना.सु | प्रशासन | लेखा | १ | | | | | | १ |
| २१ | ना.सु | न्याय | कानून | | | | | | | ३ |
| २२ | ना.सु | न्याय | सरकारी वकिल | | | | | | | ६ |
| २३ | ना.सु | न्याय | न्याय | | | | | | | ४ |
| २४ | ना.स. | स्वास्थ्य | | | | | | | | २ |
| २५ | कम्प्युट अपरेटर(ना.सु) . | विविध | विविध | १ | ९ | | | | | १० |
| २६ | फोटो ग्राफर | विविध | विविध | १ | | | | | | १ |
| २७ | ओभरसियर | इन्जिनियरिङ | सिभिल | | | | | | | २ |
| २८ | पुस्तकालय सहायक | शिक्षा | पुस्तकालय | | | | | | | १ |
| २९ | खरिदार | प्रशासन | सा. प्रशासन | १ | १ | | | | | २ |
| ३० | अ.न.मी खरिदार सरह | स्वास्थ्य | स्वास्थ्य | १ | | | | | | १ |
| ३१ | हलुका सवारी चालक | विविध | विविध | ४ | १२ | | | | | १६ |
| ३२ | कार्यालय सहयोगी | | | ३ | २५ | | | | | २८ |
| ३३ | माली | | | | | | | | | १ |
| ३४ | स्विपर | | | १ | १ | | | | | २ |
| | जम्मा | | | | | | | | | १४२ |

# अनुसूची - २ :
# सरोकारवालाहरुसँग गरिएको छलफलको विवरण

| क्रं.सं. | छलफल गरिएका निकाय | सहभागी व्यक्ति |
|---|---|---|
| १. | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | मा.मन्त्री नरहरी आचार्य |
| २. | सत्य निरुपण तथा मेलमिलाप आयोग | पदाधिकारी श्री सूर्यकिरण गुरुङ-अध्यक्ष<br>श्री लिला उदासी खनाल-सदस्य<br>डा. माधवी भट्ट-सदस्य<br>श्री मञ्चला झा-सदस्य |
| ३. | महान्याधिवक्ताको कार्यालय | नायव महान्यायाधिवक्ता श्री ठोकप्रसाद सिवाकोटी<br>सहन्यायाधिवक्ता श्री खगराज पौडेल |
| ४. | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | सचिव श्री भेषराज शर्मा<br>सहसचिव श्री उदयराज सापकोटा |
| ५. | सर्वोच्च अदालत | का.वा.रजिष्टर श्रीकान्त पौडेल |
| ६. | राष्ट्रिय मानव अधिकार आयोग | कार्यवाहक सचिव बेद भट्टराई |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | सहसचिव श्री रामकृष्ण सुवेदी |
| ८. | नेपाल प्रहरी | प्रहरी नायव महानिरीक्षक श्री हेमन्त मल्ल<br>प्रहरी बरिष्ठ उपरीक्षक केदारमान भण्डारी |

# अनुसूचि -४

## संवाद, परामर्श तथा सञ्चार नीति

### विषयसूची


| | |
|---|---|
| १. परिचय | १ |
| २. संवाद, परामर्श तथा सञ्चार नीतिको आवश्यकता | ३ |
| ३. उद्देश्य | ५ |
| ४. कार्यविधि | ७ |
| ५. प्रस्तावित कार्यक्रम र कार्ययोजना | ८ |
| ५.१ सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम | ८ |
| ५.१.१ आमसञ्चार माध्यमसँग सहकार्य | ८ |
| ५.१.२ सार्वजनिक महत्त्वका सन्देश प्रकाशन तथा प्रसारण | ९ |
| ५.१.३ श्रव्य तथा दृश्य कार्यक्रम प्रसारण | १० |
| ५.१.४ नियमित पत्रकार सम्मेलन | १० |
| ५.१.५ सञ्चारकर्मीहरूलाई अभिमुखीकरण | १० |
| ५.१.६ वेबसाइट निर्माण | ११ |
| ५.१.७ सामाजिक सञ्जाल | १२ |
| ५.१.८ इन्टरनेट टेलिफोनी | १२ |
| ५.१.९ वृत्तचित्र निर्माण | १३ |

५.२ विद्‌युतीय सञ्चार सामग्रीको व्यवस्थापन १३

५.३ प्रकाशन तथा प्रचार-प्रसार सामग्री उत्पादन तथा व्यवस्थापन १४

५.४ संवाद तथा परामर्श सम्बन्धी कार्यक्रम १५

५.४.१ संवाद तथा परामर्शको परिचयात्मक/अन्तरक्रियात्मक चरण १५

५.४.२ सत्य अन्वेषण तथा अनुसन्धानको चरण १६

५.४.३ मेलमिलाप र परिपूरणको चरण १८

६. आयोगको छवि निर्माण (ब्रान्डिङ) २०

६.१ एकरूपता २०

६.२ प्रत्यक्ष संवाहन २१

६.३ विश्वसनीयता र जिम्मेवारी २१

६.४ पारदर्शिता २१

७. सञ्चार सम्बन्धी आपत्कालीन तथा वैकल्पिक व्यवस्था २१

८. संस्थागत संरचना २२

८.१ सूचना तथा सञ्चार शाखा २२

८.२ अभिलेख शाखा २३

९. समिक्षा २४

१०. निष्कर्ष २४

परिशिष्ट १ २७

# सम्वाद, परामर्श तथा सञ्चार नीति, २०७२

## परिचय

नेपाल सरकार र तत्कालीन ने.क.पा. (माओवादी) बीच २०६३ साल मङ्सिर ५ गते सम्पन्न विस्तृत शान्ति सम्झौता (शान्ति सम्झौता) ले मुलुकमा एक दशकभन्दा लामो समयसम्म चलेको सशस्त्र द्वन्द्व विधिवत् अन्त्य गरी समाजमा शान्ति स्थापना र मेलमिलाप कायम गर्दै दण्डहीनता निरुत्साहित गर्ने वातावरण बनेको छ ।

शान्ति सम्झौताको बुँदा नं. ५.२.५ र नेपालको अन्तरिम संविधान, २०६३ (अन्तरिम संविधान) को धारा ३३ मा सशस्त्र द्वन्द्वका क्रममा भएका मानवअधिकारको गम्भीर उल्लङ्घनका घटना र त्यस्तो घटनामा संलग्न व्यक्तिहरूबारेमा वास्तविक सत्यतथ्य पत्ता लगाई सार्वजनिक गर्ने, पीडितको सहमतिमा मेलमिलापको वातावरण सिर्जना गर्ने, पीडितलाई परिपूरणका लागि र गम्भीर अपराधमा संलग्न व्यक्तिलाई अभियोजनका लागि सिफारिश गर्ने लगायतका काम गर्न उच्चस्तरीय सङ्क्रमणकालीन संयन्त्रहरूको परिकल्पना गरिएको छ । त्यसैअनुरूप बेपत्ता पारिएका व्यक्तिको छानबीन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन (आयोगको ऐन), २०७१ व्यवस्थापिका-संसदबाट जारी भएको हो । यसै ऐनअनुसार २०७१ साल माघ २७ गते नेपाल सरकारले सत्य निरुपण तथा मेलमिलाप आयोग (आयोग) गठन गरेको हो ।

द्वन्द्वकालमा मानवअधिकार र मानवीय कानून उल्लङ्घनका घटनाहरू बढी मात्रामा घटेका हुन्छन् । यस्ता घटनालाई मुलुकको विद्यमान न्यायिक एवं प्रशासनिक संयन्त्र र संरचनाबाट मात्र पूर्णतया सम्बोधन गर्न सकिँदैन भन्ने मान्यता विश्वमा स्थापित भइसकेको छ । प्राज्ञिक क्षेत्रमा न्याय र सङ्क्रमणलाई जोड्ने माध्यमका रूपमा सङ्क्रमणकालीन न्यायलाई लिने गरिएको छ । द्वन्द्वबाट गुज्रिएका धेरैजसो

मुलुकहरूले विभिन्न खालका सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू निर्माण गरेको पनि पाइन्छ । यस्ता संयन्त्रहरूले व्यक्तिको सत्य जान्न पाउने हक (Right to Truth) को संरक्षण गर्दै राष्ट्रलाई दिगो शान्ति र मेलमिलापतर्फ अगाडि बढाउन र दण्डहीनतालाई निरुत्साहित गर्न सहयोग मिल्दछ भन्ने विश्वास गरिन्छ । नेपालले पनि यही विश्वासका साथ अन्तरिम संविधान र शान्ति सम्झौतामा उल्लिखित सङ्क्रमणकालीन न्यायका विशिष्ट उद्देश्यहरू पूरा गर्न यस आयोग गठन गरेको हो ।

सिद्धान्ततः द्वन्द्वोत्तर मुलुकमा सत्य निरुपण तथा मेलमिलाप आयोग वा यस्तै प्रकृतिका संयन्त्र गठन हुनुपर्नेमा सहमति भए पनि यस्ता संयन्त्रहरूको सफलता भने सहज देखिएको छैन । द्वन्द्वपश्चात् शान्ति स्थापनाको विषय र सङ्क्रमणकालीन न्यायका संयन्त्रहरू नेपालका सन्दर्भमा पनि नयाँ भएकाले यस आयोगले सफलतापूर्वक आफनो दायित्व पूरा गर्न विभिन्न कठिनाइ र चुनौती सामना गर्नुपर्ने हुन सक्छ । यस्ता चुनौतीहरू सामना गर्न आयोगको कार्यशैली, कार्यविधि र क्षेत्राधिकार लगायतका विषयमा सबै सरोकारवालाहरूलाई प्रस्ट पार्नु जरूरी छ । तसर्थ यो आयोग र यसका प्रक्रियाहरूबारेका सूचना, तथ्याङ्क, अनुभव तथा सफल अभ्यासहरूको जानकारी अत्यावश्यक भएको छ । साथै मुलुकमा दिगो शान्ति र स्थायित्वका लागि भएका प्रयासहरूको जानकारी यस प्रक्रियामा संलग्न व्यक्ति, संस्थासहित जनसाधारण समेतमा हुनु पनि उत्तिकै सान्दर्भिक देखिन्छ । यसै गरी द्वन्द्व व्यवस्थापन, पुनर्निर्माण, पुनर्स्थापना एवं सङ्क्रमणकालीन न्याय जस्ता विषयमा काम गर्ने पेशाकर्मीहरू, नीतिनिर्माताहरू, अध्ययन-अनुसन्धानकर्ताहरू तथा यस विषयमा प्रत्यक्ष वा परोक्ष रूपमा सरोकार राख्ने व्यक्ति तथा सङ्घसंस्थाहरूमाझ महत्त्वपूर्ण सूचना सामग्रीहरू पुर्यानउनु जरूरी देखिन्छ ।

यही आवश्यकतालाई आत्मसात् गर्दै मिति २०७१/१२/१२ मा आयोगका सदस्य तथा प्रवक्ता डा. माधवी भट्टको संयोजकत्वमा श्री गेजा शर्मा वाग्ले, डा. सुधांशु दाहाल तथा श्री प्रकाश सिंह अधिकारी र उपसचिव केशवकुमार पाण्डे सदस्य रहेको संवाद, परामर्श तथा सञ्चार उपसमिति गठन गरिएको छ । यस उपसमितिलाई आयोगको काम, कर्तव्य र अधिकारका विषयमा प्रचार-प्रसार सम्बन्धी आवश्यक कामका लागि प्रतिवेदन पेश गर्ने जिम्मेवारी दिइएको थियो । त्यसै बमोजिम पहिलो चरणमा यस उपसमितिले आयोगको सञ्चार नीति तयार गरेको छ । यस उपसमितिले आयोगका लागि उपयुक्त एवं प्रभावकारी सञ्चार नीति तर्जुमा गर्न नेपालको संविधान र कानूनहरू, नेपाल सरकारका विभिन्न नीति तथा दस्तावेजहरू र त्यसमा पनि मुख्यत: नेपाल सरकारको प्रस्तावित सञ्चार नीतिको मस्यौदा, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ तथा उच्चस्तरीय मिडिया सुझाव आयोग प्रतिवेदन, २०६३ सहित द्वन्द्व व्यवस्थापन तथा सङ्क्रमणकालीन न्याय सम्बन्धी परामर्श, संवाद र रणनीतिक सञ्चारका अन्तर्राष्ट्रिय अभ्यास र दस्तावेजहरू समेतलाई विशेष ध्यान दिई सोहीअनुरूपका सुझावहरू रहने गरी नीति प्रस्ताव गरेको छ । यसबाहेक उपसमितिले सञ्चार माध्यममा कार्यरत वरिष्ठ पत्रकार, स्वतन्त्र सञ्चारविद् एवं सञ्चारकर्मीहरूसँग पनि संवाद र छलफल गरी सुझाव लिएको छ । यो सञ्चार नीतिको निर्माणले आयोगको प्रचार-प्रसार र जनजागरणका अन्य कार्यक्रमहरू तयार गर्न सहज वातावरण बनेको छ ।

## संवाद, परामर्श तथा सञ्चार नीतिको आवश्यकता

शान्ति सम्झौता र अन्तरिम संविधानले २०५२ फागुन १ गतेदेखि २०६३ मङ्सिर ५ गतेसम्मको समयलाई द्वन्द्वको अवधि मानेको छ । उक्त दशवर्षे सशस्त्र द्वन्द्व अवधिमा भएका घटनाहरूको विषयलाई लिएर यो आयोग गठनपूर्व र अद्यापि

यसको क्षेत्राधिकार, सङ्क्रमणकालीन न्यायका संयन्त्रहरूको अन्तर्राष्ट्रिय अभ्यास, मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरू, अन्तर्राष्ट्रिय कानूनका साथै पीडितको अधिकारका बारेमा राजनीतिक दल, नागरिक समाज, राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ-संस्थाहरू, मानवअधिकारकर्मी र सञ्चार जगतमा एक किसिमको बहस निरन्तर चलिरहेको छ | त्यसैले आयोगका तर्फबाट सही सूचनाको प्रभावकारी सम्प्रेषण तथा गहन संवाद र परामर्श तत्कालै अपरिहार्य भएको छ । नेपाली समाजमा दिगो शान्ति स्थापना गर्ने आयोगको पहुँचमा भइरहेको विस्तारसँगै यसको आन्तरिक र बाह्य सूचना तथा सञ्चार प्रणाली र संवाद तथा परामर्शको प्रक्रियालाई व्यवस्थित बनाई आयोगको प्रभावकारिता अभिवृद्धि गर्नु जरूरी देखिन्छ ।

सञ्चार माध्यममा भइरहेको द्रुततर विकास र त्यसबाट उत्पन्न हुने सकारात्मक र नकारात्मक दुवै खाले परिवेशमा कुनै पनि संस्थाको प्रभावकारिता त्यसले अवलम्बन गर्ने सञ्चार नीतिमा धेरै हदसम्म निहित रहन्छ । यस परिप्रेक्ष्यमा सूचना र सञ्चारको सम्प्रेषण गर्ने मूलधारका र नयाँ आमसञ्चारका माध्यमहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालको भू-बनोट र आर्थिक, सामाजिक तथा सांस्कृतिक परिस्थितिका कारण सबै नेपालीहरू उपलब्ध आमसञ्चारका माध्यमहरूको प्रयोगकर्ता नहुन पनि सक्छन् । अझै पनि उनीहरूको सञ्चार प्रक्रिया परम्परागत र मौलिक पद्धतिअनुरूपको हुन सक्छ । विगतको सशस्त्र द्वन्द्वले नेपालका ७५ मध्ये ७३ जिल्लालाई प्रभावित पारेको र ८० % भन्दा बढी जनसमुदाय ग्रामीण क्षेत्रमा बस्ने भएकाले सञ्चारका मौलिक तथा परम्परागत माध्यमहरू, जस्तोः जात्रा, चाडपर्व, सामुदायिक मञ्च, झ्याली पिट्ने, कटुवाल लगाउने, सडक नाटक आदिलाई पनि पीडितसम्म आफ्ना नीति तथा कार्यक्रमहरू पुर्या उने माध्यमका रूपमा प्रयोग गर्नुपर्ने हुन्छ । यस अतिरिक्त आयोगले आफ्नो कार्य सम्पादन गर्दा आन्तरिक रूपमा सम्बन्धित मन्त्रालय, त्यसअन्तर्गतका विभिन्न कार्यालय र विभाग, महाशाखा तथा

इकाइहरूसँग र बाह्य रूपमा पीडित, सरोकारवाला र अन्य सङ्घ-संस्थासँग विभिन्न तहमा सूचना आदानप्रदान गर्नुपर्ने हुन्छ ।

यसरी आयोगलाई प्राप्त हुने र साथै आयोगले प्रदान गर्ने सूचना तथा जानकारीले आयोगका गतिविधिका बारेमा जनचेतना जगाउनुका साथै यसले गर्ने अनुसन्धान, अनुगमन तथा कार्यसम्पादनका विभिन्न चरणहरूमा समेत महत्त्वपूर्ण भूमिका खेल्दछ । ऐनमा नै उल्लेख भए अनुसार आयोगको हरेक कार्य पारदर्शिता, गोपनीयता र मर्यादालाई केन्द्रविन्दुमा राख्दै सम्पन्न गर्नुपर्ने भएकाले पनि यसले अवलम्बन गर्ने नीतिको प्रभावकारिता व्यवस्थित सूचना तथा सञ्चार कार्यसँग धेरै हदसम्म निर्भर रहन्छ । यसरी सम्बन्धित पीडित, पीडक तथा सरोकारवाला निकायसम्म सूचना पुर्यानउन भइरहेका कार्यलाई थप पारदर्शी, उत्तरदायी तथा नियमित गर्नुसमेत अपरिहार्य भएको छ । आयोगको आन्तरिक सूचना प्रवाहलाई छिटो, छरितो तथा व्यवस्थित बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र नियमित बनाउन पनि उत्तिकै आवश्यक छ । त्यसैले आयोगको कार्यलाई सरोकारवालाहरूको सक्रिय सहभागिता उन्मुख बनाउन एउटा छुट्टै संवाद, परामर्श तथा सञ्चार नीति आवश्यक देखिएको हो ।

## उद्देश्य

मानवअधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटनाको छानबीन, सत्य अन्वेषण तथा अभिलेखन गरी वास्तविक तथ्य जनसमक्ष ल्याउने उद्देश्यले गठित यस आयोगका कामहरू पारदर्शी, विश्वसनीय र प्रभावकारी रूपमा सम्पन्न गर्नु यस संवाद, परामर्श तथा सञ्चार नीतिको मूल उद्देश्य हो । यो कार्य सम्पन्न गर्न यो नीतिले देहाय बमोजिमका थप उद्देश्यहरू लिएको छ ।

३.१ आयोगको उद्देश्य, क्षेत्राधिकार, योजना र गतिविधि सम्बन्धी सूचना तथा जानकारीहरू सार्वजनिक सञ्चार माध्यमहरूमार्फत प्रभावकारी रूपमा सम्प्रेषण गरी नागरिकलाई सुसूचित गर्ने ।

३.२ सञ्चार मैत्री , मानवाधिकार मैत्री, महिला मैत्री, अपाङ्ग तथा घाइते मैत्री नीति अवलम्बन गर्ने ।

३.३ सञ्चार मैत्री नीति अवलम्बन गरी आयोगले गरेको कार्यसम्पादनलाई सञ्चार माध्यमहरूसँगको सहकार्य मार्फत प्रभावकारी रूपमा सम्प्रेषण गरी आयोगको संस्थागत छविलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिष्ठित र मर्यादित बनाउने ।

३.४ आयोगका गतिविधि, सत्यतथ्यको अनुसन्धान, सशस्त्र द्वन्द्वबाट पीडितहरूको सही पहिचान , परिपूरण तथा पारस्परिक सद्भाव, सहिष्णुता र सहमतिमा आधारित मेलमिलापको वातावरण सिर्जना गर्ने ।

३.५ गम्भीर प्रकृतिका मानवअधिकार उल्लङ्घनका घटनामा पीडकलाई अभियोजनको सिफारिशका साथै दिगो शान्ति स्थापनाका लागि गरिने कार्य तथा आयोगका सम्बन्धमा विभिन्न सवालमा आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने ।

३.६ आयोगले दिगो शान्ति स्थापनाका लागि गर्ने कार्यहरूमा प्रभावकारिता ल्याउन सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चारलाई समयानुकूल र प्रभावकारी बनाउने ।

३.७ सत्य अन्वेषण गरी सही पीडितको पहिचान, पक्षपोषण र न्यायोचित व्यवस्था गर्न सरोकारवालाहरूसँग सार्थक तथा सघन संवाद र परामर्श गर्ने ।

३.८ **आयोगका विद्युतीय सञ्चार सामग्रीहरूलाई व्यवस्थित, मर्यादित, जिम्मेवार र प्रभावकारी बनाउने ।**

**३.९ आन्तरिक सञ्चार प्रक्रियालाई व्यवस्थित, प्रभावकारी, पारदर्शी तथा उत्तरदायी**

**बनाउने ।**

**३.१०  आयोगका सबै किसिमका प्रकाशनहरूलाई एकरूपता दिँदै व्यवस्थित गर्ने ।**

**३.११ आयोगलाई वातावरण मैत्री बनाउन विद्युतीय सञ्चार प्रक्रियालाई बढीभन्दा बढी प्रयोग गरी कागजको प्रयोग कम गर्ने ।**

## कार्यविधि

आयोगको उद्देश्य, योजना र गतिविधि आदिका सूचना तथा जानकारीहरू प्रभावकारी रूपमा सम्प्रेषण गर्न यो नीति कार्यान्वयन गर्दा देहाय बमोजिमका कार्यविधि अवलम्बन गरिनेछ ।

४.१  आयोगले निर्माण गर्ने रणनीतिक योजनामा सूचना र सञ्चारसँग सम्बन्धित विषयलाई समावेश गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिनेछ ।

४.२  सूचना तथा सञ्चार सामग्रीको सङ्कलन, उत्पादन, सम्पादन, सम्प्रेषण, अभिलेखीकरण तथा भण्डारण गर्न उपयुक्त संयन्त्र स्थापना गरिनेछ ।

४.३  विद्युतीय माध्यमहरूको सञ्चालनका लागि विद्युतीय सञ्चार निर्देशिका तयार गरिनेछ ।

४.४  आयोगले दिगो शान्ति स्थापनाका लागि गर्ने कार्यहरूमा प्रभावकारिता ल्याउन सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै समयानुकूल र प्रभावकारी सूचना सम्प्रेषण गर्नेछ ।

४.५  आयोगले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्न सञ्चार, मानवअधिकार, संवाद, परामर्श तथा मेलमिलाप सम्बन्धी तालिम लगायत अन्य कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

४.६ आयोगले उत्पादन गर्ने विभिन्न सञ्चार सामग्रीहरू राष्ट्रभाषा, राष्ट्रिय भाषाहरू र अन्तर्राष्ट्रिय भाषामा समेत आवश्यकताअनुसार अनुवाद गर्नेछ । शान्ति मैत्री भाषाको प्रयोग गर्नेछ । सो कार्यका लागि अन्य सरोकारवाला निकायहरूलाई समेत प्रोत्साहन गरिनेछ ।

## प्रस्तावित कार्यक्रम र कार्ययोजना

यस सञ्चार नीतिमा प्रस्तावित उद्देश्यहरू हासिल गर्न सूचना तथा सञ्चार र संवाद तथा परामर्श सम्बन्धी उपयुक्त कार्ययोजना र कार्यक्रमलाई अगाडि बढाउनुपर्ने हुन्छ । त्यसैले सूचना तथा सञ्चार र संवाद तथा परामर्श सम्बन्धी निम्न बमोजिम छुट्टाछुट्टै कार्यक्रम र कार्ययोजना प्रस्तावित गरिएको छ ।

### ५.१. सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम

आयोगको कार्यसम्पादनका क्रममा आधिकारिक दृष्टिकोण समयमै सञ्चार माध्यममार्फत प्रभावकारी रूपमा सम्प्रेषित गर्नुपर्ने हुन्छ । यसै गरी आयोगका सूचना र गतिविधिहरू पनि समयमै जनतामाझ पुर्याधउनुपर्ने हुन्छ । तसर्थ मूलधारका आमसञ्चार माध्यमहरू (अखबार, पत्रपत्रिका, रेडियो र टेलिभिजन) तथा नयाँ माध्यमहरू (वेबसाइट, फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जाल र स्काइप, भाइबर, व्हाट्स एप जस्ता इन्टरनेट टेलिफोनी) का साथै समग्रमा इन्टरनेटका माध्यमबाट प्रकाशन र प्रसारण हुने आमसञ्चारका माध्यमहरू प्रयोग गरी आयोगले आफ्ना सूचना तथा जानकारीहरू नेपाली जनमानसमा प्रभावकारी रूपमा पुर्याउनेछ । यसका लागि तल उल्लिखित सूचना तथा सञ्चार सम्बन्धी विभिन्न कार्यक्रमहरू प्रस्तावित गरिएको छ ।

#### *५.१.१. आमसञ्चार माध्यमसँग सहकार्य*

सार्वजनिक तथा निजी छापा, श्रव्य तथा दृश्य प्रसारण संस्था र विद्युतीय सञ्चार माध्यमहरूसँग सहकार्य गर्ने उद्देश्यले आयोगले सञ्चार मैत्री नीति अवलम्बन गर्नेछ । आयोगका दृष्टिकोण, कामकारबाही तथा सूचनाहरूलाई सञ्चार माध्यममा समाचार, विचार, टिप्पणी, सम्पादकीय, बहस, अन्तरक्रिया र परिसंवादमार्फत प्रकाशन तथा प्रसारण गर्न सञ्चार माध्यमहरूलाई प्रोत्साहित गरिनेछ । यसरी सहकार्य गर्ने क्रममा सञ्चार माध्यमका प्रकाशक, सम्पादक, लेखक, सञ्चारविद् तथा सञ्चारकर्मीहरूसँग समेत आवधिक संवाद तथा परामर्श गरी आवश्यकताअनुसार उपयुक्त रणनीति अवलम्बन गरिनेछ ।

### *५.१.२. सार्वजनिक महत्त्वका सन्देश प्रकाशन तथा प्रसारण*

सत्य निरुपण तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यास, यस आयोगको उद्देश्य र क्षेत्राधिकार, द्वन्द्वपीडितको अधिकार, दिगो शान्ति, सामाजिक सद्भाव र मेलमिलाप सम्बन्धी सार्वजनिक महत्त्वका सन्देशहरू नियमित प्रकाशन तथा प्रसारण गरिनेछ । सार्वजनिक महत्त्वका सन्देश प्रकाशन तथा प्रसारण गर्दा दिगो शान्ति, सामाजिक सद्भाव, सह-अस्तित्व र मेलमिलापको वातावरण सिर्जना गर्न उल्लेखनीय भूमिका निर्वाह हुने विश्वास गरिएको छ । यसरी आमसञ्चार माध्यमको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र प्रभावकारिताका आधारमा विश्लेषण तथा मूल्याङ्कन गर्दा सार्वजनिक महत्त्वका सन्देशहरू प्रकाशन तथा प्रसारण सबैभन्दा प्रभावकारी र उपयुक्त प्रक्रिया मानिन्छ । त्यसैले आयोगले राष्ट्रिय तथा स्थानीय छापा, श्रव्य तथा दृश्य र विद्युतीय प्रकाशन तथा प्रसारण संस्थाहरूमार्फत सार्वजनिक महत्त्वका सन्देश नियमित प्रकाशन तथा प्रसारण गर्नेछ । सार्वजनिक महत्त्वका सन्देशहरू उत्पादनको प्रक्रिया आयोगले अविलम्ब प्रारम्भ गर्नेछ । सार्वजनिक

महत्त्वका सन्देशहरू राष्ट्रिय भाषाका साथै राष्ट्रभाषा र आवश्यकताअनुसार अन्तर्राष्ट्रिय भाषामा समेत प्रकाशन तथा प्रसारण गरिनेछ ।

### *५.१.३. श्रव्य तथा दृश्य कार्यक्रम प्रसारण*

सूचनामूलक, ज्ञानमूलक तथा अन्तरक्रियात्मक बहस कार्यक्रम आयोग आफैँले उत्पादन गरी राष्ट्रिय तथा स्थानीय स्तरका सार्वजनिक तथा निजी श्रव्यदृश्य प्रसारण संस्थामार्फत नियमित रूपमा प्रसारण गरिनेछ । उक्त कार्यक्रम प्रसारण गर्दा नागरिकहरू सुसूचित हुने तथा आयोगका कामकारबाहीका बारेमा सकारात्मक सूचना प्रभावकारी रूपमा सम्प्रेषण हुनेछ । यस्ता कार्यक्रम प्रसारण गर्न आवश्यक बजेट विनियोजन गरी आयोगले नै नयाँ कार्यक्रम उत्पादन तथा प्रसारण गर्ने नीतिलाई उच्च प्राथमिकता दिइनेछ । यसै गरी श्रव्य तथा दृश्य प्रसारण संस्थाहरूमार्फत नियमित रूपमा प्रसारित हुँदै आइरहेका उपयुक्त कार्यक्रमहरूको प्रभावकारिता हेरी उक्त कार्यक्रमहरूलाई प्रायोजन गर्न पनि सकिनेछ । कार्यक्रम उत्पादनको प्रक्रिया अविलम्ब प्रारम्भ गरिनेछ ।

### *५.१.४. नियमित पत्रकार सम्मेलन*

वस्तुगत सूचना र जानकारी नियमित सम्प्रेषण गर्नु आयोगको प्रमुख दायित्व र जिम्मेवारी हो । त्यसैले आयोगको प्रवक्ताले मासिक रूपमा नियमित पत्रकार सम्मेलन गरी सरोकारवालाहरूलाई वस्तुगत सूचना र जानकारी दिने प्रक्रिया यही

श्रावण महिनादेखि प्रारम्भ गरिनेछ । तर विशेष समय र परिस्थितिमा नियमितबाहेक अन्य पत्रकार सम्मेलन पनि आवश्यकताअनुरूप गर्न सकिनेछ ।

### *५.१.५. सञ्चारकर्मीहरूलाई अभिमुखीकरण*

सत्य निरुपण तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यासका बारेमा सञ्चारकर्मीहरूलाई अभिमुखीकरण गर्न आवश्यक देखिएको छ । त्यसैले राजधानी र मोफसलका सञ्चारकर्मीहरूलाई सङ्क्रमणकालीन न्यायका विभिन्न आयामका बारेमा अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ । राजधानीमा मूलधारका सञ्चारकर्मीहरूलाई दुई वा तीन दिवसीय अभिमुखीकरण कार्यक्रम आयोजना गरिनेछ भने क्षेत्रीय तथा जिल्लास्तरमा एक वा दुई दिवसीय हुनेछन् । राजधानीमा सम्पादक, लेखक तथा स्तम्भकारहरूसँगको आवधिक परामर्श बैठकलाई निरन्तरता दिइनेछ । सम्बन्धित विषयमा विशेष ज्ञान भएका राजधानीका सञ्चारकर्मीहरूलाई स्थलगत भ्रमणका क्रममा आवश्यकताअनुसार सहभागी गराउन सकिनेछ ।

### *५.१.६. वेबसाइट निर्माण*

आयोगले आफ्ना सूचना तथा जानकारी प्रभावकारी रूपमा बढीभन्दा बढी व्यक्तिहरूसमक्ष पुर्याउन जरूरी हुन्छ । स्वदेश र विदेशमा रहेका नेपालीहरूमाझ यस्तो सूचना तथा जानकारी अत्यावश्यक हुन सक्छ । साथै विदेशी विज्ञ, अनुसन्धानकर्ताहरू तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्था र निकायहरूको समेत यसमा चासो रहन्छ । तसर्थ यस्ता सूचनाहरूमाथि आम नेपालीका साथै नेपालको शान्ति प्रक्रियाका सहयोगीहरूको सहज पहुँचका लागि वेबसाइट सबैभन्दा उपयुक्त माध्यम हो । आयोगले यसका लागि आफ्नै सर्भर स्थापना गरी अत्याधुनिक र प्रभावकारी प्रविधिबाट वेबसाइट निर्माण गर्नेछ । वेबसाइटको प्रमुख उद्देश्य नै प्रयोगकर्ता मैत्री बनाउनु भएकाले यसमा सही सूचना पूर्ण जानकारी राखिनेछ । वेबसाइटलाई

अन्तरक्रियात्मक, पारदर्शी तथा प्रभावकारी बनाइनेछ । यस वेबसाइटमार्फत पीडित तथा सरोकारवालाहरूको पहुँच विस्तार गर्ने उद्देश्यले अनलाइन उजुरी दिने, उजुरी उपरको कारबाहीबारे जानकारी र अन्य प्रतिक्रिया भए सो पनि दिन सक्ने व्यवस्था गरिनेछ । आवश्यक जनशक्ति व्यवस्था गरी वेबसाइट नियमित अपडेट गरिनेछ । वेबसाइटको भाषा नेपाली र अङ्ग्रेजी हुनेछ ।

### *५.१.७. सामाजिक सञ्जाल*

विश्वमा भइरहेको इन्टरनेटको द्रुततर विकाससँगै विभिन्न सामाजिक सञ्जालहरूको प्रयोग गुणोत्तर रूपमा बढिरहेको छ । विकसित देशहरूमा देखिएको सामाजिक सञ्जालका प्रयोगकर्ताहरूको समूहमा विकासोन्मुख देशका धनी र गरीब, शिक्षित र अर्धशिक्षित, शहरिया र गाउँलेहरू पनि दिनानुदिन सक्रिय सहभागिता जनाउँदै छन् । नेपालमा अहिले फेसबुक, ट्वीटर, इन्स्टाग्राम जस्ता सामाजिक सञ्जालहरू लोकप्रिय छन् । आयोगले उक्त सामाजिक सञ्जालमार्फत आफ्ना सूचना तथा जानकारी र कार्ययोजना नागरिकमाझ पुर्याउन सक्छ । प्रयोगमा आएका सबै सामाजिक सञ्जालहरूको प्रयोग सुविधाजनक नहुने यथार्थलाई ध्यान दिई आयोगले फेसबुक पेज र ट्वीटर हेन्डललाई प्राथमिकतामा राख्दै सूचना तथा जानकारीहरू द्रुत गतिमा सम्प्रेषण गर्नेछ ।

### *५.१.८. इन्टरनेट टेलिफोनी*

प्रविधिको विकासले दूरसञ्चारको माध्यम र प्रक्रिया दुवैमा नयाँ सम्भावना र प्रयोगका मार्गहरू खोलिदिएको छ । यस क्रममा मूलधारको टेलिफोनलाई इन्टरनेटका माध्यमबाट हुने इन्टरनेट टेलिफोनीले एक हदसम्म विस्थापित गर्न खोजिरहेको छ ।

खास गरी युवा पुस्तामाझ र विदेशमा रहेका नेपालीहरूले आफ्ना स्वजनहरूसँग सम्पर्कमा रहन इन्टरनेट टेलिफोनी बढीभन्दा बढी उपयोग गरिरहेको पाइन्छ । यस कारण आयोगले यस्ता माध्यमहरूलाई उपयोग गर्नु जरूरी हुन्छ । हाल स्काइप, भाइबर र व्हाट्स एप बढी प्रयोगमा छन् । आयोगले लोकप्रियता र प्रभावकारिताका आधारमा स्काइप वा भाइबर एकाउन्टमार्फत स्वदेश र विदेशमा रहेका आम नेपालीलाई संवाद, अन्तरक्रिया र छलफलमा सहभागी गराउनेछ ।

### *५.१.९. वृत्तचित्र निर्माण*

सत्य निरुपण तथा मेलमिलाप आयोगको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य, अभ्यास र परिणामका बारेमा सरोकारवालाहरूलाई सुसूचित तथा सचेतना अभिवृद्धि गर्ने उद्देश्यले वृत्तचित्र प्रदर्शन गरिनेछ | यसै गरी नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्यारम्भदेखि समापनसम्म समग्र प्रक्रियाका बारेमा आयोगले वृत्तचित्र निर्माण गर्नेछ |

## ५.२. विद्युतीय सञ्चार सामग्रीको व्यवस्थापन

सञ्चार मन्त्रालयको पछिल्लो तथ्याङ्कअनुसार हाल नेपालमा ६०० भन्दा धेरै रेडियोहरू, ८० भन्दा बढ्ता टेलिभिजन कम्पनी र करीब १०० वटा इन्टरनेट तथा ग्रामीण सूचना संयन्त्रहरूले सञ्चालनका लागि अनुमति पाइसकेका छन् । यसले हाम्रो दैनिक जीवनमा विद्युतीय सञ्चार माध्यमको महत्त्व प्रस्ट्याइदिएको छ । यस पृष्ठभूमिमा आयोगले विद्युतीय सञ्चार माध्यमलाई प्रयोग गर्दा चुस्त व्यवस्थापकीय अवधारणाअनुसार प्रभावकारी संयोजनको आधारमा गर्नुपर्छ । यसका लागि आयोगले विद्युतीय सञ्चारमाध्यमको व्यवस्थापन तल उल्लेख गरिएअनुरूप गर्नेछ ।

५.२.१. आयोगले सत्य अन्वेषणका लागि गर्ने अध्ययन-अनुसन्धानबाट प्राप्त हुने तथ्याङ्क (Data) हरूलाई भण्डारण गर्न एउटा प्रभावकारी, समर्पित (Dedicated) र अत्याधुनिक प्रविधिको डेटाबेस (Database) स्थापना गर्नेछ ।

५.२.२. आयोगको अनुसन्धान तथा अन्वेषण लगायतका गतिविधिसँग सम्बन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू आयोगको सम्पत्तिका रूपमा रहनेछन् ।

५.२.३. सामाजिक सञ्जाल लगायत विभिन्न बेवसाइटहरूमा आयोगको अनुसन्धान तथा अनुगमन लगायतका गतिविधिसँग सम्बन्धित तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू प्रकाशित गर्दा अनिवार्य रूपमा आयोगको सहमतिसहित स्वीकृति लिनुपर्नेछ । अन्य तस्वीर तथा श्रव्यदृश्य सामग्रीहरू सूचना अधिकारीबाट अनुमति लिएर प्रकाशित गर्नुपर्नेछ ।

५.२.४. आयोगको सामाजिक सञ्जालको सञ्चालन आयोगका प्रवक्ताको निर्देशनमा रहने सूचना तथा सञ्चार शाखाका तोकिएका कर्मचारीले गर्नेछन् । सामाजिक सञ्जालमार्फत प्रसार गरिने श्रव्यदृश्य, तस्वीर तथा अन्य जानकारीहरू सूचना अधिकारीको अनुमति लिएर सञ्चार शाखाले व्यवस्थित गर्नेछ ।

५.२.५. आयोगका प्रकाशन, श्रव्यदृश्य सामग्रीहरू तथा अन्य सन्दर्भहरूमा प्रयोग हुने भाषा शान्तिमैत्री हुनेछन्, कुनै लिङ्ग, जाति, धर्म, संस्कृति, समुदाय, वर्ग, क्षेत्र वा सम्प्रदायलाई होच्याउने वा मर्यादामा आँच पुग्ने गरी शब्द तथा वाक्यहरूको प्रयोग गरिनेछैन । मानवअधिकारका आधारभूत मूल्य र मान्यताको पालना गरिनेछ ।

५.२.६. आयोगले राष्ट्रिय भाषाहरूको प्रयोग गर्दा आवश्यकताअनुसार अनुवादकको प्रयोग गरेर ती भाषाहरूको प्रयोगमा प्रोत्साहन गर्नेछ ।

५.२.७. आयोगको नामबाट प्रकाशन, प्रसारण तथा प्रायोजन गर्ने सबै कार्यक्रमहरू आयोगको निर्णयबाट मात्र गरिनेछ ।

## ५.३. प्रकाशन तथा प्रचार-प्रसार सामग्री उत्पादन तथा व्यवस्थापन

आयोगका कामकारबाहीप्रति जनसाधारणको बुझाइमा एकरूपता ल्याउन आयोगले प्रचार-प्रसारका सामग्री निर्माण गर्न आवश्यक छ । यसले जनमानसमा आयोगको क्रियाशीलता र कामकारबाहीलाई तदारुकताका साथ अघि बढाएको सन्देश प्रवाह गर्नेछ । साथै यस्ता प्रचार-प्रसारले सबै पक्षलाई जागरण गराई सक्रिय बनाउन पनि मद्दत पुर्या उँछ ।

द्वन्द्वपीडितहरूको भौगोलिक, सामाजिक, साँस्कृतिक, आर्थिक तथा राजनीतिक अवस्थिति हेर्दा प्रचार-प्रसारका लागि आयोगले विभिन्न खालका प्रत्यक्ष तथा अप्रत्यक्ष माध्यम अपनाउनुपर्ने देखिन्छ । त्यसका लागि आयोगले पर्चा, पम्प्लेट, फ्लेक्स, पोस्टर, ब्रोसियर, एसएमएस, न्यूज लेटर आदि निर्माण गरी तिनको प्रभावकारी प्रयोग गर्दै प्रत्यक्ष रूपमा आयोगको कामकारबाहीलाई गति दिनेछ । यसको प्रयोगले आयोगलाई पारदर्शी र उत्तरदायी बनाउन मद्दतसमेत गर्नेछ । सूचना तथा प्रचार सामग्रीहरू आयोगको सूचना तथा सञ्चार शाखा आफैँले वा प्रचार-प्रसारका सामग्री निर्माण गर्ने दक्ष तथा व्यावसायिक परामर्शदाता वा संस्था आदिको सहयोगमा निर्माण गरिनेछ । परिशिष्टमा प्रचार-प्रसारका आवश्यक सामग्री निर्माणको विवरण दिइएको छ ।

## ५.४. संवाद तथा परामर्श सम्बन्धी कार्यक्रम

विद्‌यमान फौजदारी न्याय प्रणालीबाट हुने अपराध-अनुसन्धानभन्दा सङ्क्रमणकालीन न्यायको संयन्त्रका रूपमा रहेको यस आयोगले गर्ने अन्वेषण तथा अनुसन्धान फरक हुन्छ । सङ्क्रमणकालीन न्यायका लागि प्रयोग गरिने साधनस्रोत र जनशक्तिको प्रकृति र दक्षता पनि फरकफरक हुन्छन् । तसर्थ यस आयोगले गर्ने प्रचार-प्रसार तथा जनजागरणका कार्यक्रमदेखि लिएर सत्य अन्वेषण तथा मेलमिलाप र

परिपूरणका कामहरूमा संवाद तथा परामर्श एउटा महत्त्वपूर्ण माध्यम हुनेछ । तसर्थ यस उपसमितिले विभिन्न चरणमा संवाद तथा परामर्शको कार्यक्रम प्रस्तावित गरेको छ ।

### *५.४.१. संवाद तथा परामर्शको परिचयात्मक/अन्तरक्रियात्मक चरण*

आयोगको क्षेत्राधिकार, सत्य निरुपण तथा मेलमिलाप प्रक्रिया र पीडितको अधिकारका बारेमा समाजका विभिन्न तहमा बहस चलिरहेको छ | यसलाई सम्बोधन गर्नु जरूरी छ । त्यसैले आयोगले राष्ट्रिय, क्षेत्रीय तथा स्थानीय स्तरमा सबै सरोकारवालाहरू (सरकार, राजनीतिक दल, द्वन्द्वपीडित, नागरिक समाज र राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ-संस्थाहरू, सुरक्षा निकायहरू र सञ्चारकर्मी) सँग प्रभावकारी संवाद तथा अन्तरक्रिया जारी राख्नेछ | आयोगको क्षेत्राधिकार, अन्तर्राष्ट्रिय अभ्यास र अन्तर्राष्ट्रिय कानूनका बारेमा संवाद तथा अन्तरक्रियामार्फत अन्तरिम संविधान, शान्ति सम्झौता तथा ऐनको मर्म र भावनाअनुरूप आयोग पीडित मैत्री र मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरूप्रति पूर्ण रूपमा प्रतिबद्ध हुने वास्तविकताप्रति सबै सरोकारवालाहरूलाई आयोगले विश्वस्त बनाउनेछ |

आयोगको क्षेत्राधिकार र अन्तर्राष्ट्रिय अभ्यासका बारेमा सबै सरोकारवालाहरूलाई स्पष्ट पारिसकेपछि संवाद तथा परामर्शका लागि विस्तृत कार्ययोजना बनाई सार्वजनिक बहस, पीडितको कागज बकपत्र तथा पीडकको बयान, घटनाको अध्ययन, अन्वेषण, अनुसन्धान र अन्तरक्रियाका लागि घटनास्थलसम्म जाने कार्यक्रम तय गरिनेछ | द्वन्द्वकालमा भएको मानवअधिकार हनन तथा उल्लङ्घनका बारेमा सर्वसाधारण नेपाली नागरिक तथा पीडितहरूको उजुरी, अभियोग तथा निवेदन दर्ता तथा अभिलेखीकरण प्रक्रिया आयोगले यथाशीघ्र प्रारम्भ गर्नेछ |

### *५.४.२. सत्य अन्वेषण तथा अनुसन्धानको चरण*

द्वन्द्वोत्तर परिवेशमा सत्य निरुपण तथा मेलमिलाप यस्तो विशिष्ट र मौलिक प्रक्रिया हो, जसअन्तर्गत द्वन्द्वकालमा भएका मानवअधिकार हनन सम्बन्धी घटनाहरूको सत्य अन्वेषण र अनुसन्धान गर्ने संवाद तथा परामर्श एउटा महत्त्वपूर्ण माध्यम बन्दछ । माथि नै उल्लेख गरिएअनुसार फौजदारी न्याय र सुरक्षा निकायले गर्ने अपराध अनुसन्धानभन्दा सङ्क्रमणकालीन न्यायमा गरिने अन्वेषण र अनुसन्धान पृथक् हुन्छ । हुन त संवाद तथा परामर्शमार्फत सत्यको अन्वेषण, अनुसन्धान र निरुपण गर्ने प्रक्रिया सहज होइन, अत्यन्त लामो, जटिल र विवादास्पद प्रक्रिया हो । तर जतिसुकै जटिल र विवादास्पद प्रक्रिया भए पनि अन्तरिम संविधान, आयोगको ऐन र शान्ति सम्झौताको मर्म र भावनाअनुरूप यो प्रक्रिया सम्पन्न गर्नुपर्ने हुन्छ । यो प्रक्रिया केवल द्वन्द्वकालमा मानवअधिकार हनन सम्बन्धी कोरा तथ्याङ्क सङ्कलन मात्रै होइन, वास्तविकताको अभिलेखीकरण र दिगो शान्तिको आधारशिला पनि हो । त्यसैले पूर्ण पारदर्शी, जवाफदेही र उत्तरदायी कार्यविधि अवलम्बन गरी नेपाली नागरिकहरूको भावनाअनुरूप यो प्रक्रिया पूरा गरिनेछ ।

द्वन्द्वकालको त्रासदीपूर्ण कालखण्डमा भएका हिंसात्मक घटना, मानवअधिकार हनन तथा जघन्य अपराध जस्ता घटनाको अध्ययन, अन्वेषण तथा अनुसन्धान गर्न तथा मानवअधिकार हननका प्रमाण सङ्कलन गर्न सम्बन्धित विषयका विज्ञ तथा विशेषज्ञसहित आयोगका पदाधिकारी र कर्मचारीहरू स्थानीय स्तरसम्म स्थलगत भ्रमणमा जानेछन् । त्यसैले आयोगले राष्ट्रिय स्तरमा सबै सरोकारवालाहरूसँग आवश्यकताअनुसार यस प्रक्रियाका बारेमा आवधिक रूपमा संवाद, परामर्श र अन्तरक्रिया जारी राख्नेछ । यसै गरी स्थानीय पनि राजनीतिक दल, राज्यका निकायहरू, द्वन्द्वपीडित, नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी र सुरक्षा

निकायहरूसँग विस्तृत तथा व्यापक संवाद, अन्तरक्रिया र छलफलमार्फत सत्य अन्वेषण, अनुसन्धान र निरुपण गर्ने विधि र प्रक्रियालाई अघि बढाइनेछ ।

स्थलगत भ्रमणमा जाने टोलीले सार्वजनिक बहस पीडित व्यक्ति तथा परिवारसँग सामूहिक तथा व्यक्तिगत अन्तरक्रिया र छलफल गर्नेछन् । यसै गरी आरोपित पीडकहरूहरूसँग पनि आवश्यकताअनुसार सामूहिक तथा व्यक्तिगत छलफल गरिनेछ । बलात्कार तथा यौनजन्य हिंसामा परेका पीडितको क्यामेरामा लिइएको बयान र पहिचान गोप्य राखिनेछ । प्रत्यक्ष रूपमा सम्भव नभएमा भिडियोको माध्यमबाट पनि अन्तरक्रिया र छलफल गरिनेछ । पीडकको सम्भावित डर, त्रास, धम्कीको कारणले पीडित तथा साक्षीहरूबाट वास्तविक तथ्य नआउन सक्छ । त्यसैले पीडित तथा साक्षीहरूहरूको सुरक्षाको समेत व्यवस्था गरिनेछ ।

सत्य अन्वेषण तथा अनुसन्धान, पीडित तथा पीडकको बयान र प्रमाण सङ्कलन गरेपछि विस्तृत कार्ययोजना तयार गरी आयोगले संवाद तथा परामर्शको तेस्रो चरण प्रारम्भ गर्नेछ ।

### *५.४.३ मेलमिलाप र परिपूरणको चरण*

आयोगको विस्तृत प्रतिवेदन तयार भएपछि संवाद तथा परामर्शको तेस्रो अर्थात मेलमिलाप तथा परिपूरणको चरण प्रारम्भ हुन्छ । संवाद, परामर्श र अन्तरक्रियामार्फत द्वन्द्वका घाउ, पीडा र मानवीय आघातको उपचार गर्ने प्रक्रिया सरल होइन, अत्यन्त लामो भावनात्मक र संवेदनशील मानवीय प्रक्रिया हो । तर जतिसुकै जटिल र संवेदनशील प्रक्रिया भए पनि अन्तरिम संविधान, आयोगको ऐन र शान्ति सम्झौताको मर्मअनुरूप पूर्ण पारदर्शी, जवाफदेही र उत्तरदायी कार्यविधि अवलम्बन गरी मेलमिलाप र परिपूरणको प्रक्रियालाई सम्पन्न गरिनेछ ।

द्वन्द्वका दुई पक्ष पीडित र पीडकमध्ये पीडक क्षमादान चाहने र पीडित पीडकलाई क्षमादान नदिई कारबाही गर्नुपर्नेमा जोड दिने अवस्था आउन सक्छ । पीडकले क्षमादानका लागि निवेदन गरेमा र पीडितले आफूखुशी मन्जुरी दिएमा मात्र आयोगले त्यसका लागि वातावरण निर्माण गरिदिने हो । कतिपय घटनामा क्षमादान दिनु वा मेलमिलाप गराउनु सहज कार्य नभई चुनौतीपूर्ण हुन सक्छ । **यस्तो स्थितिमा** आयोगले सङ्क्रमणकालीन न्यायको सर्वमान्य सिद्धान्तलाई बिर्सन मिल्दैन । आयोगले उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासहरू / आयोगको ऐनको भावनाअनुरूप पारदर्शी र जवाफदेही प्रक्रियाद्वारा मेलमिलापको वातावरण सिर्जना गरिनेछ | यस आयोगको क्षेत्राधिकार पनि यही हो र शान्ति तथा मेलमिलाप प्रक्रियाको अन्तर्राष्ट्रिय अभ्यास पनि यही नै हो |

संवाद तथा परामर्शमार्फत मेलमिलाप तथा परिपूरण केवल प्राविधिक प्रक्रिया मात्रै होइन, मानवीय भावना र सामाजिक सद्भावको संवेदनशील प्रश्नसमेत हो | यही आधारशिलाबाट नै मेलमिलाप र दिगो शान्तिको प्रवर्द्धन हुनेछ | त्यसैले उक्त मानवीय पक्षलाई समेत सम्बोधन गरी मेलमिलाप तथा परिपूरणको विधि र प्रक्रिया अवलम्बन गरिनेछ | मेलमिलापको वातावरण सिर्जना गर्ने क्रममा पीडित र पीडक दुवैलाई मनो-सामाजिक परामर्श दिनुपर्ने अवस्था सिर्जना हुन सक्छ | त्यसैले यस्तो प्रक्रियामा विशिष्ट ज्ञान र अनुभव भएका मनो-सामाजिक परामर्शदातासमेत आवश्यक पर्ने भएकाले सोहीअनुसार साधन, स्रोत र जनशक्ति व्यवस्थापन तथा परिचालन गरिनेछ | परिपूरणका लागि सिफारिश गर्दा शान्ति सम्झौतापश्चात् दिइएका राहत वितरण र त्यसको प्रभावकारिताको अध्ययन गरिनेछ । यसका लागि पनि पीडितसँग प्रत्यक्ष संवाद तथा परामर्श जरूरी हुन्छ ।

मेलमिलाप तथा परिपूरण प्रक्रिया र विधिका बारेमा अहिले पनि राजनीतिक दल, राष्ट्रिय मानवअधिकार आयोग, द्वन्द्वपीडित, नागरिक समाज, राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ-संस्थाहरू, मानवअधिकारकर्मी, सञ्चारकर्मीहरूले फरकफरक रूपमा बुझेका छन् । त्यसैले सबै सरोकारवालाहरूसँग थप परामर्श तथा छलफल गरी उनीहरूको सुझाव र ऐनको भावनाअनुरूप मेलमिलाप र परिपूरण प्रक्रिया र विधिका बारेमा अन्तिम निर्णय गरिनेछ । मानवअधिकार सम्बन्धी नेपाल पक्ष भएका, नेपालले हस्ताक्षर गरेका तथा संयुक्त राष्ट्रसङ्घद्वारा पारित महासन्धि, अभिसन्धिहरूको भावनालाई समेत आत्मसात् गरी मेलमिलाप र परिपूरणको विधि र प्रक्रिया अवलम्बन गरिनेछ ।

## आयोगको छवि निर्माण (ब्रान्डिङ)

छवि निर्माण वा ब्रान्डिङ कुनै पनि सरकारी वा संवैधानिक निकायले गर्ने कानूनसम्मत गतिविधि हो । धैरैजसो सरकारी वा संवैधानिक निकायले यसको महत्त्व बुझेको पाइँदैन । अधिकांश संवैधानिक निकायहरू सूचना र जानकारीका विविध विधा प्रयोग गर्न हिचकिचाउँछन् । पछिल्ला केही वर्षदेखि यस सोचमा परिवर्तन आएको देखिन्छ । संवैधानिक तथा अन्य खालका उच्चस्तरीय निकायहरूले पनि ब्रान्डिङ जरूरी मात्र नभई अपरिहार्य ठान्न थालेका छन् । वास्तवमा ब्रान्डिङको काम कुनै पनि संस्थाको सही सूचना तथा जानकारी सम्प्रेषण गर्नु मात्र होइन, विश्वासको बलियो आधारमार्फत सकारात्मक छवि निर्माण गर्नु पनि हो । संस्थाको उद्देश्य र जनसेवाको बलियो आधारशिला तयार गर्नु पनि हो ।

सत्य निरुपण तथा मेलमिलाप जस्तो उच्चस्तरीय संवैधानिक आयोगमा पनि यसको प्रयोग विश्वास आर्जनकै लागि हुन्छ । तसर्थ यस आयोगले पनि आफ्ना

गतिविधि तथा कामकारबाहीहरू सम्पन्न गर्दा ब्रान्डिङलाई आधार बनाउनेछ । यसका लागि आयोगको हरेक कार्यक्रम, प्रकाशन, प्रसारण, विद्युतीय उपस्थिति, सार्वजनिक प्रतिनिधित्व लगायतका कार्यहरूलाई यथाशक्य समरूपता दिई आधिकारिक चिह्न, मूल्य र मान्यतासहित आयोगको आफ्नै विशिष्ट पहिचान बनाउने कार्य गरिनेछ । आयोगको छवि निर्माण वा ब्रान्डिङ गर्नका निमित्त यस नीतिले निम्न बमोजिमका कार्यहरूमा जोड दिएको छ ।

### ६.१ एकरूपता

ब्रान्डिङको उद्देश्य आयोगका सबै कार्यहरूको एकरूपता हो । आयोगअन्तर्गतका विभिन्न महाशाखा, शाखा वा इकाइबाट सम्पादित हुने कार्यहरू विशेष गरी सत्य अन्वेषण, परिपूरण र दोषीलाई कारबाहीका लागि सिफारिश आदि कामहरू जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरू भएकाले यिनीहरूको कार्यमा एकरूपता जरूरी हुन्छ ।

### ६.२ प्रत्यक्ष संवाहन

आयोगले आफ्ना नीति, योजना तथा कार्यक्रमहरूका बारेमा निरन्तर रूपमा जनमानसमा प्रत्यक्ष संवाहन गरिरहनुपर्छ । यसका लागि यसले अविच्छिन्न रूपमा एकरूपको प्रचारात्मक चित्रहरू (फोटो, भिडियो, ग्राफिक्स आदि) प्रक्षेपित गरिरहनुपर्छ । यसका लागि आयोगद्वारा छवि निर्माणको सिद्धान्त बमोजिम विभिन्न प्रचारात्मक सामग्रीहरू निर्माण गरिनेछ ।

### ६.३ विश्वसनीयता र जिम्मेवारी

आयोगले आफ्नो विश्वसनीयता र जिम्मेवारी बोध गराउन आफ्ना नीति तथा कार्यक्रमहरूका बारेमा प्रत्यक्ष र परोक्ष तर निरन्तर संवाद, परामर्श र सञ्चार गर्नेछ ।

## ६.४ पारदर्शिता

आयोगको हरेक कामकारबाही ऐनमा नै उल्लेख भएअनुसार पारदर्शितालाई केन्द्रविन्दुमा राख्दै सम्पन्न गर्नुपर्ने भएकाले यसले अवलम्बन गर्ने कार्यहरू विश्वसनीयता बढाउन प्रभावकारी हुनेछन् ।

## सञ्चार सम्बन्धी आपत्कालीन तथा वैकल्पिक व्यवस्था

७.१ आपत्कालीन अवस्थामा कुनै प्रेस विज्ञप्ति जारी वा पत्रकार सम्मेलन गर्नुपर्ने भएमा प्रवक्ताले तत्कालै तत्सम्बन्धी कार्य गर्नेछ।

७.२ उक्त दिन कार्यालयमा नभएको अवस्थामा आयोगको सञ्चार शाखामा रहेको निजको वैकल्पिक कर्मचारीले तत्सम्बन्धी कार्य गर्नुपर्नेछ ।

७.३ आयोगबाट कामको सिलसिलामा स्थलगत रूपमा खटिएको टोलीले स्थानीय रूपमा तत्कालै सत्य निरुपण तथा मेलमिलापका विषयमा सम्बोधन गर्नुपर्ने परिस्थिति उत्पन्न भएमा आयोगको टोली प्रमुखले आयोगको हित तथा दिगो शान्तिमा खलल नपुग्ने गरी सम्बोधन गर्न सक्नेछ । सोको जानकारी यथाशीघ्र आयोगका अध्यक्ष वा प्रवक्तालाई गराउनुपर्नेछ ।

## संस्थागत संरचना

संवाद तथा परामर्श र सूचना तथा सञ्चार जस्ता गहन र संवेदनशील प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न कार्यमूलक संस्थागत संरचना अपरिहार्य छ | त्यसैले आयोगमा सूचना तथा सञ्चार र अभिलेख शाखा स्थापना गर्न आवश्यक देखिन्छ | यस मध्ये सूचना तथा सञ्चार शाखा प्रवक्ताको निर्देशनमा रहनेछ । प्रस्तावित शाखाहरूको उद्देश्य र क्षेत्राधिकार देहाय बमोजिम हुनेछ |

## ८.१ सूचना तथा सञ्चार शाखा

सत्य निरुपण तथा मेलमिलाप आयोगको अन्तर्राष्ट्रिय सिद्धान्त, उद्देश्य र अभ्यास, नेपालको सत्य निरुपण तथा मेलमिलाप आयोगको उद्देश्य र क्षेत्राधिकार, मानवअधिकारका विश्वव्यापी मान्यता र सिद्धान्तहरू, द्वन्द्व कालमा मानवअधिकार हनन, द्वन्द्वपीडितको अधिकार, आयोगको कार्यसम्पादनका बारेमा वस्तुगत सूचना तथा जानकारी सम्प्रेषण गर्नु आयोगको सबैभन्दा महत्त्वपूर्ण दायित्व र भूमिका हो | यसै गरी आयोगको कार्यसम्पादन र क्षेत्राधिकारका बारेमा सरकार, राजनीतिक दल, राष्ट्रिय मानवअधिकार आयोग, द्वन्द्वपीडित, नागरिक समाज र राष्ट्रिय-अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्घ-संस्थाहरूका सुझाव र गुनासाहरूलाई समेत यथाशक्य सम्बोधन गर्नुपर्ने हुन्छ ।

यस्तो गहन र संवेदनशील कार्य प्रभावकारी रूपमा सम्पन्न गर्न आयोगअन्तर्गत सूचना तथा सञ्चार शाखाको स्थापना अपरिहार्य छ | उक्त शाखालाई कार्यमूलक तथा प्रभावकारी बनाउनु पनि अत्यावश्यक छ | त्यसैले आमसञ्चार माध्यमहरू तथा सामाजिक सञ्जालहरूमा सूचना तथा सञ्चार सम्बन्धी कार्यक्रम उत्पादन, प्रकाशन, प्रसारण र अनुगमन प्रक्रियालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नका लागि आमसञ्चार माध्यम र सूचना तथा सञ्चारको महत्त्व र आधुनिक सञ्चार प्रविधिको ज्ञान भएको यथेष्ट दक्ष जनशक्ति, साधन र स्रोतको आवश्यकता पर्ने वास्तविकतालाई आत्मसात् गरी दक्ष जनशक्ति, साधन र स्रोतको व्यवस्थापन गरिनेछ । यसै प्रकार आयोगको **अर्को** महत्वपूर्ण कार्य सार्वजनिक सुनुवाइको कार्यक्रममा समेत अहम् भूमिका रहनुपर्ने हुन्छ ।

## ८.२ अभिलेख शाखा

सूचना तथा सञ्चारसँग सम्बन्धित आयोगका अभिलेख तथा दस्तावेजहरू ऐतिहासिक र दूरगामी महत्त्वका हुने भएकाले तिनको अभिलेखीकरण पनि अत्यन्त महत्त्वपूर्ण पक्ष हो | यस्ता अभिलेख तथा दस्तावेजहरू सार्वजनिक महत्त्वका हुने

भएकाले सर्वसाधारण नेपाली नागरिकदेखि अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूको समेत त्यसमा सहज पहुँच हुनुपर्छ । त्यसैले आयोगका सम्पूर्ण अभिलेख तथा दस्तावेजहरूको दस्तावेजीकरण तथा अभिलेखीकरणका लागि अभिलेख शाखा स्थापना गर्नु आवश्यक हुन्छ । आयोगका सम्पूर्ण अभिलेख तथा दस्तावेजहरू (श्रव्य, दृश्य तथा लिखित दस्तावेजहरू र आयोगको प्रतिवेदन) को दस्तावेजीकरण तथा अभिलेखीकरण (विद्युतीयसमेत) यही शाखाले गर्नेछ । त्यसैले यस शाखाअन्तर्गत यस्तो गहन जिम्मेवारी वहन गर्न सक्षम पर्याप्त दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

## समिक्षा

संवाद, परामर्श तथा सञ्चार नीति तथा कार्ययोजनाको कार्यान्वयन, प्रभावकारिता तथा उपलब्धिका बारेमा आयोगले समिक्षा गर्नु अपरिहार्य छ । यसरी समिक्षा गर्न उपयुक्त संस्थागत संयन्त्र आवश्यक हुन्छ । त्यसैले आयोगका प्रवक्ता, कर्मचारी र सञ्चार क्षेत्र तथा शान्ति प्रक्रियाका विज्ञहरू समेतलाई सहभागी गराई एक समिक्षा संयन्त्र स्थापना गरिनेछ । उक्त संयन्त्रले आयोगमार्फत प्रकाशन तथा प्रसारण भएका कार्यक्रमहरूको प्रभावकारिता र विश्वसनीयताको समिक्षा गर्नेछ । उक्त संयन्त्रको बैठक कम्तीमा महिनाको दुई पटक बस्नेछ । यसै गरी उक्त संयन्त्रले कार्यक्रमहरूको विषयवस्तु र सान्दर्भिकताका बारेमा समेत आयोगलाई आवश्यकताअनुसार नियमित रूपमा समिक्षा दिनेछ ।

## निष्कर्ष

द्वन्द्वबाट गुज्रिएर सङ्क्रमणको अवस्थामा रहेका मुलुकका नागरिकहरूले द्वन्द्व अवधिमा आफ्नो हक-अधिकार गुमाउन बाध्य भएका हुन्छन् । त्यस बेला गुमेका हक-अधिकारको सम्बोधन विद्यमान न्याय प्रणालीबाट मात्र सम्भव नहुने

भएकाले सङ्क्रमणकालीन न्यायको अवधारणाअन्तर्गत सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गरिएको हो ।

यस आयोगले २०५२ साल फागुन १ गतेदेखि २०६३ साल मङ्सिर ५ गतेसम्म चलेको सशस्त्र द्वन्द्वका क्रममा भएका घटनाहरूको सत्यतथ्य जनसमक्ष ल्याउने, नेपाली समाजमा पारस्परिक सद्भाव तथा सहिष्णुताको भावना अभिवृद्धि गर्दै दिगो शान्ति स्थापनाका लागि पीडकको निवेदन र पीडितको सहमतिमा मेलमिलाप गराउन भूमिका खेल्ने, सशस्त्र द्वन्द्वका पीडितलाई परिपूरणका लागि, गम्भीर अपराधमा संलग्न व्यक्तिलाई कानूनी कारबाहीका लागि र सशस्त्र द्वन्द्व नदोहोरियोस् भनी संरचनात्मक सुधारका लागि सिफारिश गर्नेछ । यस्तो गहन र संवेदनशील जिम्मेवारी भएको यस आयोगको भूमिकालाई प्रभावकारी र पारदर्शी बनाउन संवाद, परामर्श तथा सञ्चार नीति तयार गरिएको हो |

यस आयोगले द्वन्द्व पीडित लगायत द्वन्द्वरत सबै सरोकारवालाहरूबीच सही सूचना तथा जानकारी सम्प्रेषण गर्नु र उक्त कार्यका लागि सघन संवाद तथा परामर्शको प्रक्रिया अवलम्बन गर्नु आवश्यक छ । नागरिकको सत्य जान्न पाउने हक, परिपूरणको हक, न्याय पाउने हक सुनिश्चित गर्न आयोगले स्वतन्त्र, निष्पक्ष र स्वायत्त भई काम गर्नुपर्ने हुन्छ । प्रभावकारी, सशक्त र व्यवस्थित सूचना तथा सञ्चार प्रणालीले यसलाई धेरै हदसम्म सहयोग पुर्या,उँछ । यसरी सम्बन्धित पीडित, पीडक तथा सरोकारवाला निकायसम्म सूचना पुर्या्उन  गरिने कार्यलाई थप पारदर्शी, उत्तरदायी तथा नियमित गर्नुका साथै आयोगको आन्तरिक सूचना प्रवाहलाई छिटो, छरितो, व्यवस्थित तथा पारदर्शी बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र नियमित बनाउन यो नीतिले सहयोग पुर्याउनेछ ।

कार्यसम्पादनका क्रममा उत्पन्न हुन सक्ने विविध सवालमा आयोगको आधिकारिक दृष्टिकोण जनसमक्ष पुर्याउन, सत्य अन्वेषण तथा मेलमिलाप प्रक्रियामा प्रभावकारिता ल्याउन र आयोगको संस्थागत छविलाई विशिष्टीकृत गरी सबैलाई ग्राह्य र पीडित मैत्री बनाउन यस नीतिले सञ्चारका विभिन्न विधाहरूको अधिकतम उपयोग गर्दै सूचना तथा सञ्चारलाई समयानुकूल र प्रभावकारी सूचना प्रवाह गर्न आयोगलाई सहयोग पुर्याउनेछ | यसै गरी आयोगको आन्तरिक सूचना प्रणालीलाई व्यवस्थित तथा पारदर्शी बनाई आयोगले सम्पादन गर्ने कार्यलाई अझ प्रभावकारी र उत्तरदायी बनाउन पनि यो नीति सहयोगी हुनेछ । यसै गरी दण्डहीनताको अन्त गर्न, जवाफदेहिताको सिर्जना गर्न, पीडितलाई परिपूरण तथा न्याय प्रदान गर्नुका साथै सामाजिक सद्भाव तथा मेलमिलापमार्फत मुलुकमा दिगो शान्ति स्थापना गर्न पनि यसले निर्णायक भूमिका निर्वाह गर्नेछ |

सरोकारवालाहरूसँग सार्थक तथा सघन संवाद र परामर्श गर्ने र सार्वजनिक तथा निजी छापा, श्रव्यदृश्य प्रसारण संस्था र विद्युतीय सञ्चार माध्यमहरूसँग सहकार्य गर्ने प्रक्रियालाई स्पष्टसँग बुँदागत रूपमा प्रस्तुत गरिएको यो नीतिलाई आयोगले प्रभावकारी रुपमा कार्यान्वयन गरेमा लक्षित उद्देश्य पूरा हुन सक्छ ।

# परिशिष्ट १

## १. फ्लेक्स

परम्परागत रूपमा सार्वजनिक जानकारी गराउनका लागि कपडाको ब्यानर, पेन्टरले तयार गरेको बोर्ड, पम्प्लेट, पोस्टर आदिको प्रयोग गरिन्थ्यो । केही वर्षदेखि ती परम्परागत प्रचार सामग्रीलाई फ्लेक्सले विस्थापित गर्दै छ । यो पेट्रोलियम जेलीबाट निर्माण गरिन्छ । यसलाई विभिन्न आकारमा निर्माण गर्न सकिन्छ । आजकल ठूलठूला प्रचारात्मक सामग्री (होर्डिङ बोर्ड) आदि यसबाट नै बनाइन्छ । यो विशेष गरी साक्षर-शिक्षित व्यक्तिहरूलाई ध्यानमा राखी तयार गरिन्छ । यो गाउँ तथा शहर दुवै ठाउँका लागि उपयोगी छ ।

उद्देश्यः संस्थागत विभिन्न किसिमका जानकारी सार्वजनिक गर्न ।

प्रयोग विधिः १. आचार संहिता २. काम, कर्तव्य र अधिकारको विवरण ३. संस्थाको साङ्गठनिक ढाँचा ४. संस्थागत सम्पर्क व्यक्तिको चिनारी आदि ।

## ब्रोसियर

यो सामग्री संस्थागत परिचयका लागि प्रयोग गरिन्छ । सूचना तथा जानकारीको भारका आधारमा यो एक फोल्ड चार कोलम या दुई फोल्ड छ कोलमसम्मको निर्माण गर्दा आकर्षक देखिन्छ । यसको निर्माण आकर्षक किसिमबाट गरिन्छ । यसलाई संस्थाको कार्यगतिअनुसार वार्षिक रूपमा परिमार्जन गर्नुपर्छ । इन्टरनेट आदिको पहुँच नभएको ठाउँमा यसको प्रयोग उपयोगी हुन्छ । यो विशेष गरी साक्षर-शिक्षित व्यक्तिहरूलाई लक्षित गरी बनाइन्छ ।

उद्देश्यः संस्थाको परिचय, ढाँचा, काम (विगत र नयाँ), अनुभव तथा सम्पर्क आदि सार्वजनिक गर्नका लागि प्रयोग हुने ।

प्रयोग विधिः सत्य निरुपण तथा मेलमिलाप आयोगको परिचय

## पोस्टर

यो एउटा परम्परागत तर सशक्त प्रचार सामग्री हो । यो आकर्षक किसिमले निर्माण गरिन्छ । यो कागजका साथै आजभोलि माथि उल्लेख गरिएको फ्लेक्सबाट पनि निर्माण गरिन्छ । यसमा चित्र/प्रतीक आदिका साथै केही सन्देशहरू पनि राखिन्छ । फोटोग्राफर अथवा चित्रकारहरूले निर्माण गरेको चित्र आदि यसमा प्रयोग गरिन्छ । लिखित भाषाको प्रयोग यसमा साह्है कम गरिन्छ । यसलाई विभिन्न आकारमा निर्माण गर्न सकिन्छ । यो ठूलोमा न्यूज प्रिन्टको आकारमा छापिन्छ । लामो समयसम्म प्रयोग गर्नुपर्ने प्रचार सामग्री निर्माण गर्नुपरे पोस्टरका लागि बाक्लो तथा बलियो कपडा पनि प्रयोग गरिन्छ । कागज, कपडा अथवा फ्लेक्सबाट निर्मित पोस्टरलाई सार्वजनिक स्थलहरूमा राखिन्छ । यसबाट साक्षर-शिक्षित साथै निरक्षर व्यक्तिहरूले पनि जानकारी (चित्रबाट) लिन सक्छन् । यो चेतनामूलक अथवा चेतनाकरण गर्नका लागि प्रभावकारी मानिएको छ । यो गाउँ तथा शहर दुवै ठाउँका लागि उपयोगी छ । लक्षित समूहलाई ध्यानमा राखी यो विभिन्न भाषामा निर्माण गर्न सकिन्छ । यसमा संस्थाको नाम, सम्पर्क ठेगाना तथा प्रतीक चिह्न (लोगो) अनिवार्य रूपमा राख्नुपर्छ ।

उद्देश्यः संस्था क्रियाशील भएको जानकारी गराउन तथा संस्थाले गर्ने क्रियाकलाप फोटो अथवा चित्रका माध्यमबाट सार्वजनिक गर्न ।

प्रयोग विधिः १.द्वन्द्व प्रभावित क्षेत्रमा आयोग क्रियाशील भएको जानकारी गराउन ।

२. फोटो तथा चित्र पोस्टरबाट आयोगको सम्बन्धमा चेतनाकरण गर्न ।

## एसएमएस

नेपालमा मोबाइलको प्रयोग व्यापक छ । सरकारी आँकडाअनुसार नै लगभग डेढ करोड नेपालीले मोबाइल प्रयोग गरिरहेका छन् । मोबाइल हिमाल, पहाड, तराई जतातत‍ै प्रयोग गरिन्छ । यो दुर्गम स्थानहरूमा पनि प्रयोग भइरहेको छ । मोबाइलका माध्यमबाट सूचना जानकारीको प्रसारण व्यापक हुँदै छ । एसएमएस मोबाइलको एउटा सशक्त क्रियाकलाप हो । सूचना, जानकारी तथा सम्पर्कको आदानप्रदान गर्न एसएमएसको प्रयोग गरिन्छ । यो सूचना प्रसारणको छोटो तथा सरल माध्यम हो । यो सस्तो पनि छ । द्वन्द्व प्रभावित व्यक्तिहरूलाई आयोगको सम्पर्कमा आउन आह्वान गर्न (अपिल) यो माध्यम धेरै प्रभावकारी हुन्छ । यो मोबाइल सेवा प्रदायक संस्था एनटीसी, एनसेल आदिको सम्पर्कबाट गर्न सकिन्छ । मोबाइल सेवा प्रदायक संस्थाहरूले एउटा सूचना लाखौँ मोबाइलमा प्रसारण गर्न सक्छन् । यो माध्यम द्वन्द्व प्रभावित दुर्गम क्षेत्रका लागि धेरै प्रभावकारी छ । त्यस कारण यो माध्यम आयोगले उपयोग गर्नुपर्छ ।

उद्देश्यः आयोगको सम्पर्कमा आउन तथा आयोगका माध्यमबाट द्वन्द्व उत्पन्न समस्या समाधानका लागि ।

प्रयोग विधिः १. आयोगको सम्पर्क तथा भेटघाट कार्यक्रममा आउने आह्वान निर्माण

२. द्वन्द्व प्रभावितहरूलाई आयोगको गतिविधिको जानकारी ।

## न्यूज लेटर

न्यूज लेटर कुनै पनि संस्थाको गतिविधिको ऐना हो । यसमा संस्थाले हाल गरिरहेका र भविष्यमा गरिने क्रियाकलापको छोटो जानकारी गराइन्छ । संस्थाको गतिविधिको चाप हेरी यो मासिक वा द्वैमासिक रूपमा प्रकाशन गरिन्छ । मासिक रूपमा प्रकाशन गर्ने हो भने बढीमा चार पानाको उपयुक्त देखिन्छ । साथै गतिविधिको जानकारी

दुई कोलममा टङ्कण गरी चित्र (फोटो) आदि राखे आकर्षक देखिनेछ । आयोगको कामकारबाहीको संवेदनशीलता हेरी यसको प्रकाशनको व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

उद्देश्यः आयोगको कामकारबाही नियमित रूपमा जनमानसमा सम्प्रेषण गर्ने

प्रयोग विधिः चार पानाको आकर्षक कागज (ग्लेज पेपर) मा दुई कोलममा चित्रसहितको गतिविधिको जानकारी प्रकाशन ।

# अनुसूचि -५

## सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि

विषय सूची


| विषय | पृष्ठ |
|---|---|
| पृष्ठभूमि | १ |
| उद्देश्यहरु | १-२ |
| १.आयोगको काम कारवाहीको निष्पक्षता | २ |
| २. पीडित, अशक्त तथा लैङ्गिक मैत्री शाखा | २-३ |
| ३. मनोसामाजिक परामर्श | ३ |
| ४.उजुरी/निवेदन | ३-५ |
| ५.प्राथमिकताको क्रम निर्धारण | ५ |
| ६.कागज तथा बकपत्र | ५-६ |
| ७.पीडितको गोपनीयता | ६-८ |
| ८. सार्वजनिक सुनुवाई | ८-९ |
| ९.साक्षी संरक्षण | ९-१० |
| १०.परिपूरण | १०-१३ |
| ११.मेलमिलाप | १३-१४ |
| १२.आयोगको काम कारवाही सार्वजनिक गर्ने | १४ |
| १३ अभियोजनको लागि सिफारिस | १४ |
| १४.विविध | १४-१५ |

## सत्य निरुपण तथा मेलमिलाप आयोगलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउने सम्बन्धी कार्यविधि

**पृष्ठभूमि**

नेपालको अन्तरिम संबिधान, २०६३, विस्तृत शान्ति सम्झौता र पीडितहरुको मागलाई सम्बोधन गर्दै नेपालमा उच्चस्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोग गठन गर्ने उद्देश्यले वनेको वेपत्ता पारिएका ब्यक्तिको छानविन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ अनुसार स्वतन्त्र, निष्पक्ष, जवाफदेही र उच्च स्तरीय सत्य निरुपण तथा मेलमिलाप आयोगको गठन भएको हो ।

संक्रमणकालीन न्यायको महत्वपूर्ण संयन्त्रको रुपमा गठन भएको यो आयोगले सशस्त्र द्वन्द्वका क्रममा भएका मानव अधिकारको गम्भीर उल्लङ्घन सम्बन्धी घटना र त्यस्तो घटनामा संलग्न ब्यक्तिहरुको वारेमा सत्य अन्वेषण तथा छानवीन गरी बास्तविक तथ्य जनसमक्ष ल्याउन, पीडक र पीडित वीच मेलमिलाप गराउन, पीडितलाई परिपूरणको ब्यवस्था लगायत त्यस्तो घटनासँग सम्बन्धित गम्भीर अपराधमा संलग्न ब्यक्तिलाई कानूनी कारवाहीको लागि सिफारिश गर्ने जस्ता महत्वपूर्ण उद्देश्य बोकेको छ ।

आयोगले गर्ने हरेक काम कारवाहीमा निष्पक्षता, पारदर्शिता र विश्वसनीयता कायम राख्न, पीडित, बालबालिका, बृद्ध, अपाङ्ग र महिलाको सहभागिता सुनिश्चित गर्न तथा पीडित महिला र बालबालिकाको गोपनीयता कायम राख्न, साक्षी संरक्षण र सार्वजनिक सुनुवाईको उचित व्यवस्था गर्न, पीडितहरुको आवश्यकता र अवस्था अनुसारको परिपूरणको लागि सिफारिश गर्न, मेलमिलाप र क्षमादानलाई पीडितमैत्री बनाउन, बलात्कार र अन्य गम्भीर अपराधका दोषीहरुलाई अभियोजनका लागि सिफारिश गर्न महत्वपूर्ण हुने पीडितमैत्री प्रावधानलाई समेटी यो कार्यविधि बनाईएको छ ।

**उद्देश्यहरु**

आयोगले आफ्नो स्वतन्त्र र निष्पक्ष चरित्रलाई अक्षुण्ण राखी पीडित, वालवालिका, बृद्ध, अपाङ्ग तथा महिलाहरुको बिश्वास जिती आयोगका काम कारवाही सम्पादन गर्नका लागि देहाय बमोजिमका उद्देश्यहरु लिई यो कार्यबिधि बनाएको छ ।

(क) समाजमा दीगो शान्ति र मेलमिलापको वातावरण निर्माण गर्न सहयोग पुऱ्याउनु ।

(ख) पीडितहरुसँग मानवीय र सम्मानजनक ब्यवहार गर्ने वातावरण सुनिश्चित गर्नु ।

(ग) पीडित र साक्षीहरुलाई प्रभावकारी संरक्षण गर्ने वातावरण सुनिश्चित गर्नु ।

(घ) आयोगको काम कारवाहीमा सहभागी हुन पीडितहरुका लागि अनुकूल र पीडित मैत्री वातावरण सुनिश्चित गर्नु ।

(ङ) निष्पक्ष र विभेद रहित कार्यविधि सुनिश्चित गर्नु ।

(च) यौनजन्य हिंसाबाट पीडित महिला र बालवालिकाका लागि विशेष मापदण्ड अपनाउनु ।

(छ) सार्वजनिकीकरण र गोपनीयताको उचित सन्तुलन कायम गर्नु ।

## १. आयोगको काम कारवाहीको निष्पक्षता

आयोगले आफ्नो काम कारवाही कसैप्रति आग्रह र पूर्वाग्रह नराखी निष्पक्ष भई देहाय बमोजिम सम्पादन गर्नेछः-

१.१ आयोगले आफ्नो काम कारवाही स्वतन्त्र, निष्पक्ष र विश्वसनीय रुपमा सम्पादन गर्नेछ । यसका लागि आयोगको आचार संहितामा उल्लेखित प्रावधानहरु समेतलाई व्यवहारमा अबलम्बन गरिनेछ ।

१.२ आयोगले कसैप्रति झुकाव, मोलाहिजा वा बदनियत नराखी आफ्नो काम कारवाही गर्नेछ ।

१.३ लिंग, जाति, वर्ग, क्षेत्र, धर्म, भाषा, अपाङ्गता, सम्पत्ति, सामाजिक उत्पत्ति, वैचारिक आस्था वा तीमध्ये कुनैपनि आधारमा कसैलाई भेदभाव नगरी आयोगले आफ्नो काम कारवाही गर्नेछ ।

## २. पीडित, अशक्त तथा लैङ्गिक मैत्री शाखा

आयोगको काम कारवाहीलाई पीडित, बालबालिका, बृद्ध, अपाङ्ग, अशक्त र महिला मैत्री बनाउन पीडित, अशक्त तथा लैङ्गिक मैत्री शाखा खडा गरिनेछ, जसले आयोगको निर्णय अनुसार देहाय बमोजिमको काम गर्नेछः-

२.१ यस शाखाले आयोगमा आउने पीडितहरुलाई सत्कार (जस्तैः आवश्यकतानुसार खानेपानी, चिया र बिश्राम कक्षको व्यवस्था गरी) र आवश्यक सहयोग गर्नेछ ।

२.२. यस शाखाले लैङ्गिक संवेदनशीलतालाई ध्यानमा राख्दै बिभिन्न पीडित समूह, महिलावादी संघ सस्था, महिला अधिकारवादीहरु र वालबालिका तथा अपाङ्गसग सम्बन्धित क्षेत्रमा काम गर्ने संघ सस्थाहरुसँग आवश्यक सम्पर्क कायम राखी समन्वय गर्ने ब्यवस्था गर्न सक्नेछ ।

२.३.यस शाखाले बालबालिका र लैङ्गिकता सम्बन्धी तालिम संचालन गर्ने र लैङ्गिक तथा बाल मैत्री प्रतिवेदनहरु तयार गर्ने कार्य समेत गर्नेछ ।

२.४ यस शाखाले विशेष गरी बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला र बालिकाका लागि विशेष सुनूवाईको आवश्यक ब्यवस्था गर्नेछ ।

## ३. मनोसामाजिक परामर्श

पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा बिशेषतः बलत्कार तथा यौनजन्य हिंसाबाट पीडित भएका महिला तथा बालिकालाई आयोगमा घटनाको सत्य तथ्य भयरहित तवरले ब्यक्त गर्ने वातावरण सृजना गर्न मनोसामाजिक परामर्श दिन आवश्यक पर्न सक्ने हुनाले आयोगले देहाय बमोजिमको ब्यवस्था गर्नेछ :

३.१ आयोगले आफ्नो कार्य सम्पादन गर्दा पीडितको अवाश्यकता अनुसार तिनको सहयोगका लागि आयोगमा मनोसामाजिक परामर्शदाता (Psychosocial counselor) र बाल मनोविज्ञानवेत्ताको व्यवस्था गरिनेछ ।

३.२ प्रकरण ३.१ बमोजिम बिज्ञले आयोगले आफूकहाँ पठाएका पीडितलाई मर्यादित भाषा र व्यवहारमा आवश्यक मनोसामाजिक परामर्श उपलब्ध गराउनेछ ।

## ४.उजुरी/निवेदन

आयोगमा उजुरी निवेदन दिने कार्यलाई सरल र सहज बनाउन आयोगले देहाय बमोजिमको ब्यवस्था गर्नेछः-

४.१ आयोगले उजूरी निवेदन आह्वान गर्दा बहुभाषामा सरल र सहज रुपमा पर्याप्त समय दिई स्थानीय स्तरमा पुग्ने गरी सूचनाको संचार गर्नेछ । यसोगर्दा केन्द्रीय र स्थानीय एफ.एम.रेडियो, टेलिभिजन, पत्रिका, पम्पलेट, र वृत चित्र आदिवाट सम्बन्धित सवैलाई सुसूचित गराईनेछ ।

४.२ आयोगले उजुरी निवेदनको ढाँचा तयार पारी पीडितको सुविधाको लागि बिभिन्न माध्यमबाट उपलब्ध गराउनेछ ।जस्तैःईन्टरनेट,फ्याक्स आदि ।

४.३ आयोगले उजुरी र निवेदन लिखित वा मौखिक जुनसुकै रुपमा पनि लिई दर्ता गर्नेछ र मौखिक उजुरी दिन आएमा कर्मचारीद्धारा लिपिबद्ध गराई सम्बन्धित ब्यक्तिको सहिछाप गराई राख्ने व्यवस्था गर्नेछ ।

४.४ आयोगले उजुरी र निवेदन फ्याक्स /इमेल, इन्टरनेट, अनलाईनबाट पनि दिन सकिने व्यवस्था गर्नेछ ।

४.५ द्वन्द्व प्रभावित जिल्लाहरुमा स्थानीय स्तरको उजुरी/निवेदन अभिलेख गरिदिन आयोगले सहयोगी कक्ष (Help Desk) को व्यवस्था गर्नेछ । यसका लागि आयोगले निर्धारण गरेको संरचना अनुसार उजुरी निवेदन संकलन गर्ने व्यवस्था समेत गर्नेछ ।

४.६ निवेदकले उजुरीसाथ पेश गर्न चाहेका प्रमाण कागजातहरु जस्तैः नागरिकता, लालपूर्जा, विवाह दर्ता प्रमाणपत्र, मेडिकल सर्टिफिकेट जस्ता आवश्यक कागजातहरुको निःशुल्क फोटोकपी गर्ने व्यवस्था आयोगले मिलाउनेछ ।

४.७ अपाङ्ग वा अशक्तले उजुरी दिन स्वयम् आउन चाहेमा तिनको सुविधाका लागि आयोगले अवस्था अनुसारको संरचना (जस्तै : अपाङ्ग मैत्री ह्वीलचेयर, ट्वाइलेट, धारा, आयोगको कार्यालयमा अपाङ्ग मैत्री बाटोको ब्यवस्था आदि) को निर्माण गर्नेछ ।

४.८ आयोगमा उजुरी /निवेदन लिँदा पीडितको आत्मसम्मानमा चोट नपुग्ने गरी शिष्ट र आदरपूर्ण व्यवहार गरिनेछ । यसका लागि पीडित वा साक्षीसँग ठट्टा मस्करी, रुखो, उपहासपूर्ण भाषाको प्रयोग नगरी सधैं मर्यादित भाषाको प्रयोग गरिनेछ ।

४.९ यौनजन्य हिंसाबाट पीडित महिला मौखिक उजुरी दिन आएमा महिला कर्मचारीले नै अभिलेख गर्ने व्यवस्था गरिनेछ ।

४.१० फोनबाट पनि उजुरी निवेदन टिपाउनका लागि आयोगले निशुःल्क सेवा प्रदायक नम्बर (Toll free number) को व्यवस्था गर्नेछ । यसरी उजुरी/निवेदन लिँदा उक्त उजुरीलाई अभिलेख गरी सम्बन्धित व्यक्तिबाट प्रमाणित गराई राख्ने व्यवस्था मिलाईनेछ ।

४.११ आयोगले आफूले दिने सेवा, लाग्ने समय र समयमा नै सो सेवा प्राप्त गर्न नसकेमा गुनासो सुन्ने अधिकारी लगायतका कुराहरु उल्लेख गरी कार्यतालिका सहितको नागरिक वडापत्र तयार गरी आयोगको कार्यालयमा सबैले देख्ने गरी टाँसिनेछ ।

४.१२ आयोगमा उजुरी निवेदन दिन आउने पीडित, बालबालिका, बृद्ध, अपाङ्ग, अशक्त र महिलाका लागि आयोगबाट खानेपानी, चिया र विश्राम कक्ष आदिको विशेष व्यवस्था गरिनेछ ।

४.१३ आयोगले पीडितहरुको सुविधाको लागि घटना अनुसारको परिचय पत्र उपलब्ध गराउनेछ ।

## ५. प्राथमिकताको क्रम निर्धारण

पीडितको अवस्था, अपराधको गम्भीरता र संम्वेदनशीलता समेतलाई बिचार गरी आयोगले गर्ने सुनुवाईलाई प्राथमिकता क्रम निर्धारण गर्न देखिएकोले आयोगले गर्ने सुनुवाई देहाय बमोजिमको प्राथमिकता क्रममा गर्नेछः-

५.१ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला वा वालिका भएको बिषय,

५.२ जेष्ठ नागरिक,अशक्त र अपाङ्गता भएको ब्यक्ति पीडित भएको बिषय,

५.३ वालवालिका पीडित भएको बिषय,

५.४ एकल महिला पीडित भएको बिषय,

५.५ माथि लेखिए वाहेकका हकमा आयोगमा उजूरी निवेदन दर्ताको आधारमा पुरानोको क्रमले,

## ६. <u>कागज तथा बकपत्र</u>

आयोगमा पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिलाको सम्बेदनशीलता समेतलाई बिचार गरी कागज तथा बकपत्र गराउँदा देहाय बमोजिम गराईनेछः

६.१ आयोगमा कागज तथा बकपत्र गराउँदा पीडित (महिला, बालबालिका, बृद्ध, अपाङ्ग) र साक्षीको आत्म सम्मानमा चोट नपुग्ने गरी शिष्ट, सभ्य र मर्यादित व्यवहार गरिनेछ । आयोगमा कागज तथा बकपत्र गराउँदा ठट्टा मस्करी, रुखो, उपहासपूर्ण भाषाको प्रयोग नगरी पीडित वा साक्षीहरुसँग मर्यादित भाषाको प्रयोग गरिनेछ । कागज तथा बकपत्र गराउँदा पीडितको सुविधाका लागि दोभाषेको समेत व्यवस्था गर्न सकिनेछ ।

६.२ आयोगले यौनजन्य हिंसाबाट पीडित महिलाको कागज तथा बकपत्र महिला कर्मचारीद्धारा नै गराउने व्यवस्था गर्नेछ ।

६.३ पीडित महिलाको कागज तथा बकपत्र गराउँदा निजले इच्छाएको व्यक्तिको उपस्थितिमा गराउन सकिनेछ । यसका लागि आयोगको ऐन र नियमावलीमा उल्लेख भए बमोजिम पीडितले चाहेमा आफ्नो कानून ब्यवसायी राख्न दिने ब्यवस्था समेत गरिनेछ ।

६.४ पीडित महिला तथा बालबालिकाले दिएको कागज तथा बकपत्रको व्यहोरा आयोगको काम कारवाही वा कानून बमोजिमको अन्य प्रयोजनको लागि बाहेक गोप्य राख्ने ब्यवस्था गरिनेछ ।

## ७. <u>पीडितको गोपनीयता</u>

यौनजन्य अपराधबाट पीडित भएका महिला तथा वालिकाको मानव अधिकारको प्रत्याभुति तथा व्यक्तिगत परिचयात्मक विवरण तथा घटनाको तथ्य सार्वजनिक गरियो भने उनीहरुले न्यायको अनुभूति गर्ने भन्दा पनि समाजबाट लाञ्छित भई थप पीडा व्यहोर्नु पर्ने अवस्था आउँन सक्छ । त्यसैगरी घर परिवार, गाउँ समाजबाट अपहेलित भएर बाँच्नुपर्ने अवस्था आउँन सक्छ । त्यस्तै उनीहरुलाई पीडकको समूहबाट विभिन्न डर, धाक, धम्की आई जीउ ज्यानमा नै जोखिम पर्न सक्छ । यस्तो अवस्थामा आफू विरुद्ध भएको अन्यायको कानूनी उपचार तथा पीडकलाई सजाय गराउन आयोगमा उपस्थित हुने कार्य परित्याग गर्ने बाटो रोज्न पुग्ने अवस्था आउँन सक्छ । त्यसैले त्यस्ता पीडितको गोपनीयता राख्ने विषय

अति महत्वपूर्ण हुन आउँछ । तसर्थ, आयोगले बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला तथा बालिकाको गोपनीयता प्रचलित कानून बमोजिम कायम गर्नेछ । यसो गर्दा आयोगले देहाय बमोजिमको कार्यबिधि अपनाउने छः-

**७.१ गोप्य राख्नुपर्ने बिवरणहरु**

आयोगले आफ्नो काम कारवाही गर्दा बलत्कार र यौनजन्य हिंसाबाट पीडित महिला तथा वालबालिकाको देहाय बमोजिमको विवरण गोप्य राख्नेछ ।

- पीडित महिला र बालबालिकाको नाम थर, वतन,
- निजका बाबु आमाको नामथर, वतन,
- विवाहित महिला भए निजको पतिको नामथर वतन,
- फोटो,
- कुनै विद्यालय संघ संस्थासँगको आवद्धता लगायतका निजहरुको वैयक्तिक पहिचान खुल्ने अन्य विवरण,
- आयोगले गोप्य राख्ने भनी निर्णय गरेका पीडितको विवरण ।

**७.२ गोपनीयता कायम गर्नुपर्ने कर्तव्य भएका निकाय वा व्यक्तिहरुः-**

देहाय बमोजिमका निकाय वा ब्यक्तिहरुले प्रकरण ७.१ बमोजिमको बिवरण गोप्य राख्नु पर्नेछः-

- आयोग र यसका कर्मचारी तथा विशेषज्ञहरु,
- सम्बद्ध कानून व्यवसायीहरु,
- अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीहरु,
- सञ्चार क्षेत्र,
- आयोगको काम कारवाहीको सिलसिलामा उपस्थित साक्षी वा विशेषज्ञ,

- परिचयात्मक विवरण थाहा पाएका अभिभावक, संरक्षक वा अन्य संघ संस्था र व्यक्तिहरु

**७.३ <u>गोपनीयता कायम गर्ने काम कारवाही</u>**

आयोगका देहाय बमोजिमका काम कारवाहीमा प्रकरण ७.१ बमोजिमको बिवरण गोप्य राखिनेछः-

- उजुरी वा निवेदन दर्ता गर्दा वा उजुरी वा निवेदन अभिलेख गर्दा,
- पीडकका नाममा म्याद सूचना जारी गर्दा,
- बयान बकपत्र गराउँदा ,
- विभिन्न पत्राचार गर्दा,
- प्रमाणहरु संकलन गर्दा,
- पीडित लगायत अन्य व्यक्तिको कागज गराउँदा,
- आयोगले आफ्नो क्षेत्राधिकारभित्रका अन्य सबै काम कारवाही गर्दा,

७.४ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिला वा वालिकासँग सम्बन्धित बिषयको सुनुवाई गर्दा आयोगले बन्द सुनुवाई (in camera Hearing) गर्नेछ ।

७.५ यस आयोगका काम कारवाहीमा त्यस्ता पीडित महिला तथा बालबालिकाको प्रकरण ७.१ बमोजिमको बिवरण परिवर्तन गरी परिवर्तित नामबाट निजसँग सम्बन्धित काम कारवाही गर्ने ब्यवस्था गरिनेछ ।

७.६ बलात्कार र यौनजन्य हिंसाबाट पीडित महिलाको प्रकरण ७.१ बमोजिमको बिवरण त्यस्तो पीडित महिलाको मञ्जुरीले बाहेक सार्वजनिक गर्न पाइने छैन ।

## ८. सार्वजनिक सुनुवाई

सार्वजनिक सुनुवाईको माध्यमबाट द्वन्द्वको समयमा भएका घटनाहरुको सत्य तथ्य पत्ता लगाउन र मेलमिलाप गराउन महत्वपूर्ण योगदान पुग्ने देखिन्छ । तसर्थ, आयोगले मानव अधिकारको गम्भीर उल्लङघन सम्बन्धी बिषयमा सत्य तथ्य पत्ता लगाउन सार्वजनिक सुनुवाई गर्दा देहाय बमोजिमको कार्यबिधि अपनाउनेछ ।

८.१ आयोगले सार्वजनिक सुनुवाई गर्दा सकभर घटनास्थलमा नै गर्ने व्यवस्था मिलाउनेछ ।

८.२ आयोगले घटनाको सत्य तथ्य पत्ता लगाउन पीडक, पीडित, साक्षी र सर्व साधारणलाई राखेर सार्वजनिक सुनुवाईको आयोजना गर्न सक्नेछ ।

८.३ यस्तो कार्यक्रममा पीडित र साक्षीको आत्मसम्मानमा चोट नपुग्ने गरी शिष्ट र मर्यादित भाषा प्रयोग गरी बोल्ने व्यवस्था गरिनेछ ।

८.४ सार्वजनिक सुनुवाई कार्यक्रममा एक पक्षले अर्को पक्षलाई कटाक्षपूर्ण र अपहेलनाजनक शब्द र भाषाको प्रयोग गर्न प्रतिवन्ध लगाईनेछ ।

८.५ आयोगले गर्ने सार्वजनिक सुनुवाईको सम्भव भएसम्म स्थानीय सञ्चार माध्यमबाट प्रत्यक्ष प्रशारण गर्ने ब्यवस्था मिलाउनेछ ।

## ९. साक्षी संरक्षण

संक्रमणकालीन न्यायमा साक्षीको विशेष भूमिका र महत्व रहन्छ । प्रायशः घटनाका प्रमाणहरु नष्ट हुन जाने पीडक/उल्लङ्घन कर्ताहरुबाट नष्ट गरिने र लामो समयसम्म त्यस्ता प्रमाणहरुको हिफाजत गर्न कठिनाई हुन सक्ने हुँदा घटनाका साक्षीहरु नै न्याय सम्पादनमा आयोगले सदुपयोग गर्न सक्ने/भर पर्न सक्ने सबैभन्दा महत्वपूर्ण प्रमाणहरु हुन् । त्यसैले साक्षी र पीडितलाई आफ्नो ब्यहोरा निर्धक्क भएर ब्यक्त गर्ने वातावरण सृजना गर्न देहाय बमोजिमको कार्यबिधि अपनाईनेछ :-

९.१ आयोगको काम कारवाहीमा सहयोग गर्ने पीडित, साक्षी वा तिनका परिवारका सदस्य तथा नातेदारलाई आयोगले आवश्यकता अनुसार सुरक्षाको व्यवस्था गर्नेछ ।

९.२ साक्षी वा पीडितको संरक्षण गर्दा आवश्यकता अनुसार निजहरुको नाम र ठेगाना दुवै परिवर्तन गर्ने व्यवस्था समेत मिलाईनेछ ।

९.३ साक्षी वा पीडितको संरक्षणका लागि आयोगले परिकल्पना गरेको संरचना अनुसार साक्षी संरक्षण शाखा खडा गरिनेछ ।

९.४ साक्षी वा पीडितसँग  आवश्यकतानुसार बन्द कारवाही (in camera) गर्न सकिनेछ । यसका लागि आयोगका पदाधिकारी, सम्बन्धित कानुन व्यवसायी र सरोकारवाला व्यक्तिहरु र आयोगले तोकेका कर्मचारी तथा अन्य ब्यक्तिहरु मात्र बन्द कारवाहीको क्रममा बस्न सक्ने व्यवस्था गरिनेछ ।

९.५ पीडित वा साक्षीले चाहेमा बकपत्र गर्दा अन्य कसैले चिन्न नसक्ने गरी पूरै शरीर वा मुहार मात्र छोप्ने व्यवस्था मिलाउन सकिने  र त्यस्ता पीडित वा साक्षीले स्वर बदल्न चाहेमा त्यसो गर्न दिन सकिनेछ ।

९.६ त्यस्तो पीडित वा साक्षीलाई पीडक वा अन्य कसैले प्रत्यक्ष देख्न नपाउने गरी श्रव्य/दृष्य सम्वादका माध्यमबाट बकपत्र लिने व्यवस्था गर्न समेत सकिनेछ ।

९.७ आयोगमा बकपत्र वा जानकारी दिन उपस्थित भएको व्यक्ति र निजको संरक्षक/सहयोगीको रुपमा आउने एक जना ब्यक्तिले आउँदा जाँदा र खान तथा बस्दा लाग्ने वास्तविक खर्च माग गरेमा आयोगले त्यस्तो व्यक्तिहरुलाई सो वापतको मनासिव खर्च उपलब्ध गराउनेछ ।

९.८ आयोगमा कागज वा बकपत्र गर्ने, कुनै सूचना, जानकारी वा प्रमाण दिने व्यक्तिले आफ्नो नाम गोप्य राख्न चाहेमा त्यस्तो व्यक्तिको नामगोप्य राखिदिने व्यवस्था गरिनेछ ।

९.९ कुनै व्यक्तिले आयोगमा कागज वा बकपत्र गरेको वा कुनै जानकारी दिएको कारणले मात्र निजका विरुद्ध कुनै पनि मुद्दा चलाइने वा कानूनी कारवाही गरिने छैन ।

९.१० सरकारी निकायमा कार्यरत कुनै कर्मचारी वा सुरक्षाकर्मीले आफू कार्यरत निकायमा रही आयोगमा कागज, बकपत्र वा जानकारी दिन सुरक्षाका कारण नसक्ने जनाएमा त्यस्तो कर्मचारीलाई ऐन बमोजिम निज सरुवा हुन सक्ने र निजलाई सहज हुने निकायमा सरुवा गर्न सम्बन्धित निकायमा लेखी पठाईनेछ ।

## १०.परिपूरण

संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण कार्यको रुपमा परिपूरणलाई लिईन्छ । संक्रमणकालीन न्यायका पूर्वाधारहरुमा सबैभन्दा जोड दिइएको विषय पनि परिपूरण नै हो । मानव अधिकार र मानवीय कानुनसँग सम्बन्धित हिंसामा परेका परिवारहरुलाई न्यायकि रुपमा सम्बोधन गर्न परिपूरणको आवश्यकता हुन्छ । परिपूरणका कार्यक्रमहरुले द्वन्द्वबाट पीडित भएका व्यक्ति र तिनका परिवारलाई केही हदसम्म भएपनि लाभ  पुग्दछ । परिपूरणको माध्यमबाट पीडितलाई राहत उपलब्ध गराईने हुँदा परिपूरण र त्यसको प्रक्रिया अत्यन्त महत्वपूर्ण हुन्छ । आयोगले परिपूरणलाई पीडित, वालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउन देहाय बमोजिमको कार्यबिधि अपनाउनेछ :-

१०.१ आयोगले पीडितलाई पीडितले पाउने राहत, क्षतिपूर्ति, सेवा तथा सुविधा र ती प्राप्त गर्ने प्रक्रिया समेत स्पष्ट उल्लेख गरिएको पीडित परिचय पत्र उपलब्ध  गराउनेछ ।

१०.२ परिपूरणका लागि सिफारिस गर्दा पीडित महिला र बालबालिका भएमा निजको भावी जीवन तथा वृत्ति विकास (career development) लाई समेत विचार गरिनेछ ।

१०.३ परिपूरण कार्यक्रमको प्राथमिकता निर्धारण गर्दा पीडितको आवश्यकता, अवस्था, ईच्छा र माग बुझी निजको प्राथमिकता अनुसारको सुविधा, सहुलियत तथा अन्य व्यवस्थाको सिफारिस गरिनेछ । यसो गर्दा सिमान्तकृत र पिछडिएका समुदायको सम्बेदनशीलतालाई समेत बिचार गरिनेछ ।

१०.४ आयोगले उपयुक्त सम्झेमा पीडितको अवस्था र प्रकृति अनुसार निजको परिवारको कुनै सदस्यलाई देहायको सुविधा वा सहुलियत उपलब्ध गराउन सिफारिश गर्नेछ :-

१०.४.१ **निःशुल्क शिक्षा**

- छात्रवृत्तिको सिफारिश गर्दा पीडितका सन्तानलाई योग्यताको आधारमा उच्च तहसम्म पढाउने खर्चको व्यवस्था गर्ने सिफारिश गरिनेछ ।
- पीडित बालवालिकाहरुलाई उपलब्ध गराईने छात्रवृतिमा एकरुपता ल्याउने व्यवस्था गर्न सिफारिश गरिनेछ ।

१०.४.२ **स्वास्थ्योपचार**

- द्वन्द्वकालका घाईते अगभंग भएकाहरुको उपचारका लागि सरकारी, सामुदायिक अस्पतालमा विशेष व्यवस्था गर्नका लागि सिफारिस गरिनेछ ।
- द्वन्द्वकालका घाईतेले उपचार गराएको कागजात पेश गरेमा यथार्थ छानविन गरी त्यस्तो उपचार खर्च उपलब्ध गराउन सिफारिश गरिनेछ ।
- द्वन्द्व पीडितका लागि धरानमा हाल स्थापित उपचार केन्द्रमा अन्य जिल्लाका पीडितहरुको समेत उपचार गराउने व्यवस्थाका लागि सिफारिस गरिनेछ ।

१०.४.३ **सीपमूलक तालिम**

- आयोगले पीडितहरुको रुचि र चाहाना अनुसार कृषि, पाकशास्त्र, सवारी चालक, सुरक्षा, सौन्दर्यकला, सिलाई बुनाई आदि सीपमूलक तालिमको लागि सिफारिश गरिनेछ ।

१०.४.४ **विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा**

आयोगको तर्फबाट परिपूरणको लागि सिफारिस गर्दा पीडितलाई उपलब्ध गराउने राहत सम्भव भएसम्म एकमुष्ठ उपलब्ध गराउने गरी सिफारिस गरिनेछ । यसका लागि पीडितले आफ्नो भावी कार्य योजनाको खाका जस्तै : पशु पालन, कुखुरा पालन, कृषि, तरकारी खेती, खुद्रा व्यापार र प्रर्यटन ब्यवसाय आदि जस्ता योजना तय गरी राहतको सदुपयोग गर्ने कार्यविधि पेश गरेमा सो कार्य योजनामा खर्च गर्ने गरी विना व्याज वा सहुलियतपूर्ण व्याजमा ऋण सुविधा उपलब्ध गराउन सिफारिस गरिनेछ ।

१०.४.५ **बसोबासको व्यवस्था**

- द्वन्द्वकालमा घर, जग्गा विहिन भएका, बिस्थापित पारिएका र सम्पत्ति कब्जा गरिएकाको यथार्थ छानविन गरी ऐन तथा नियमावलीमा उल्लेख भए बमोजिमको उपयुक्त बसोबासको लागि सिफारिश गरिनेछ ।

- आवश्यकता अनुसार पीडित महिला, बालवालिका, बृद्ध र अपाङ्गका लागि पुनःस्थापना केन्द्र र बालगृहको स्थापना गर्न सिफारीस गरिनेछ ।

- नेपाल सरकारद्धारा विभिन्न जिल्लामा स्थापित पुर्नस्थापना केन्द्र र बाल गृहमा द्वन्द्व पीडित महिला, बालवालिका, बृद्ध र अपाङ्गका लागि आरक्षणको व्यवस्था गर्न सिफारिश गरिनेछ ।

१०.४.६ **<u>रोजगारको सुविधा</u>**

- पीडितको अवस्थालाई बिचार गरी आयोगले निर्णय गरे बमोजिमको रोजगारीको लागि सिफारिश गरिनेछ ।

१०.४.७ **आयोगले उपयुक्त सम्झेको अन्य सुविधा वा सहुलियतः**

- द्वन्द्वका क्रममा एकल भएका महिलाको जीविकोपार्जनका लागि मासिक भत्ता उपलब्ध गराउन सिफारिस गरिनेछ ।

- पीडितको मृत्यु भैसकेकोमा पीडितले पाउने क्षतिपूर्ति, सुविधा वा सहुलियत निजको परिवारको नजिकको हकवालालाई उपलब्ध गराउन सिफारिश गरिनेछ ।

- अपाङ्गता भएका व्यक्तिहरुको पुनः परिक्षण गराई उनीहरुको अवस्था अनुसारको अपाङ्गता प्रतिशत निर्धारण गरेर सोही अनुरुप मासिक भत्ता उपलब्ध गराउन सिफारिश गरिनेछ । पीडित अपाङ्गका वालवालिकाको पनि उचित शैक्षिक छात्रवृत्ति छात्रवासको व्यवस्था र पीडितको निःशुल्क औषधी उपचार गराउन सिफारिस गरिनेछ ।

१०.४.८ बलात्कृत महिलाबाट जन्मेको सन्तानको बावु पत्ता नलागेको अवस्थामा निजको भरणपोषण, शिक्षा आदिका लागि आयोगले सिफारिस गर्नेछ ।

## **११.मेलमिलाप**

समाजमा दीगो शान्ति स्थापना गर्नु पनि संक्रमणकालीन न्यायको एउटा महत्वपूर्ण कार्य हो । मेलमिलापले पनि दीगो शान्तिका लागि महत्वपूर्ण भूमिका खेल्ने हुँदा मेलमिलापलाई पीडित, वालबालिका, बृद्ध, अपाङ्ग र महिला मैत्री बनाउन आयोगले देहाय बमोजिमको कार्यबिधि अपाउनेछः-

११.१ मेलमिलाप गराउँदा आयोगले पीडितलाई हुन गएको क्षति वापत मनासिव क्षतिपूर्ति पीडकद्वारा उपलब्ध गराउन लगाउनेछ ।

११.२ मेलमिलाप गराउने सम्बन्धमा आयोगले पीडक र पीडितलाई उत्प्रेरित गर्नको लागि देहाय बमोजिमको काम गर्न वा गराउन सक्नेछः-

११.२.१ सशस्त्र द्वन्द्वग्रस्त ठाउँमा पीडक, पीडित तथा निजका परिवारलाई सम्मिलित गराई मेलमिलाप समारोह आयोजना गर्ने,

११.२.२ पीडक, पीडित तथा निजका परिवारको संलग्नतामा सशस्त्र द्वन्द्वको क्रममा मरेका व्यक्तिको सम्झना स्वरुप प्रतिमा वा सार्वजनिक स्थल (जस्तैः झापामा बेपत्ता परिवारले निर्माण गरेको स्तम्भ आदि) निर्माण गर्ने वा स्तम्भ खडा गर्ने ।

११.२.३ मेलमिलाप सम्बन्धी विभिन्न लेख, रचना, निबन्ध, गीत,चित्र आदि प्रकाशन गर्न ।

११.२.४ सामाजिक तथा सामुदायिक सद्भाव बढाउन ।

११.२.५ अन्य उपयुक्त कार्यहरु गर्न जस्तैः मृतकको नाममा चौतारा, पाटी, धारा, कुवा, चापाकल, पुस्तकालय, प्रवेशद्धार, आदि निर्माण गर्न ।

## **१२.आयोगको काम कारवाही सार्वजनिक गर्ने**

आयोगले आफ्नो काम कारवाही खुला र पारदर्शी रुपमा सम्पन्न गरी सर्वसाधारणको जानकारीका लागि देहाय बमोजिम सार्वजनिक गर्नेछः-

१२.१ आयोगले परिपूरण र क्षमादानको लागि सिफारिश गरेका, मेलमिलाप गराएका, क्षमादानका लागि सिफारिश गरेका र कानूनी कारवाहीको लागि सिफारिस गरेका बिषयहरु सर्वसाधारणको जानकारीको लागि सबै प्रकारका मिडियाबाट सार्वजनिक गर्नेछ ।

१२.२ यसरी आयोगले आफ्ना काम कारवाही सार्वजनिक गर्दा ऐनको दफा १९ को उपदफा (२) बमोजिम पीडितको सुरक्षा समेतका लागि गोप्य राख्नुपर्ने विषयहरुलाई सार्वजनिक गरिने छैन ।

**१३ अभियोजनको लागि सिफारिस**

संक्रमणकालिन न्यायको एउटा अत्यन्त महत्वपूर्ण कार्य दण्डहिनताको अन्त्य गर्नु हो । द्वन्द्वकालका मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाका दोषीहरुलाई कानूनको दायरा भित्र ल्याउन आयोगले अभियोजनका लागि देहाय बमोजिम  सिफारिश गर्नेछ :-

१३.१ आयोगले बलात्कार र गम्भीर प्रकृतिका अन्य अपराधमा ऐन अनुसार पीडकलाई अभियोजनका लागि सिफरिश गर्नेछ ।

१३.२ प्रकरण १३.१ बमोजिमका अपराधमा अनुसन्धान पूरा भएर सत्य तथ्य पत्ता लागेपछि आयोगले अपराधै पिच्छै अभियोजनको लागि सिफारिश गर्नेछ ।

**१४.विविध**

आयोगले आफ्नो काम कारवाही पीडित, बालबालिका, बृद्ध, अपाङ्ग तथा महिला मैत्री बनाउन देहाय बमोजिमको कार्यबिधि समेत अपनाउनेछः-

१४.१ आयोगको काम कारवाहीका सम्बन्धमा आवश्यकतानुसार पीडितहरुसँग स्थलगत अन्तर्क्रिया कार्यक्रम गरिनेछ ।

१४.२ पीडितलाई आयोगको काम कारवाही सम्बन्धी प्रक्रिया, आयोगबाट दिइने सेवा र लाग्ने समय र सम्पर्क गर्ने व्यक्ति समेतको बारेमा जानकारी गराईनेछ ।

१४.३ पीडितलाई यथार्थ घटना प्रकट गर्न सहजिकरणको व्यवस्था मिलाईनेछ । जसका लागि हेल्प डेस्क, तालिम प्राप्त महिला र पुरुष कर्मचारी, मनोसामाजिक परामर्शदाता, कानून व्यवसायी, महिला र पुरुष प्रहरी आदिको व्यवस्था समेत गरिनेछ ।

१४.४ पीडित मैत्री, महिला, बालबालिका, बृद्ध र अपाङ्ग मैत्री व्यवहार गर्ने विषयमा कर्मचारीहरुलाई उपयुक्त तालिमको व्यवस्था गरिनेछ । यस अन्तर्गत अन्य बिषयका अतिरिक्त मनोसामाजिक परामर्श, लैङ्गिक संवेदनशीलता, अपाङ्ग ,बालबालिका, बृद्ध र महिला मैत्री व्यवहार जस्ता बिषयमा दक्षता अभिबृद्धिका लागि स्वदेशी तथा विदेशी प्रशिक्षण दिने व्यवस्था मिलाईनेछ ।

१४.५ पीडितको उजुरी निवेदनका सम्बन्धमा गरिएको कारवाहीको अध्यावधिक जानकारी SMS मार्फत् मोबाइलमा र web site:www....मार्फत पनि उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

१४.६ पीडितले आयोग समक्ष आबश्यक कागजातहरु प्राप्तिका लागि सिफारिश गरिदिनका लागि अनुरोध गरेमा आयोगले सम्बन्धित निकायमा सिफारिश गरिदिन सक्नेछ ।

१४.७ घटनाको छानविन वा अनुसन्धानमा खटाईने टोलीलाई लैङ्गिक समावेशी वनाईनेछ ।

१४.८ आयोगले आफनो प्रतिवेदनमा लैङ्गिक सम्वेदनशीलताका घटनाहरु, ती घटनाहरु घट्नुका कारणहरु र भविष्यमा त्यस्ता घटनाहरु दोहोरिन नदिन गर्नुपर्ने उपायहरु समेतको छुट्टै बिवरण समावेश गर्नेछ ।

१४.९ द्वन्द्वका कारण बालमनोविज्ञान माथि परेका असरहरुको अध्ययनको बिवरणलाई समेत आयोगको प्रतिवेदनमा समावेश गरिनेछ ।

# अनुसूचि -६

**बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ र संशोधन**

१. ऐनको प्रस्तावनाको तेस्रो अनुच्छेद  र दफा ३ मा "गम्भीर अपराध" भन्ने शब्दहरु प्रयोग भएका र दफा २६ (२) मा "गम्भीर प्रकृतिका अन्य अपराध" भन्ने शबदहरु प्रयोग भएको देखिन्छ। दफा २ (ञ) मा "मानव अधिकारको गम्भीर उल्लंघन" को परिभाषा भएको छ भने "गम्भीर अपराध" वा "गम्भीर प्रकृतिका अन्य अपराध" को ऐनमा परिभाषा भएको छैन । ऐनको समग्र व्यवस्था हेर्दा सत्य अन्वेषण मेलमिलाप, परिपूरण, क्षमादान र कानूनी कारवाही गर्नुपर्ने अवस्था रहेको र दफा १३ (५) बमोजिम यस आयोगको क्षेत्राधिकार दफा २ (ञ) ले परिभाषा गरेका मानव अधिकारको गम्भीर उल्लंघनका घटनाहरु मध्ये ८ वटामा सिमित रहेको हुँदा उक्त घटनाहरुमध्ये कुन कुन घटना वा अपराध गम्भीर अपराध वा गम्भीर प्रकृतिका अन्य अपराध हुन् सर्वोच्च अदालतको मिति २०७१।११।१४ को फैसला समेतको सन्दर्भमा परिभाषित (ऐन संशोधन) हुनुपर्ने ।

२. सर्वोच्च अदालतको फैसला अनुरुप बदर वा अमान्य घोषित भए बमोजिम दफा दफा २४, दफा २५ (३) र )४) दफा २६(५) र दफा २९ (१) र (२) मा संशोधन हुनुपर्ने ।

३. उपर्युक्त प्रकरण १ बमोजिम परिभाषा गरी सकेपछि त्यसबाट अन्य दफामा पर्ने प्रभाव र सर्वोच्च अदालतको फैसला अनुरुप बदर वा अमान्य घोषित भएका व्यवस्थाले अन्य दफामा पार्ने प्रभाव (cross reference impact) अध्ययन गरी अन्य दफाहरु खासगरी दफा २५ र २९ मा संशोधन हुनुपर्ने ।

४. ऐनको दफा २ (ञ) (५) मा सशस्त्र द्वन्द्वको क्रममा निःशस्त्र व्यक्ति वा जनसमुदाय विरुद्ध लक्षित गरी वा योजनाबद्ध रुपमा गरिएको शारीरिक वा मानसिक यातनालाई मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषा भित्र पारिएको छ । प्रचलित नेपाल कानूनले हालसम्म यातनालाई अपराधिकरण गरेको पनि छैन, सजाय तोकेको पनि छैन । यातना विरुद्धको महासन्धिको पक्ष भएको सन्दर्भमा यातनालाई अपराधिकरण गरी सजाय तोक्ने दायित्व राज्यको हुन्छ । त्यसैगरी यातनालाई अपराधिकरण र सजाय तोक्ने गरी कानून बनाउँदा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप ऐन, २०७१ (ऐन) मा उपर्युक्तानुसार परिभाषित यातनालाई पनि अपराधिकरण गरी सजाय तोक्ने व्यवस्था हुनुपर्ने हुन्छ ।

५. सत्य निरुपण तथा मेलमिलाप आयोगको स्थापना सम्बत् २०५२ साल फाल्गुण १ गतेदेखि २०६३ साल मंसिर ५ गतेसम्म राज्य पक्ष र तत्कालिन नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच भएको सशस्त्र द्वन्द्वको क्रममा भएका गम्भीर मानव अधिकार उल्लंघनका घटनाहरुको छानविन गरी आवश्यकतानुसार कानूनी कारवाईको लागि सिफारिस गर्न समेत भएको हो । ऐनको दफा २(ञ) मा विभिन्न नौ किसिमका घटनाहरुको परिभाषा गरिएको छ । प्रचलित कानूनमा ती घटनाहरु मध्ये कतिपय घटनाहरुका सम्बन्धमा कानूनी कारवाई चलाउन छोटो अवधिको हदम्याद तोकिएको अवस्था छ । सम्मानित सर्वोच्च अदालतबाट रिट नं. **०६९-WS-००५७ आदेश मिति**

**२०७०।०९।१८** मा यसै विषयको पूर्ववर्ति अध्यादेशको हदम्यादको सम्बन्धमा देहाय बमोजिम आदेश भएको देखिन्छ ।

"आयोगले सिफारिश गरेको वा मन्त्रालयको पत्रानुसार महान्यायधिवक्ताले मुद्दा चलाउनु पर्ने ठहर गरेपछि मुद्दा चलाउँदा चलाउने हदम्याद तोकिएको र हदम्याद ३५ दिन तोकिएको कारणबाट हदम्यादभित्र मुद्दा नचलाएमा न्यायमा पर्ने प्रभाव एवं सो सम्बन्धी उत्तरदायित्व समेत किटान गरेको नदेखिएको साथै त्यस्तो गम्भीर कसूरमा अल्प हदम्याद तोक्दा मानव अधिकार कानूनको उल्लंघनको घटनामा दण्डहिनताको अवस्था सिर्जना हुनसक्ने हुनाले समेत उक्त व्यवस्था संविधानको मौलिक हक एवं न्याय सम्बन्धी व्यवस्था र संविधानले अगिकार गरेको न्यायको मान्य सिद्धान्तको विपरीत देखिएकोले उपरोक्त बमोजिम संविधान र न्याय संगत हुनेगरी संशोधित र परिमार्जन गर्नुपर्ने"

त्यसैगरी हदम्यादको स्पष्ट व्यवस्था गरियो भने आयोगको सिफारिश बमोजिम पीडक उपर कानूनी कारवाई हुन्छ भन्ने कुरामा पीडितलाई विश्वस्त हुन थप सहयोग पुग्ने समेत भएकोले ऐनको दफा २९ को उपदफा (४) पछि देहायको उपदफा (५) थप्नुपर्ने:

"(५) यस ऐन अन्तर्गत आयोगको सिफारिशमा पीडक उपर मुद्दा चल्ने अवस्थामा हदम्याद लाग्ने छैन "

६. पीडितहरुलाई आयोग समक्ष पीडकका विरुद्धको आफ्ना कुरा राख्नका लागि आयोगले कानूनी कारवाईको लागि गरेको सिफारिश कार्यान्वयन हुने आवश्यक सबै व्यवस्था भएको पीडितले देखेमा पीडितलाई आश्वस्त हुन थप मद्दत पुग्छ । ऐनको दफा २९ को उपदफा (४) मा नेपाल सरकारले कानून बमोजिम गठन गरेको विशेष अदालतमा पीडक विरुद्ध मुद्धा चल्ने व्यवस्था छ । नेपाल सरकारले यस प्रयोजनका लागि विशेष अदालत हालसम्म गठन गरेको छैन । प्रस्तुत विषयसँग सम्बन्धित मुद्दाहरु चलाउन नेपाल सरकारले कानून बमोजिम विशेष अदालत गठन गर्ने हो वा हाल विद्यमान विशेष अदालतलाई नै जिम्मेवारी दिने हो स्पष्ट भएको छैन । यसर्थ यो विषय यकीन गरी ऐनको दफा २५(३) र २९ (१), (२) र (४) बमोजिमको विशेष अदालतको व्यवस्था हुनुपर्ने ।

७. ऐनको दफा २४ मा कब्जा वा जफत गरिएको सम्पत्ति सम्बन्धित व्यक्तिबाट फिर्ता गर्न नेपाल सरकारसँग सिफारिश गर्ने व्यवस्था रहेको र सर्वोच्च अदालतको फैसला (पेज ७०) मा कब्जा सम्पति सम्बन्धित हकदारलाई फिर्ता गर्न संगठन समेतलाई जवाफदेही बनाउन संशोधन हुनुपर्ने अवस्था रहेको उल्लेख भएको सन्दर्भलाई विचार गरी ऐनमा आवश्यक संशोधन प्रस्ताव हुनुपर्ने ।

८. ऐनको दफा २५ को उपदफा ४ मा मानव अधिकारको गम्भीर उल्लघनको आरोपमा सार्वजनिक पद धारण गरेको कुनै व्यक्ति दोषी देखिएमा विभागीय कारवाई गर्न सम्बन्धित अख्तियारवाला समक्ष लेखी पठाउनु पर्ने व्यवस्था छ । सर्वोच्च अदालतको फैसला (पेज ७०) अभियुक्तले विभागीय कारवाईका आधारमा फौजदारी दायित्वबाट उन्मुक्ति नपाउने व्यवस्था गर्न संशोधन हुनुपर्ने अवस्था रहेको उल्लेख भएको सन्दर्भलाई विचार गरी ऐनमा आवश्यक संशोधन प्रस्ताव हुनुपर्ने ।

# अनुसूचि -७

## आयोगले हाल सम्म भ्रमण गरेका जिल्लाहरु

| सि. नं | जिल्लाको नाम | सि. नं | |
|---|---|---|---|
| १. | डढेल्धुरा | २. | बैतडी |
| ३. | दार्चुला | ४ | कञ्चनपुर |
| ५ | कैलाली | ६ | डोटी |
| ७ | अछाम | ८ | बझाङ |
| ९ | बाजुरा | १० | बाके |
| ११ | बर्दिया | १२ | सुर्खेत |
| १३ | दैलेख | १४ | जाजरकोट |
| १५ | सल्यान | १६ | दाङ |
| १७ | रुकुम | १८ | प्युठान |
| १९ | रोल्पा | २० | कास्की |
| २१ | तनहु | २२ | लमजुङ |
| २३ | गोर्खा | २४ | स्याङजा |
| २५ | इलाम | २६ | पाँचथर |
| २७ | ताप्लेजुङ | २८ | झापा |
| २९ | मोरङ | ३० | सुनसरी |
| ३१ | अर्घाखाँची | ३२ | रुपन्देही |
| ३३ | पाल्पा | ३४ | कपिलवस्तु |
| ३५ | गुल्मी | ३६ | काभ्रे |
| ३७ | सिन्धुपलाञ्चोक | ३८ | रामेछाप |
| ३९ | सिन्धुली | ४० | दोलखा |

| | | | |
|---|---|---|---|
| ४१ | ललितपुर | ४२ | सोलुखुम्बु |
| ४३ | ओखलढुङगा | ४४ | खोटाङ |
| ४५ | उदयपुर | ४६ | मकवानपुर |
| ४७ | बाग्लुङ | ४८ | म्याग्दी |
| ४९ | पर्वत | ५० | धादिङ |
| ५१ | नुवाकोट | ५२ | रसुवा |